# पहिलो अध्याय

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **'टुँडाल'** उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति अन्तर्गत स्नाकोतर तहको दसौं पत्रको प्रयोजनार्थ गरिएको छ ।

## १.३ विषयपरिचय

समयको परिवर्तनसँगै आधुनिक नेपाली उपन्यासले पनि विभिन्न चरण र मोड पारगर्दै अगाडि बढिरहेको छ । अघि बढ्ने क्रममा उपन्यासकारहरू पनि नयाँ - नयाँ प्रयोगतर्फ अग्रसर हुँदै आएको देखिन्छ । यसै क्रममा साहित्यको विभिन्न विधामा कलम चलाउने उपन्यासकार कृष्ण धरावासी (२०१७) ले पनि लीलालेखनमा आधारित भएर उपन्यास लेखेको पाइन्छ । उपन्यासको क्षेत्रमा एक नवीन शैलीलाई अनुसरण गरी उपन्यासकारको रूपमा आफूलाई परिचित गराएका छन् । कृष्ण धरावासीले लीलालेखनको पद्धतिलाई आत्मसात गरी जीवनलाई नयाँ दृष्टिकोणबाट हेर्ने जमर्को गरेका छन् ।

उपन्यासकार कृष्ण धरावासीको हालसम्म पाँचवटा उपन्यास प्रकाशित छन्, जसमा **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३) र **टुँडाल** (२०६५) रहेका छन् । उनको **'शरणार्थी'** पहिलो उपन्यास हो । जसमा लीलालेखनको राम्रो प्रयोग भएको पाइन्छ । उनको दोस्रो उपन्यास **'आधाबाटो'** आत्मकथात्मक उपन्यास हो । उनको तेस्रो उपन्यास **'राधा'** हो । जुन उपन्यासले मदन पुरस्कार प्राप्त गरेको छ । यो उपन्यास लीलालेखनमा आधारित एक महत्वपूर्ण उपन्यास हो । यसमा राधा र कृष्णको पूर्वीय मिथकलाई उत्तर आधुनिकवादी विनिर्माण शैलीबाट पुनर्लेखन गरिएको छ । चौथो उपन्यास **'तपाईं'** हो । यसमा बहुनायकत्वको प्रयोग गर्नुका साथै दोस्रो पुरुष शैलीमा लेखिएको छ ।

यस उपन्यास भित्र निवन्ध, समालोचना, नाटक, कविता र उपन्यास जस्ता कृतिको मिश्रण पाइन्छ ।

यिनै उपन्यासहरू मध्ये पछिल्लो समयमा प्रकाशित भएको उपन्यास हो **'टुँडाल'** । **'टुँडाल'** उपन्यासमा सामाजिक, सांस्कृतिक, आध्यात्मिक र यौनमनोबिम्बलाई समावेश गरिएको छ । यस उपन्यासमा सांस्कृतिक यौन मनोविज्ञानमा आधारित कला र संस्कृतिलाई मूल विषयवस्तु बनाइएको छ । जसमा यौन बिम्बलाई खास रुपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा मल्लकालीन समयदेखिनै मन्दिर देवालयहरूका विभिन्न काठमा कुँदिएका यौनसंस्कृतिहरूलाई लीलालेखनका माध्यमबाट पुनर्लिखित गरिएको छ । खास रूपमा भन्नु पर्दा **'टुँडाल'** उपन्यासले यौनसंस्कृतिलाई प्रतिबिम्बित गरेको छ । पूर्वीय सांस्कृतिक मनोविज्ञानलाई उत्तर आधुनिकतावादी विनिर्माण शैलीबाट पुनर्लेखन गरिएको छ । यस उपन्यास पूर्वीय सांस्कृतिक मनोविज्ञानमा आधारित भई नेपाली कला र संस्कृतिमा झल्किदैं आएको यौनजबिम्बलाई समसामुयिक रूपमा उतार्ने प्रयास गरिएको पाइन्छ । त्यसैले **'टुँडाल'** उपन्यासले पूर्वीय र पाश्चात्य मूल्य र मान्यतालाई अनुसरण गरिएको छ भन्न सकिन्छ । **'टुँडाल'** उपन्यासलाई स्वस्थानी र महाभारतसँग तुलना समेत गरेर हेर्न पनि सकिन्छ । यसरी हेर्दा कृष्ण धराबासीको **'टुँडाल'** उपन्यासले सांस्कृतिक मनोविज्ञानलाई खास विषयवस्तु बनाएको हुनाले साहित्यिक यात्राको महत्वपूर्ण कोसेढुङ्गाको रूपमा लिन सकिन्छ । उत्तराआधुनिकता, विनिर्माण र लीलालेखनको समेत प्रयोग भएकोले प्रस्तुत **'टुँडाल'** उपन्यासको विश्लेषण गर्न अपेक्षित रहेको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोध निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :-

क. कृष्ण धरावासीको औपन्यासिक रचनाधर्मिता के-कस्तो छ ?

ख. कृष्ण धरावासीको साहित्यिक योगदान तथा उनको नेपाली साहित्यमा के-कस्तो स्थान रहेको छ ?

ग. औपन्यासिक तत्त्वका आधारमा **'टुँडाल'** उपन्यास के-कस्तो किसिमबाट संरचित भएको छ ?

घ. प्रवृत्तिका दृष्टिले **'टुँडाल'** कस्तो उपन्यास हो ?

ङ.	नेपाली उपन्यास परम्परामा **'टुँडाल'** को के-कस्तो स्थान छ ?

## १.५	शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्यहरु निम्नलिखित रहेको छ :-

क.	कृष्ण धरावासीको औपन्यासिक रचनाधर्मिताको मूल्याङ्कन गर्ने,

ख.	नेपाली उपन्यास परम्परामा **'टुँडाल'** के-कस्तो स्थान छ निर्धारण गर्ने,

ग.	औपन्यासिक तत्वका आधारमा **'टुँडाल'** उपन्यासको के-कस्तो किसिमबाट संरचित भएको छ,

घ.	प्रवृत्तिका दृष्टिले **'टुँडाल'** उपन्यासको विश्लेषण र समीक्षा गर्ने,

ङ.	धरावासीको साहित्यिक योगदानबारे चर्चा गर्दै नेपाली उपन्यासमा टुँडाल उपन्यासको स्थान निधार्रण गर्ने ।

## १.६	पूर्वकार्यको समीक्षा

कृष्ण धरावासीको **'टुँडाल'** उपन्यासको बारेमा खासै उल्लेखनीय विश्लेषण कार्य भएको छैन तर पत्रपत्रिका मार्फत केही लेखहरू भने प्रकाशन भएको पाइन्छ । यो उपन्यासको बारेमा व्यक्त गरिएका विचारहरूलाई र पत्रपत्रिकामा निस्केका लेखहरूलाई यहाँ कालक्रमिक रूपमा उल्लेख गरिएको छ :-

विष्णुलाल पोखेल (२०५४) ले 'साहित्यकार कृष्ण धरावासीको जीवनी, व्यक्तित्व कृतित्त्वको अध्ययन' नामक अप्रकाशित स्नातकोत्तर शोधप्रबन्धमा धरावासीले उपन्यासमा पनि कलम चलाउने हुनाले उनका ३ वटा उपन्यास अप्रकाशित अवस्थामा रहेको उल्लेख गर्दै उनले उपन्यासमा नारी चरित्रको विषयवस्तुलाई व्यक्त गरिएको बताएका छन् ।

कृष्ण धरावासी (२०६५) ले **'टुँडाल'** उपन्यासको भूमिकामा साँस्कृतिक मनोविज्ञानलाई आधार बनाई नेपाली कला र संस्कृतिमा झल्किदैं आएको यौनविम्बको रूपमा चिनाएका छन् ।

जगदीश घिमिरे (२०६६) ले **'टुँडाल'** उपन्यास विमोचनका क्रममा' खुल्ला रूपमा व्यक्त नहुने यौन उपन्यासको मुख्य विषय हो भनी बताएका छन् ।

नारायण चालिसे (२०६६) ले **'टुँडाल'** लाई जैविक आवश्यकता हुँदा हुँदै यौनलाई लुकाएर राखिएकाले विकृति आएको बताउँदै आञ्चलिक परिवेशमा आधारित यथार्थवादी **'कृति'** को संज्ञा दिएका छन् ।

रजनी ढकाल (२०६६) ले यौनका विषयमा नारी मनोविज्ञान नजिकबाट आंकलन गर्न सकेको कुरा व्यक्त गरेकी छिन् ।

नारायणी देवकोटा (२०६६) ले नारी सांस्कृतिक रुपमा स्वतन्त्र हुनु पर्छ भन्ने मान्यता सहित **'टुँडाल'** उपन्यास लेखेको बताएकी छिन् ।

यी अध्ययनमा टुँडालको प्रयाप्त अध्ययन भएको छैन ।

## १.७ अध्ययनको औचित्य

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी कृष्ण धरावासीले उपन्यास विधामा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ । सांस्कृतिक मनोविज्ञानलाई आधार बनाई नेपाली कला र संस्कृतिमा झल्किदैं आएको यौनविम्वलाई समसामयिक युगसर्न्दभमा पुनर्लेखन गरिएको छ । अन्य उपन्यासको विषयवस्तुभन्दा यस उपन्यासको विषयवस्तु फरक र भिन्न छ । पछिल्लो समयमा निस्केको उपन्यास भएकोले यसको कृतिपरक अध्ययन भएको छैन् । समग्रमा यस कृतिको अध्ययन नभएकोले प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

उपन्यासकार कृष्ण धरावासीको ५ वटा उपन्यास प्रकाशित भएपनि प्रस्तुत शोधमा उनको **'टुँडाल'** उपन्यासको मात्र विश्लेषण गरिएको छ । **'टुँडाल'** उपन्यासको विश्लेषणका क्रममा आवश्यकता अनुसार अन्य उपन्यासको पनि सामान्य चर्चा गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य गर्ने क्रममा सामग्री सङ्कलन गर्नका निम्ति पुस्तकालय पद्धति प्रयोग गरिएको छ र सङ्कलित सामग्रीहरुको व्याख्या विश्लेषण गर्ने क्रममा विश्लेषणात्मक पद्धति प्रयोग गरिएको छ । आवश्यकता अनुसार विभिन्न पद्धतिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसार अध्यायमा विभाजन गरिएको छ :-

पहिलो अध्याय : शोधपत्रको परिचय

दोस्रो अध्याय : उपन्यासको सैद्धान्तिक चर्चा

तेस्रो अध्याय : लीलालेखनको सैद्धान्तिक चर्चा

चौथो अध्याय : कृष्ण धरावासीको साहित्यिक रचनाधर्मित र औपन्यासिक यात्रा

पाँचौ अध्याय : औपन्यासिक तत्त्वका आधारमा **'टुँडाल'** उपन्यासको विश्लेषण

छैटौं अध्याय : प्रवृत्तिगत दृष्टिले **'टुँडाल'** उपन्यासको विश्लेषण

सातौं अध्याय : शोधनिष्कर्ष तथा उपसंहार

सन्दर्भसामग्रीसूची

# दोस्रो अध्याय

# उपन्यासको सौद्धान्तिक चर्चा

## २.१ उपन्यासको परिचय

साहित्यको विविध विधाहरु मध्ये उपन्यास पनि एक नवीनतम् तथा सशक्त विधा हो । **'उपन्यास'** शब्द संस्कृतबाट आएको हो । **'उप' र 'नि'** उपसर्ग 'अस्' धातुमा 'धञ् प्रत्यय (उप्+नि+अस्+घञ्) लागेर बनेको 'उपन्यास' शब्दको अर्थ नजिक राखिएको वस्तु भन्ने हुन्छ । 'जीवनजगतका यथार्थ घटनाहरुको साङगोपाङ्गो प्रस्तुति नै उपन्यास हो (सुवेदी २०६४ : १) ।'

प्राचीन कालदेखि नै संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोग भएको पाइन्छ । संस्कृत साहित्यमा उपन्यास शब्दले जुन अर्थ वहन गरेको थियो आज त्यही अर्थमा यसको प्रयोग भएको छैन । आजको उपन्यास पाश्चात्य साहित्यबाट प्रभावित भएको छ । अंग्रेजी साहित्यको नोबेलसँग उपन्यासको निकटता रहेको छ । नोबेल शब्दकै पर्यायका रूपमा उपन्यासलाई लिइन्छ ।

अंग्रेजीको नोबेल शब्द इटालेली भाषाको नोविले (Novelle) बाट आएको हो । इटालेली नोविले शब्द ल्याटिन भाषाको नोवलस (Novallous) बाट आएको हो । यसरी विकसित भएको 'नोबेल' शब्द विस्तारै बङ्गाली, फारसी, हिन्दी हुँदै नेपालीको एउटा छुट्टै गद्यविधाको रुपमा स्थापित भएको छ । "नेपाली उपन्यास विधा अंग्रेजी भाषाबाट सोझै नआई भारतीय साहित्य हुँदै नेपालीमा आगमन भएको पाइन्छ (बस्नेत २०५९ : ३) ।"

उपन्यासको परिभाषा दिने क्रममा पूर्वीय र पाश्चात्य विद्वान्हरुले आ-आफ्नो मतहरु अघि सारेका छन् । उपन्यासको बारेमा जे-जति परिभाषा दिए पनि प्रमुख महत्वपूर्ण र अहिले- सम्म प्रचलित सर्वमान्य परिभाषा पाश्चात्य विद्वान्हरुको रहेको देखिन्छ । क्रोचेको अनुसार- "उपन्यासको अभिप्राय त्यस गद्यमय गल्पकथासँग छ, जसमा वास्तविक जीवनको यथार्थ चित्रण रहन्छ ।" (पौडयाल, २०५९ : १८६) वेनस्टर भन्छन्- "उपन्यास कल्पित, विशालकाय तथा गद्यमय आख्यान हो जसमा एकै कथानक अन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्र तथा तिनका क्रियाकलापको चित्रण गरिन्छ ।" (पौडयाल, २०५९ : १८७) भारतीय उपन्यासकारका प्रेमचन्दका विचारमा - "म उपन्यासलाई मानवजीवनको

चित्र मान्छ, मानव चरित्र माथि प्रकाश पार्नु जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो ।'' (सुवेदी २०६४ : ११) यी माथिका विभिन्न विद्वान्हरुले दिएका विभिन्न परिभाषाहरुको निचोड स्वरुप उपन्यासलाई निम्नानुसार परिभाषित गर्न सकिन्छ :-

१. उपन्यास गद्यमय आख्यान हो ।

२. यसले समाजको वास्तविक चित्रण गर्दछ ।

३. यसको आयाम निश्चित हुन्छ ।

४. उपन्यासको वस्तुविन्यास श्रृङ्खलित र स्वयम् पूर्ण हुन्छ ।

५. मानव चरित्र माथि प्रकाश पार्छ ।

उपन्यासको परिभाषा दिने क्रममा नेपाली समीक्षक कृष्णचन्द्र सिंह प्रधानका अनुसार 'उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।' (नेत्र एटम, २०५९ : ७) त्यस्तै अर्का समीक्षक राजेन्द्र सुवेदीका अनुसार- 'पूर्वापर तारतम्यमा सु-सम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।' (बस्नेत, २०५९ :१६) इन्द्रबहादुर राईका अनुसार- 'जीवनको यथार्थलाई भाषामा उतार्ने विधा हो । जीवनको प्रतिबिम्बन गर्न सक्ने आख्यानात्मक रचना उपन्यास हो र साँचो एवं सफल उपन्यास जीवनको मार्गदर्शक बन्न सक्छ ।' (सुवेदी, २०६४ : १२)

निष्कर्षमा, उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ :

१. उपन्यास निश्चित आयाम भएको गद्यआख्यान हो ।

२. यसले युगबोधको सजीव चित्र प्रस्तुत गर्दछ ।

३. यसले मानव जीवनको यथार्थ र साङ्गोपाङ्गो चित्रण गर्दछ ।

४. यो समाख्यानात्मक विधि अपनाएर लेखिने साहित्यिक विधा हो ।

५. यसको वस्तुविन्यास व्यवस्थित, श्रृङ्खलित संगठित एवं पूर्ण हुन्छ ।

यथार्थ जीवनको सम्पूर्ण चित्र प्रस्तुत गर्ने निश्चित आयाम भएको गद्यमय आख्यानलाई उपन्यास भनिन्छ ।

## २.२ उपन्यासका तत्त्वहरू (उपन्यास साहित्यिक विधाको रूपमा)

उपन्यासमा अनेकौ स्वरूप र विषयगत विभिन्नता रहेपनि, विद्वान्हरुले दिएको परिभाषामा एकमत नदेखिए पनि उपन्यास बन्नका लागि विभिन्न तत्त्वको समायोजन हुनु जरूरी हुन्छ । उपन्यासको तत्त्वको बारेमा पनि सबै विद्वान्हरुको एकमत पाइँदैंन । वर्तमान अवस्थामा स्वीकार गरिएका उपन्यासका तत्त्वहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

### २.२.१ कथावस्तु / कथानक

कथानक कथावस्तुको आधार वस्तु हो । कथानक व्यक्ति तथा समाजमा घटेका घटनाहरुको उपन्यासमा योजनवद्ध तथा सङ्गठित रूपान्तरण हो । "घटनाहरुलाई एक-अर्कोसित उनेर सम्बन्ध जोड्ने र सुसंगठितता प्रदान गर्ने काम कथानकले गर्दछ ।" (प्रधान, २०६१ : ७) श्रृङ्खलाबद्ध रुपमा उपन्यासका घटनालाई एकपछि अर्को गरी माला झैं उनेर लैजाने कार्य कथानकले गर्दछ । कथानकले उपन्यासको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । "कथानक बन्नका लागि घटना, वस्तु र क्रियाकलापको आवश्यकता पर्दछ । परिवेश र चरित्रको विन्यास हुनुपर्छ । कथा भित्र यी सबै तत्त्वहरू क्रम सम्वद्ध छन् भन्ने कुरा देखाउने तत्त्वका नाममा संयोजन भएर बस्ने गुण नै कथानक हो ।" (सुवेदी, २०६४ : १८ : १९)

### २.२.२ पात्र / चरित्रचित्रण

उपन्यासको कथानक पछिको अर्को महत्त्वपूर्ण तत्त्व हो चरित्र चित्रण । चरित्रले कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्ग निर्देशन प्रदान गर्नुका साथै जीवन्तता प्रदान गर्दछ । (प्रधान, २०६४ : ८) मानवजीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो । 'सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने काम गर्दछ । इतिहास, समाज, प्रान्त र देशान्तर, प्रवृत्ति, जाति, पुस्ता र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् ।' (सुवेदी, २०६४ : २३) अहिलेको वर्तमान अवस्थामा कथावस्तुको भन्दा चरित्रचित्रणको स्थान महत्वपूर्ण हुँदै गएको देखिन्छ । चरित्रचित्रण गर्दा पात्रको आन्तरिक र बाह्य दुवै पक्षको सूक्ष्म अध्ययन, विश्लेषण र उद्घाटन गर्नु पर्दछ । (१) भूमिका वा कार्यका आधारमा यसलाई दुई भागमा विभाजन गर्न सकिन्छ । (बराल, एटम् २०५८ : ३२)

**१. प्रमुख चरित्र**

**२. गौण चरित्र**

प्रमुख चरित्र मूलकथासँग सम्बन्धित हुन्छ भने यसमा नायक, नायिका खलनायक र केन्द्रीय भूमिका भएका पात्र पर्दछन् । प्रमुख चरित्रलाई सहयोग गर्न बीचबीचमा आउने अन्य पात्रलाई गौण चरित्र भनिन्छ ।

**२. प्रवृत्तिका आधारमा**

प्रवृत्तिका आधारमा चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :-

**क. अनुकूल चरित्र**

**ख. प्रतिकूल चरित्र**

उपन्यासमा पात्रहरूरुले सकारात्मक भूमिका निर्वाह गर्छन् भने ती अनुकूल चरित्र वा सत् चरित्र हुन्छन् । उपन्यासमा पात्रहरुले नकरात्मक भूमिका निर्वाह गर्छन् भने ती प्रतिकूल चरित्र अन्तर्गत पर्दछन् । 'अनुकूल चरित्रले पाठक वर्गको सहानुभूति प्राप्त गर्दछन् भने प्रतिकूल चरित्रले पाठकको घृणा प्राप्त गर्दछन् ।' (बराल, एटम् २०५८ : ३२)

**३. गतिशीलताका आधारमा**

गतिशीलताको आधारमा पनि पात्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ :-

**क. गतिशील चरित्र**

**ख. स्थिर चरित्र**

उपन्यासमा महत्वपूर्ण भूमिका निर्वाह गरी कथावस्तुलाई गतिशीलतामा ल्याउने काम गतिशील चरित्रले गर्दछ भने उपन्यासमा कुनै पनि किसिमको प्रतिक्रिया नदिई निस्क्रिय भएर बस्छ भने त्यस्तो चरित्र स्थिर चरित्र हुन्छ ।

४. प्रतिनिधित्वका आधारमा

प्रतिनिधित्वका आधारमा पनि चरित्रलाई दुईभागमा बाँड्न सकिन्छ :-

क. व्यक्तिगत चरित्र

ख. वर्गगत चरित्र

उपन्यासमा व्यक्तिले वैयक्तिक भावना, विचार प्रस्तुत गर्दछन् भने त्यस्तो चरित्रलाई व्यक्तिगत चरित्र भनिन्छ भने समाज, सामुहिक भावना वा एउटा वर्गको प्रतिनिधित्व गर्दछ भने त्यस्तो चरित्रलाई वर्गगत चरित्र अन्तर्गत राखिन्छ ।

**५. आसन्नताका आधारमा**

आसन्नताका आधारमा पनि चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :-

**क. मञ्चीय चरित्र**

**ख. नेपथ्य चरित्र**

उपन्यासमा प्रत्यक्ष रुपमा उपस्थित भई विभिन्न संवादहरू प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने उपन्यासमा आफै उपस्थित नभई अन्य पात्रको माध्यमबाट प्रस्तुत गरिन्छ भने त्यो चरित्र नेपथ्य हुन्छ । (बराल, एटम् २०५८ : ३३)

**६. आबद्धताका आधारमा :-**

आबद्धताका आधारमा पनि चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ :-

**क. बद्ध**

**ख. मुक्त**

यदि उपन्यासमा प्रयोग गरिएका पात्रलाई झिक्दा कथानकको संरचना बिग्रन्छ वा उपन्यासबाट झिकेर टाढा राख्दा कथानकमा असर पर्छ त्यस्ता पात्रलाई बद्ध पात्र भनिन्छ र उपन्यासमा प्रयोग भएका पात्रलाई अलग राख्दा पनि कथानकको संरचना भत्किदैंन भने त्यस्ता पात्रलाई मुक्त चरित्र भनिन्छ । (बराल, एटम् २०५८ : ३३)

### २.२.३ परिवेश (देश, काल, वातावरण)

उपन्यासको अर्को तत्त्वको रूपमा परिवेश रहेको हुन्छ । उपन्यासमा पात्रहरूले क्रियाकलाप गर्ने वा घटना घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । परिवेश भित्र देश, काल र वातावरण पर्दछन् । उपन्यासलाई प्रभावशाली बनाउनका लागि परिवेशको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । पात्रको कार्यव्यापरको निर्माणमा परिवेशको गहन जिम्मेवारी रहन्छ । 'उपन्यासमा हुने कार्यव्यापारले पाठकलाई छोड्ने प्रभाव नै वातावरण हो ।' (सुवेदी, २०६४ : २५) 'उपन्यासको कथानक अगाडि जाँदा पाठकमा

उत्पन्न हुने दु:ख, सुख, घृणा क्रोध आदि भावको उद्‌बोधन र तिनको परितृप्ति नै वातावरण हो ।' (बराल, एटम् २०५८ : ३८) 'वर्णित वस्तु वा चरित्र देश-कालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ ।' (प्रधान, २०६४ : १०) उपन्यासमा देश, कालको प्रधान्यता रहनाले उपन्यास आञ्चलिकता तर्फ उन्मुख हुने गर्दछ । प्राय : उपन्यासकारले देश, कालको प्रस्तुतिका लागि चित्रात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

## २.२.४ संवाद वा कथोपकथन

उपन्यासमा कथावस्तुको विकास, चरित्रको मनोवृत्तिको उद्‌घाटन गर्न संवादको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । संवादबाट नै पात्रका आन्तरिक तथा बाह्य दुवै जगत्‌का जटिलताहरु, कुष्ठा र वितृष्णा, आकर्षण र विकर्षण थाहा पाउन सकिन्छ । 'संवादकै माध्यमबाट पात्र अनुकूलका संवाद र अन्तर्मुखी मूल्यहरू पनि व्यक्त हुदैं जान्छ ।' (सुवेदी २०६४ : २३) उपन्यासमा संवाद गौण तत्त्व भए पनि उपन्यासलाई रोचक बनाउनका लागि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा संवादले कौतुहलता थप्ने काम गर्छ । 'संवादको गुण नै स्पष्टता, पूर्णता, संक्षिप्तता र रसयुक्त हो । यी गुण विनाको संवादले लेखकको दरिद्रता प्रकट गर्दछ ।' (न्यौपाने, २०५९ :२०४) उपन्यासमा प्रयोग गरिने संवाद रोमाञ्चक र कौतुहल थप्ने खालको हुनु पर्दछ ।

## २.२.५ भाषाशैली

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो । भाषाले उपन्यासका सबै तत्वलाई सङ्गठित गर्दछ । शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी भाव हो । रचनाकारको अभिव्यक्तिलाई शैली भनिन्छ । शैली भाषा प्रयोगको मौलिक तरिका भएकोले भाषा र शैली एकै तत्त्व हो । शैली उपन्यासको व्यक्तित्त्व हो । शैलीबाट नै पाठक वर्गले मौलिक भिन्नता वा विशिष्टताको अनुभव गर्दछन् । भाषा कथा, समय र पात्रअनुकूल प्रयोग गरिन्छ । (प्रधान २०६४ : ९) शैली उपन्यासको सूक्ष्म तत्त्व हो  भने भाषा यसको स्थूल तत्त्व हो । (बस्नेत, २०५९ : २७) भाषालाई आलाङ्कारिक र काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो । उपन्यास गद्य विधा भएकोले यसमा प्रयोग गरिएका भाषा प्राय : सरल हुन्छ । भाषाशैली अन्तर्गत शब्द विन्यास, वाक्यरचना र त्यस सम्बन्धी तत्त्वहरू पर्दछन् । उपन्यासमा भाषा पात्र अनुकूलको प्रयोग गरिनु पर्छ । ''एउटै भावका लागि अनेक

शब्दहरुको प्रयोग अर्थात् केवल शब्दाडम्बरले मात्र उपन्यासको भाषाशैली सुन्दर हुन सक्दैन । त्यहाँ त यस्ता शब्द हुनुपर्छ, जसलाई कुनै पनि अवस्थामा हटाउन नसकियोस् जहाँ विचारको गम्भीरता, भावको रोचकता अर्थको स्पष्टता र सुगमता हुनुपर्दछ (न्यौपाने, २०४९ : २१९) ।'' त्यसैले उपन्यासमा प्रयोग गरिएका भाषाशैलीहरु सरल, सहज र सजिलैसँग बुझ्न सकिने खालको हुनु पर्दछ ।

## २.२.६ दृष्टिविन्दु

उपन्यासमा कथावाचनको स्थान नै दृष्टिविन्दु हो । उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयम् आख्यान प्रस्तुत गर्दछ । 'उपन्यासमा उपन्यासकारले कथावाचनका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिविन्दु हो (बराल, एटम् २०५८ : ३९) ।'
'उपन्यासमा उपन्यासकारले आफूले अनुभव गरेको, समेटेको वा कुनै अर्को पात्र भोक्ता वा सहभागी भएर विभिन्न पीडा र चाप भोगिरहेको हुन्छ (सुवेदी, २०६४ : ५७) ।' उपन्यासमा कुन पात्रलाई मुख्य केन्द्रमा राखेर कथा भनिएको छ, त्यस पात्रको कथासँग कस्तो सम्बन्ध छ भन्ने कुरामा दृष्टिविन्दु पात्रलाई छुट्याइन्छ । 'दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो, जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणा व्यक्त गर्दछ । यसैबाट कथाकारले कसरी घटना एवं चरित्रको वर्णन र उपस्थापना गर्दछ भन्ने कुराको निर्धारण हुन्छ (बराल र एटम् २०५८ : ५९) ।' यस आधारमा दृष्टिविन्दुलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

### क. आन्तरिक दृष्टिविन्दु

आफैं 'म' पात्रको रूपमा उपस्थित भएर कथा प्रस्तुत गर्दछ भने त्यो आन्तरिक दृष्टिविन्दु हुन्छ । आन्तरिक दृष्टिविन्दुलाई पनि केन्द्रीय वा प्रथमपुरुष दृष्टिविन्दुको रुपमा पनि चिन्न सकिन्छ । आन्तरिक दृष्टिविन्दुलाई पनि केन्द्रीय र परिधीय गरी दुई भागमा विभाजन गरिएको छ । समाख्याता स्वयम् 'म' पात्रको रुपमा अभिएर कथालाई अगाडि बढाउँछ भने त्यो केन्द्रीय दृष्टिविन्दु हुन्छ । उपन्यासको कथयिता केन्द्रमा नराखी अन्य कुनै पात्रलाई केन्द्रीय पात्र बनाई आफू परिधीमा रही समाख्यता भएको छ भने त्यो परिधीय दृष्टिविन्दुमा आधारित कथा हो (सुवेदी २०६४ : २८) ।

### ख. बाह्य दृष्टिविन्दु

बाह्य दृष्टिविन्दुलाई तृतीयपुरुष दृष्टिविन्दु पनि भनिन्छ । उपन्यासकार वा कथाकार घटनास्थल भन्दा बाहिर रहेर पनि अरूको बारेमा टिका टिप्पणी गर्दछ भने त्यो बाह्य दृष्टिविन्दु हुन्छ । बाह्य दृष्टिविन्दु पनि सर्वज्ञ र सीमित गरी दुई प्रकारको हुन्छ ।

## २.२.७ उद्देश्य

कुनै पनि साहित्यको सिर्जना उद्देश्य विना गर्न सकिदैन । साहित्य सिर्जना गर्नका पछाडि एउटा न एउटा उद्देश्य रहन्छ । उपन्यासमा खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनका विविध पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरूको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूका माध्यमबाट जीवनजगत् प्रतिको कुनै विशिष्ट दृष्टिकोणलाई प्रकट गरिएको हुन्छ । यसरी हेदी 'उपन्यासमा चित्रित जीवनजगत्को दर्शन नै उपन्यास लेखनको उद्देश्य हो (प्रधान, २०६४ : ११) ।' 'उपन्यासमा कुनै पनि विचारको अभिव्यक्ति दिनु वा कुनै कुरा भन्ने उद्देश्य राख्नु स्वभाविकै कुरो हो तर उद्देश्यका विचारको प्रतिपादन गराउने पूर्व योजना राख्नाले उपन्यास स्थूल र सूक्ष्म बन्न सक्छ (पौडेल, २०५९ : १९५) ।'

निष्कर्षमा एउटा खास जीवनदर्शमा आधारित रही पुनः सिर्जना गरिएको वृहत आख्यानका माध्यमबाट पाठकलाई खास संज्ञा प्रदान गर्नुका साथै उसको सौन्दर्य रूचि वा विरेचन गर्नु उपन्यास लेखनको उद्देश्य हुन आउँछ ।

## २.३ आधुनिक नेपाली उपन्यास प्रवृत्ति र प्रयोग

आधुनिक भन्नाले नयाँ भन्ने बुझिन्छ । उपन्यास पनि साहित्यको कान्छो विधा हो । यसले विधागत मौलिकता र नवीन मूल्य मान्यतालाई स्वीकार गरेर अगाडि बढेको छ । त्यसैले गर्दा उपन्यासले आधुनिकता प्राप्त गरिसकेको छ । आधुनिक नेपाली उपन्यासको प्रर्वतन रुद्रराज पाण्डेको **'रूपमती'** (१९९१) बाट भएको नेपाली साहित्यका समालोचकहरुले स्वीकारेका छन् । **'रूपमती'** उपन्यासले परम्परागत यथार्थहीन जीवन मूल्यलाई अस्वीकार गरी मौलिकता, यथार्थवादी विषयवस्तु र नवीन मान्यतालाई अनुसरण गरेको छ । त्यसैले यस उपन्यासलाई आधुनिक नेपाली उपन्यासको सूत्रपातका रूपमा लिइन्छ । 'यस कारण

नेपालको पृष्ठभूमिमा लेखिएको पूर्ण र सु-सङ्गठित मौलिक सामाजिक उपन्यासको इतिहास केलाउदा १९९१ साललाई विन्दु मानेर अगाडि बढ्नु पर्छ र औपन्यासिक तत्त्व सीप र परवर्ती स्वरूपलाई दिशा निर्देश गर्ने पहिलो पाइलोको रूपमा रूपमती नै अग्रणी छ ।' (प्रधान, २०६४ : ५५)

यसरी वि.स. १९९१ सालमा रुद्रराज पाण्डेले **'रूपमती'** उपन्यास लेखेबाट आधुनिक नेपाली उपन्यासको प्रार्दुभाव भएको हो । क्रमिक रूपमा विकसित हुँदै आएको आधुनिक नेपाली उपन्यासमा क्रमशः विभिन्न प्रवृत्ति र प्रयोगहरु विस्तारित हुँदै आएको छ । आधुनिक नेपाली उपन्यासको क्षेत्रमा देखिएका महत्त्वपूर्ण धारा र तिनका प्रवृत्तिलाई निम्नानुसार देखाउन सकिन्छ :-

### २.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

समाजको यथार्थ चित्रण गरी उपन्यासलाई आर्दशमा लगेर टुंग्याइन्छ भने त्यो उपन्यास आदर्शोन्मुख यथार्थवादी हुन्छ । समाजमा घटेका यथार्थ घटनाको साथै आर्दशलाई पनि सँगसँगै लगेर उपन्यास समापन गरिन्छ भने त्यसलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ । आदर्शोन्मुख यथार्थवादी धारामा आर्दशवादी जीवनदृष्टि, यथार्थवादी वस्तु र शिल्पको प्रयोग गरिन्छ । आधुनिक नेपाली उपन्यासको प्रारम्भ नै यही धाराबाट भएको हो । आदर्शोन्मुख यथार्थवादको सुरूवात उपन्यासकार रुद्रराज पाण्डेको **'रूपमति'** (१९९१) बाट भएको हो । यही उपन्यासले नेपाली उपन्यासमा आधुनिकता भित्र्याएको हो । यस धाराका अन्य उपन्यासकार र उपन्यासहरूमा विष्णुचरण श्रेष्ठको **'सुमती'** (१९९१), काशीबहादुर श्रेष्ठको **'उषा'** (१९९५), पदमराज मिश्रको **'रजबन्धकी'** (१९९२), मोहनबहादुर मल्लको **'समयको हुरी'** (२०१५, भारती खरेलको **'गङ्गाजमुना'** (२०४६) उल्लेखनीय रहेका छन् ।

### २.३.२ स्वच्छन्दतावादी धारा

वैयक्तिक पक्षको चित्रण गर्ने, भाव पक्षलाई बढी जोड दिने प्रवृत्ति स्वच्छन्दतावादमा हुन्छ । कुनै पनि बन्धनमा नबाँधिई स्वतः स्फूर्त शैलीमा लेख्नु स्वच्छन्दतावाद हो । "आजको तनाव र अभावको, युद्ध र रोगको, दौडधूप र तेरो मेरोको सङ्कीर्णतामा जुटेको मूल्यलाई पनि लत्याएर पुरातन आर्ष प्रवृत्तिको स्वच्छन्द जीवन भोगमा प्रवृत्त हुने धारणा स्वच्छन्दतावादको

लक्षण हो (सुवेदी, २०६४ : ८३)।'' 'बन्धनलाई जाँचेर स्वतन्त्र स्वच्छन्द जीवनको वकालत गर्नु तथा त्यसमा उन्मुक्त प्रेमको स्वरूप प्राप्त गर्नु स्वच्छन्दतावादको मूल लक्षण हुन् (वराल, एटम् २०५९ : १०१) ।' स्वच्छन्दतावादले बाह्य पक्षलाई भन्दा आन्तरिक पक्षलाई बढी जोड दिन्छ। रुढिवादी परम्परालाई भत्काउनु यसको विशेषता हो। रूपनारायण सिंहको **'भ्रमर'** (१९९३) उपन्यासबाट आधुनिक नेपाली उपन्यासको क्षेत्रमा स्वच्छन्दतावादी धाराको सुरुवात भएको हो । यसै धाराका उपन्यासकार र उपन्यासहरूमा मोहनबहादुर मल्लको **'उजेली छाया'** (२००८), अच्छा राई **'रसिक'** को **'लगन'** (२०११), शिवकुमार राईको **'डाक वङ्गला'** (२०१३), हिरण्य भोजपुरेको **'छिटेन'** (२०५८), हेमराज आचार्यको **'निर्दोष कैदी'** (२०५४) रहेका छन् ।

### २.३.३ सामाजिक यथार्थवादी धारा

सामाजिक यथार्थवादी उपन्यासले समाजका यथार्थ विषयवस्तुलाई समेटेर यथार्थ घटना र परिस्थितिको चित्रण गर्दछ । मानिसको भोगाइको यथार्थ प्रस्तुति जीवनजगत्को वास्तविकतालाई जस्ताको त्यस्तै प्रस्तुत गर्नु यस धाराको विशेषता हो। लैनसिंह बाङ्गदेलले **'मुलुक बाहिर'** (२००४) उपन्यास लेखेबाट आधुनिक नेपाली उपन्यासमा सामाजिक यथार्थवादी धारा सुरु हुन्छ । यस धारामा कलम चलाउने अन्य उपन्यासकारहरुमा लीलबहादुर क्षेत्रीको **'बसाइँ'** (२०१४), दौलतविक्रम विष्टको **'मञ्जरी'** (२०१६), शङ्कर कोइरालाको **'खैरिनी घाट'** (२०१८), केशवराज पिंडालीको **'बाँच्ने एउटा जिन्दगी'** (२०४३), डोरबहादुर विष्टको **'सोताला'** (२०३२) भागीरथी श्रेष्ठको **'मालती'** (२०३४), सुस्मिता नेपालको **'मेरो छातीका कोलाजहरू'** (२०५५) उल्लेखनीय छन् ।

### २.३.४ ऐतिहासिक यथार्थवादी धारा

ऐतिहासिक यथार्थवादी धारामा इतिहासमा घटेका यथार्थजन्य घटनामा काल्पनिकता भरेर प्रस्तुत गरिएका हुन्छन् । ऐतिहासिक उपन्यासमा इतिहास-इतिहासमा वर्णित महत्वपूर्ण घटना, चरित्र, ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई ऐतिहासिक यथार्थवादी धारा अन्तर्गत राख्न सकिन्छ । 'उपन्यास इतिहास मात्र भएर बाँच्न सक्दैन, त्यस्तै इतिहास पनि उपन्यास भइकन लेखिदैन, साधिदैन (प्रधान, २०६४ : १२७) ।' ऐतिहासिक उपन्यासमा ऐतिहासिक घटना मात्र नभई त्यस मार्फत तत्कालिन धारणा, संस्कृति र युग समेत प्रस्तुत हुन्छ । वि.स. (२००६) सालमा डाइमनशमशेर राणाद्वारा लिखित **'वसन्ती'** उपन्यासले

आधुनिक नेपाली उपन्यासको फाँटमा ऐतिहासिक यथार्थवादी धाराको सुरूवात गर्दछ । अन्य उपन्यासकारहरूमा डाइमनशमशेरकै **‘सेतो बाघ’** (२०३०), केशवराज पिंडालीको **‘ऐकादेशकी महारानी’** (२०२६) खगेन्द्र के.सी. को **‘खानदान’** (२०३५), सुन्दरप्रसाद शाहको **‘प्रतिवाद’** (२०४०), श्रकिृष्ण श्रेष्ठको **‘जङ्गबहादुर’** (२०५१), दौलतविक्रम विष्टको **‘फाँसीको फन्दामा’** (२०५१) आदि उल्लेखनीय रहेका छन् ।

## २.३.५ आलोचनात्मक यथार्थवादी धारा

समाजमा देखिएका कुरीति, शोषण, दमन र अन्य विसङ्गति तत्त्वलाई औल्याएर तिनको विरोध गर्न तथा तिनलाई सुर्धानु पर्ने आकांक्षा राख्दछ आलोचनात्मक यथार्थवादी धाराले । ‘उँभो लाग्न नदिएर गतिरूद्ध गर्ने समाजका अहितकर कार्यहरु, दूषित तत्त्वहरू, अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने प्रवृत्ति विशेषलाई आलोचनात्मक यथार्थवादको संज्ञा दिइन्छ (प्रधान, २०६४ : १५०) ।’ यसले साहित्यलाई कलाको आधारमा नभई उपयोगिताको आधारमा मूल्याङ्कन गर्दछ । आधुनिक नेपाली उपन्यासमा यस धाराको सुरूवात गर्ने उपन्यासकार हृदयचन्द्र सिंह प्रधान हुन् । उनको **‘स्वास्नी मान्छे’** (२०११) बाट यस धाराको प्रारम्भ हुन्छ । यस धारामा कलम चलाउने उपन्यासकारहरूमा खड्गबहादुर सिंहको **‘विद्रोह’** (२०११), दौलतविक्रम विष्टको **‘भोक र भित्ताहरू** (२०३८)’ र **‘ज्योति ज्योति महाज्योति’** (२०५४), नारायण ढकालको **‘पीतसंवाद’** (२०५५), खगेन्द्र सङग्रौलाको **‘जुनकिरीको सङ्गीत’** (२०५६) रहेका छन् ।

## २.३.६ मनोविश्लेषणवादी धारा

मानवीय मनका चाहना, कुण्ठा, तृष्णा र समाजका आदर्शहरूका साथै मानिसका अन्तर्मनका इच्छाहरु बीचको अन्तर्द्वन्द्व मनोविश्लेषणवादी उपन्यासहरूमा हुन्छ । ‘मनोविश्लेषकहरुले फेन्टेसी (स्वैरकल्पना) लाई ठूलो महत्त्व दिएका छन् । फेन्टेसीलाई कल्पनाको एउटा रुप मान्न सकिन्छ ।’ (रेग्मी, २०५० : १३) मनोविश्लेषणवादी उपन्यासमा आख्यानको झिनो प्रस्तुति हुन्छ भने चरित्रचित्रणमा बढी जोड दिएको हुन्छ । ‘मान्छे स्वतन्त्र चिन्तन, उन्मुक्त मनोभावना र तृष्णा वितृष्णाका सारा पक्षहरु परिपूर्णको अभावमा पर्नु परेपछि दमित हुँदै र मनको पिंधमा थिग्रदैं तथा अचेतनको तहमा पुगेर गुम्सिदैं जाने गर्छन् । यिनै पक्षहरुको समष्टि प्रस्तुति साहित्यका विविध विधामा गरिने कलाको पहिचानमा मनोवैज्ञानिक धारा तयार हुन्छ (प्रधान, २०६४ : २४७) ।’ आधुनिक नेपाली उपन्यासको

मनोविश्लेषणवादी धाराको उपन्यास गोविन्दबहादुर मल्ल 'गोठाले' को **'पल्लो घरको झ्याल'** (२०१६) हो । यस धाराका अन्य उपन्यासहरूमा विजय मल्लको **'अनुराधा'** (२०१८), **'कुमारी शोभा'** (२०३९), भवानी भिक्षुको **'सुभद्रा बज्यै'** (२०२४), विश्वेश्वरप्रसाद कोइरालाको **'तीनघुम्ती'** (२०२५), ताराणीप्रसाद कोइरालाको **'सर्पदंश'** (२०२६) रहेका छन् ।

### २.३.७ विसङ्गतिवादी अस्तित्त्ववादी धारा

विसङ्गतिवादी र अस्तित्त्ववादी धारा दुई फरक अस्तित्त्वका जस्ता देखिएपनि दुवै एक अर्काका पूरक हुन् । विसङ्गतिवादी दर्शनले जीवनजगत्लाई निःसार, शून्य, आर्दशहीन, नैतिकता र मूल्यहरूको अवसानको रूपमा हेर्दै मानिसलाई विसङ्गत प्राणीको रूपमा स्थापित गर्दछ । 'अस्तित्त्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रम मुक्त भएको एउटा शून्यको विन्दुबाट आफूलाई खोज्ने र आफ्नो प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्ति भित्र जगाउन खोज्छ (पाण्डेय, २०६२ : ६३) ।' 'मानवजीवनमा एकअर्का व्यक्ति र वस्तुको कुनै न कुनै तादाम्य हुनु, एक्लै व्यक्तिका जीवनगतिका विसङ्गत क्रियामा कतै न कतै तारतम्य मिल्न पुग्नु, मृत्यु, भय, विवशता, प्रशन्नता, निस्सारता जस्ता वैषमिक स्थितिको पनि नजानिदो श्रृङ्खलाको तन्तु सङ्ग्रहित हुनु, वस्तुगत रुपमा ठम्याउनै र पुष्टि गर्नै नसकिने खालका सङ्ग्रन्थनबाट जीवन तयार हुनु अस्तित्त्वको अस्मिता हो । यही अस्तित्त्व भित्रको व्यष्टीकरणहरूको सङ्घाट विसङ्गतिवाद हो । व्यष्टीहरूको एकत्रित अवस्थामा अर्थ्याइने व्यावस्थिति चाँहि अस्तित्त्व हो (सुवेदी, २०६४ : २९६) ।' यसले मानवीय जीवनको समस्या खुट्याउने काम गर्छ । इन्द्रबहादुर राईको **'आज रमिता छ ।'** (२०२१) उपन्यासबाट विसङ्गतिवादी धाराको सुरूवात हुन्छ भने पारिजातको **'शिरीषको फूल'** (२०२२) बाट अस्तित्ववादी धाराको प्रारम्भ हुन्छ । यस धारामा कलम चलाउने अन्य उपन्यासकारहरुमा ध्रुवचन्द्र गौतमको **'उपसंहार तथा चौथो अन्त्य'** (२०४८), दौलतविक्रम विष्टको **'चपाइएका अनुहारहरू'** (२०३०), सरूभक्तको **'पागलबस्ती'** (२०४८) **'तरूनी खेती'** (२०५३) उल्लेखनीय रहेका छन् ।

### २.३.८ प्रगतिवादी धारा

सामाजिक विकृतिका सिकार भएका शोषित पीडित जनताका पक्षमा उभिने र मुक्तिका लागि लड्ने साहस दिएको छ प्रगतिवादी धाराले । प्रगतिवादी साहित्यले मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई मुख्य आधार मान्दछ । आर्थिक पक्षलाई बढी जोड दिदैं यसबाट

उत्पन्न हुने विसङ्गतिहरूको चित्रण गर्दछ र निराकरणका उपायहरुको खोजी गर्दछ । पहिलो चरणमा मुक्ति तिमिल्सिनाको **'को अछूत'** र हृदयचन्द्र सिंह प्रधानको **'स्वास्नी मान्छे'** प्रकाशन भएका छन् भने दोस्रो चरणमा डी.पी. अधिकारीको **'आशामाया'** (२०५५), प्रगतिवादी धाराको पहिलो उपन्यास मानिन्छ । अन्य उपन्यासहरुमा खगेन्द्र सङ्गैलाको **'चेतनाको पहिलो डाक'** (२०२७) पारिजातको **'तोरीबारी बाटा र सपनाहरु'** (२०३२), **'अनिदो पहाडसँगै'** (२०३९), रमेश विकलको **'अविरल बग्दछ इन्द्रावती'** (२०३९), सञ्जय थापाको **'देउमाइको किनारमा'** (२०४७), ऋषिराज बरालको **'कामरेड हुतराजको राजधानी प्रस्थान'** (२०४८), **'आहुतीको नयाँघर'** (२०५०), **'इस्मालीको जिरो माइला'** (२०५६) आदि रहेका छन् ।

### २.३.९ प्रयोगवादी धारा

आधुनिक नेपाली उपन्यास विभिन्न परम्परा र मोड पार गर्दै आफ्नो गतिमा अगाडि बढिरहेको छ । उपन्यासहरू प्रयोग तर्फ उन्मुख हुँदा विभिन्न प्रविधि, शिल्प, अँगालेर लेखिएका अउपन्यास, नयाँ अउपन्यास जस्ता उपन्यासहरुका संख्या बढिरहेको छ । प्रयोगवादी उपन्यासहरूमा नयाँ शैली, नयाँपद्धति र नयाँ सम्भावनाको खोजी गरिन्छ । 'आजका अग्रज श्रेष्ठ नेपाली उपन्यासहरुमा जीवन अनिवार्यतः सवेद्य छ, व्यार्थ, निराशान् र मानवीयतामा यथार्थ र उपन्याससँगै आएका हुन् दुई अभिन्न छन् । यथार्थहरु जुन अधिकतम अरु तत्त्वका अधिनस्थ आफैमा साध्य बने ।' (राई २०५० : ३०९) प्रयोगवादी उपन्यासकार ध्रुवचन्द्र गौतमको **'अन्त्यपछि'** (२०२४) विशिष्ट रुपमा देखा परेका छन् । जगदीश घिमिरे **'साविती'** (२०३२), नयनराज पाण्डेको **'विक्रमादित्य एउटा कथा सुन'** (२०४४), मञ्जुलको **'छेकुडोल्ला'** (२०२९), कवितारामको **'वकपात्र'** (२०४६), कृष्ण धरावासीको **'शरणार्थी'** (२०५६), **'आधाबाटो'** (२०५९), **'राधा'** (२०६२), **'तपाई'** (२०६३) र **'टुँडाल'** (२०६५) आदि उल्लेखनीय छन् ।

# तेस्रो अध्याय

# लीलालेखनको सौद्धान्तिक चर्चा

## ३.१ लीलालेखन शब्दार्थ सन्दर्भ

लीलालेखनको औपचारिक थालनी २०३४ सालमा इन्द्रबहादुर राईको रूपरेखा पत्रिका दुईसय अङ्कमा प्रकाशित **'भ्रान्तिहरू र लीलालेखन मात्र'** बाट भएको मानिन्छ । लीलालेखन राईले सुरु गरेको एउटा भ्रममा आधारित आध्यात्मिक साहित्य लेखनको आन्दोलन हो । कुनै पनि मानिसले वस्तुभित्रको यथार्थ सत्य भनेको खाली सत्य मात्र जानेको हुन्छ । सबैले आ-आफ्नो धारण वा विचार निर्माण गरेर वस्तुमा रहेको अन्तर्निहित सत्यलाई पुष्टि गर्न खोजेका हुन्छन् तर त्यो निष्कर्षमा सत्य नभएर सत्यताको भ्रम हो । लीलालेखनको आन्दोलनको मुख्य तथ्य भ्रम नै हो । विचारले भ्रम, माया, छल, प्रपञ्च आदि लीला हो (धराबासी २०६३ : १४२) । लीलालेखन भगवान् श्रीकृष्णको रासलीलामा आधारित रहेको छ र लीला लेखनको बीज रुप पनि यहि हो । जसरी भगवान् श्रीकृष्णले सोऱ्ह हजार गोपिनीहरूसँग रासलीलामा कृष्ण एक मात्र कृष्ण भएतापनि प्रत्येक गोपिनीले एक-एक कृष्ण पाएका थिए । गोपिनीहरू भ्रममा परी त्यहाँ आनन्द प्राप्त गरिहेका थिए । त्यस्तै गरी कृष्ण सभामा आउँदा पनि आवश्यकता अनुसार कृष्णलाई कामदेव, स्वजन, दण्डकर्ता, शिशु, मृत्यु, विराट इष्टदेव आदि देख्छन् । यसले व्यक्ति अनुसारको हेराईमा फरक ल्याइदिन्छ ।

विभिन्न व्यक्तिले एउटै वस्तुलाई हेर्ने दृष्टिकोण पनि फरक-फरक हुन्छ । वास्तवमा यथार्थ वस्तुलाई कसैले देखेको हुदैंन । सबै गोपिनीहरूले कृष्णलाई देखे तर वास्तविक कृष्णलाई कसैले देखेन । यहाँ भ्रान्तिहरुको अभिनय छ, क्रीडा छ, लीला छ धारणाहरूमा लीला छ (राई २०३४ : ६५) । पूर्वीय आध्यात्मिक वाङ्मयको सार, माया, छल अनि पाश्चात्य दार्शनिक साहित्यिक अभिनय विनिर्माणवादको संयोजनमा इन्द्रबहादुर राईले लीलालेखनको आधार तय गरेका छन् । 'कुनै पनि वस्तु र्निविकल्प छैन । सबैमा सबैको आफ्नै हेराइ र दृष्टि हुन्छ । एउटै वस्तुलाई एकै समयमा भिन्न-भिन्न मानिसले भिन्न भिन्न देख्नु नै जीवनको र विश्वको रूप हो । यही रूपहरूको खेला नै जीवन हो । यिनै रूपहरूको खेलालाई नै पूर्वीय दर्शनले लीला भनेको छ (धरावासी २०५३ : ९१) ।'

'उत्तरसंरचनावाद र रहस्यवादी दर्शनको अवतारलाई विश्वास गर्ने प्रवृत्ति अर्थात् ईश्वरीय बहुरूपी मूल्यको स्थापना गर्नु यस लेखनको रचनात्मक उपलब्धी हो । लीलालेखन ईश्वरीय रूपमा बहुआयमिकतालाई प्रदर्शन गर्ने शिल्प हो । ईश्वरीय लीला अर्थात् ईश्वरको लीलावत् लेखनलाई लीलालेखनको नामले सम्बोधित गरिएको छ ।' (सुवेदी, २०५६:२००-२०२) लीलालेखनलाई विविध रूपमा प्रस्तुत गर्ने पात्रको परिर्वतन र प्रस्तुति परिवर्तनबाट रचनालाई नव रूपान्तरण गर्ने, नव मूल्यान्तरणमा ढाल्ने प्रयास, नवमूल्यान्तरणका स्वरूप र शिल्प प्रस्तुत गर्ने काम गर्न सकिन्छ भन्ने आग्रह लीलालेखनमा पाइन्छ ।

लीलालेखनका अनुसार हामी जुन कुरालाई यथार्थ र सत्य भनेर बाँचिरहेका छौं, त्यो यथार्थ नभएर भ्रम हो । हामी भ्रममा बाँचिरहेका छौं, जीवनलीलामा खेलिरहेका छौं । जीवन नै अर्थहीन र शून्य छ भन्ने कुरा लीलालेखनले मान्दछ ।

## ३.२ लीलालेखन र विनिर्माणवाद

लीलालेखनको मूल केन्द्रविन्दु सन् १९६६ मा संयुक्त राज्य अमेरिकाको जोन हरिकन्स विश्वविद्यालयमा भाषा विषयक एक सेमिनारमा कार्यपत्र प्रस्तुत गर्ने ज्याक डेरिडा (१९३०-२००४) को विनिर्माणवादलाई मानिन्छ । ज्याक डेरिडाको विनिर्माणवाद अनुसार साहित्यिक कृतिका हरफमा वा शब्दमा अर्थ सधैं अस्थिर र अनन्तसम्म स्थगन भएका छन् भन्ने हेर्नु भनेको नै साहित्यमा विनिर्माण हो । विनिर्माणवादको कुनै विचारको केन्द्र छैन । एउटा विचार पनि अर्को विचारकै भिन्नतामा अर्थवान् ठहरिने धारणा व्यक्त गर्दछ । विनिर्माणलाई उत्तरआधुनिक संरचनावादोत्तर समालोचना सिद्धान्त मानिन्छ । विनिर्माणवाद भौतिकवादविरुद्ध आध्यात्मवादीहरुको पछिल्लो आन्दोलन हो । **'राईले' औपनिषदिक माया, बौद्ध शून्य, जैनस्यादवाट, भैतिक वैज्ञानिक सापेक्षवाद, मनोविश्लेषणात्मक फ्रायडवाद, गेस्टाल्ट मनोविज्ञान, मार्क्सवाद, व्यवहारवाद र क्वान्टम फिजिक्स** सहित लीलालेखनलाई आधार र सकार **'विनिर्माणवाद'** बाट प्राप्त भएको स्वीकार गरेका छन् (धराबासी, उप्रेती २०६३ : १००) ।'

विनिर्माणवादले प्लेटोदेखि हुर्सेलसम्मको सारतत्त्वलाई ग्रहण गरेको छ । खास रूपमा विनिर्माणवादको दार्शनिक पक्ष शून्यबोध, अर्थहीनता **'निस्सारता'**, प्रयोजनहीन, रहस्यमयता, लीलातिथ्या, निरीहता र आत्मगतता हो । ज्याक डेरिडाको भनाइ अनुसार कुनै पनि

विश्लेषण लिखित वा मुद्रित टेक्स्टबाट मात्र हुन्छ र कथ्य भाषाको अध्ययन र विश्लेषण गर्ने परम्परालाई भत्काइ दिनु हो । कुनै पनि पद वा पदावाली वा वाक्यले दावी गरेको जस्तो कुनै गहिरो र स्थिर अर्थ बोकेको हुदैंन । अभिव्यक्तिको प्रमुख साधन मानिने भाषाका पद वा वाक्यहरुको अस्तित्व नै स्वयं सङ्कटग्रस्त छ । जसले गर्दा एउटा शब्दको सही वा ठ्याक्कै उही अर्थ खोज्ने हो भने पूरै शब्दकोशमा पनि भेट्न सकिदैंन (न्यौपाने २०४९ : ६३) ।

इन्द्रबहादुर राई लीलालेखनको प्रमुख प्रभाव भने पूर्वीय र पाश्चात्य दर्शन तथा साहित्यिक सिद्धान्तहरुको जोडबाट परेको स्वीकार गर्छन् । धर्म र परम्परामा साहित्यसँगै रहेको पूर्वीय परम्परामा लीलालेखनमा आधारित भएकोले उनले यो 'जोनको सातोरी युङ्गीय' मनोविज्ञानको अवचेतनको विमुक्तिको समकक्षीय छ भनेर स्वीकार गरेका छन् । 'परम्परागत मान्यताले केन्द्रको स्थापना गरेर अर्थलाई सीमित पारेर ल्याउँथ्यो तर लीलाले केन्द्रलाई तोडेर विकेन्द्रवादलाई स्वीकार्दछ (ओझा २०६२ : १४५-४६) ।' लीलालखनले पुरानो मूल्य र मान्यता वा संरचनालाई भत्काएर विनिर्मावादी नयाँ सिद्धान्तको स्थापना गरी समय अनुसार खोतल्ने प्रयास गर्दछ । विनिर्माणवादले अजारकता, क्रमहीनता, विरोध, आशङ्का व्यवस्थितताको अभाव र अर्थको बहुलतासँग सामीप्य राख्दछ ।

'लीलालेखनका आधारभूत कुराहरू विनिर्माणवादकै प्रतिलिपि हुन् । साराजगत् भ्रम हो र हामी लीला मात्र भोगिरहेका छौ । लीलालेखनले यथार्थजगत्लाई भ्रम ठान्दछ । लीलालेखनका लागि सत्य नै यथार्थ हो । सबै कुरा भ्रम हुन् र एउटै मात्र यथार्थ भ्रम नै सत्य कुरो हो (धरावासी, २०६३ : ८०) ।' विनिर्माणवादको दार्शनिक आधार आध्यात्मवाद हो । त्यसैले लीलालेखनको आधार स्रोत : विनिर्माण हो भन्ने कुरा पुष्टि हुन्छ । किनकी विनिर्माणवादले वस्तुगत यथार्थ सबै भ्रम हुन् वास्तवमा जे देखिन्छ त्यो सत्य होइन भन्ने मान्यता राख्दछ । त्यस्तै लीलालेखनले पनि अव्यवस्थित, क्रमविहीन, नमिल्दा उपकरणहरू मार्फत विकथाहरू जोड्दछ । विनिर्माणले कुनै पनि लेखन शुद्ध रूपमा कथा, कविता, नाटक, निबन्ध, समालेचना आदि नभएर त्यो विभिन्न विधाहरूको मिश्रण हुन्छ भन्ने धारणा राख्दछ । विनिर्माणवादको यसै सिद्धान्त अनुरूप इन्द्रबहादुर राईले **'कठपुतलीको मन'** विधाको सिर्जना गरी विनिर्माण गरेका छन् । जसमा गुरूप्रसाद मैनालीको **'परालको आगो'** कथालाई क्रमहीनता, विधाभञ्जन, अव्यवस्थित र विपात्रीकरण गरी नयाँ प्रयोग गरिएको छ ।

नयाँ ढंगको विधा सिर्जना गरी प्रयोग गर्दा भ्रम पठनको सिद्धान्त प्रादुर्भाव हुन्छ । लीलालेखनमा यही भ्रमवादले नै विपठन, सही पठन र विनिर्माण गराउँदछ । त्यही नयाँ सिद्धान्त नै लीलालेखनको प्रयोगात्मक आधार बनेको छ । विपठन र विनिर्माणको बीचमा एउटा अस्तित्व उभिएको छ पाठक बनेर तर यो पाठक सामाजिक जीवनको पाठक नभएर विनिर्माणवादी पाठक हो जो स्वयम् भिन्नताको सिद्धान्तद्वारा प्रशिक्षित छ (बराल, २०५१ : ३४१) ।

लीलालेखन वास्तवमा भाषावादी साहित्यिक नयाँ चिन्तनको रुपमा विकसित भएको सिद्धान्त हो । यसले लक्ष्यहीन, उद्देश्यहीन र अर्थहीन ठान्दै जीवनलाई भ्रममा नै यथार्थ देखाउने काम गर्छ । विनिर्माणवादको पर्यायवाचीको रुपमा देखा परेको लीलालेखनले साँच्चै नै साहित्यिक क्षेत्रमा नयाँ धारणा प्रस्तुत गरेको छ भन्न सकिन्छ ।

## ३.३ लीलालेखन र प्राच्यदर्शन

सर्वप्राचीन दर्शनको रूपमा संस्कृत युगमा देखा परेको दर्शन हो प्राच्यदर्शन । प्राच्यदर्शन भित्र वेद, पुराण, उपनिषद आदि पर्दछन् । उपनिषद्सँग भने लीलालेखनले प्रभाव ग्रहण गरेको पाइन्छ । लीलालेखन उपनिषद्बाट अनुप्राणित भएको देखिन्छ । किनकी उपनिषद् 'विघटन, विनाश आदिका प्रभावले छोएका वस्तुहरु नाशवान् छन् र यिनीहरू क्षणिक झल्का मात्र लाग्दछन् भन्ने भ्रान्ति प्रस्तुत गर्दछ । यसरी उपनिषद्सँग निकटतम् सम्बन्ध भएको लीलालेखनले पनि **'बह्मको सत्यता र जगत् मिथ्या'** भन्ने कुरालाई मूल आर्दश बनाएको छ ।

उपनिषद्बाट प्रेरित भएको लीलालेखनले औपनिषदिक मायालाई नै मूल केन्द्र विन्दु बनाएको छ । यथार्थ अज्ञेय र अठम्याइने हुँदोरहेछ र हामी भ्रम देख्दा रहेछौं । यथार्थ जानिदै नजानिई विधामा हामी कुनि के बाट गर्दा रहेछौं (राई २०३४ : ९८) । संसार अनित्य छ । संसारमा मानिएका सत्य माया सत्य हुन् । यथार्थ भनेको हुँदैन । त्यो के हो के कुरा अज्ञेय, अनिश्चित छ । यसरी हेर्दा लीलालेखन पश्चिमी विनिर्माणवादी साहित्यिक सिद्धान्तको नेपाली संस्करण नभई पूर्वीय ज्ञानतत्त्वको साहित्यिक प्रयोग हो । लीलालेखनमा पुराना र नयाँ ज्ञानको स्रोतबाट साहित्यिक लेखनको प्रविधि अगाडि बढाइएको छ । यसको प्रस्तुतिमा मौलिकता र चेतनामा आधुनिकताको प्रक्षेपण गरिएको छ । 'धर्मका नामले परिचित

पौराणिक आख्यान वा साहित्यलाई धर्मबाट मुक्त गरी जीवन र साहित्यमा ल्याउने प्रयत्न लीलालेखनको छ (धरावासी, २०६२ : ३१-४१) ।'

लीलालेखनको जग नै उपनिषद् भएकाले लीलालखेन प्राच्यदर्शबाट प्रभावित छ । लीलालेखन भ्रम र अनिश्चितताको लेखन हो र संसारमा सत्य क्षणिक हुन्छन् । हामी जीवनभर मायाको सत्यमा अलमलिएर भौतारिहेका छौं । यही भ्रामकताको दृष्टिकोण लीलादृष्टि हो । त्यसैले पूर्वीय साहित्यिक दृष्टिकोणबाट पनि लीलालेखन अभिप्रेरित छ भन्न सकिन्छ ।

## ३.४ लीलालखेन र प्रचलित पाश्चात्य साहित्यिक वादहरू

### ३.४.१. पाठकपरक समालोचन र लीलालेखन

पाठकपरक समालोचनाको प्रभाव लीलालेखनमा परेको छ । पाठकपरक समालोचनाले पाठकलाई नै सर्वोपरी ठानेको हुन्छ । पाठकपरक समालोचनमा पाठकलाई अर्थ खोज्न लगाइने हुँदा विनिर्माणवादसँग पनि यसले सम्बन्ध राख्दछ । कृतिलाई कसरी ग्रहण गर्ने भन्ने कुरा पाठकलाई जिम्मा लगाइएको हुँदा कृति प्रकाशन भएपछि लेखकको अस्तित्व समाप्त हुन्छ । यही आधारलाई लीलालेखनले ग्रहण गर्दछ । पाठकको आलोचनाबाट प्राप्त बहुअर्थ नै लीलालेखनको आधार हो । 'पाठक वा पठनकर्ता व्यक्ति पाठ भित्रको आवयविक अन्तरसंघर्ष गराएर अर्थको प्रतिपादन-सम्पादन गर्न सक्ने चेतनशील, बौद्धिक व्यक्तित्व हो भन्ने पाठालोचनाको वैचारिक अडान लीलालेखनमा अक्षरशः अनुपालित छ ।' (धरावासी, उप्रेती, २०६३ : १४७) वास्तवमा पाठकपरक समीक्षण सिद्धान्तले पाठक अनुसार अर्थ निस्कन्छ भन्ने मान्छ । पाठक मुक्त भएर अर्थहरुको खोजी नीति गर्छ  र अथाईदिन्छ आफ्ना मुताविक । लीलालेखन कुनै विधाको विनिर्माण गर्छ अनि आफू चेतनशील पाठक भएर पूर्वस्थापित सत्यको पुर्नमूल्याङ्कन गर्छ । यसो गर्दा स्वतन्त्र अर्थहरु खोज्दै ऊ स्थापित परम्परित सत्यको अलावा अन्य सम्भावित तथ्यहरु खोज्छ । सकेसम्म परम्परित पूर्वनिष्कर्षित तथ्यलाई भत्काएर अरू नै सम्भावनामा ओराल्छ । लीलालेखन, पाठक हो, समालोचक हो, ऊ लेखक नभएर लेखकको मृत्यु भैसकेपछि आफ्ना समक्षआएको कृतिको विनिर्माण गरी अन्य विकथाको जोडीकरण गरेर अर्थ देखाउने संयोजनकर्ता मात्र हो ।

स्वतन्त्र भएर अर्थमा निश्चितता छैन भन्ने लीलालेखनको मत हो, निश्चयहीनता यसको आधार हो, पाठककेन्द्री समालोचना सिद्धान्त लीलालेखनको ऊर्जा हो भन्न सकिन्छ ।

### ३.४.२ मार्क्सवाद र लीलालेखन

मार्क्सवादी विचारधारा काल मार्क्स प्रतिपादित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको प्रतिफलन हो । मार्क्सवादले वर्गीय सत्यलाई स्वीकार गर्दछ र समाजका श्रमिक कृषकका पक्षमा वकालत गर्दछ । वर्गसंघर्ष नै मार्क्सवादको प्रमुख पक्ष हो । मार्क्सवाद वर्ग दृष्टिमा विश्वास राख्छ । मार्क्सवादले वर्गीय हेराइमा विश्वास गर्दछ । मार्क्सवाद कुनै वर्ग माथि केन्द्रित हुने हुनाले त्यस वर्गका लागि मात्र सत्य हुने गर्दछ भने अर्को वर्गका लागि त्यो सत्य भ्रम मात्र हुन जान्छ । 'मार्क्सवादी वर्गीय दृष्टिकोणले वास्तविक सत्य नभएर त्यसको कुनै एक विशेषता समातेर सत्य भन्ठान्छ तर त्यो वर्गीय सत्य हो । वर्गीय सत्य भनेको निष्कर्षात्मक सत्य होइन । केन्द्रीकृत सत्य हामी भेट्दैंनौं । सबैको दृष्टिकोणमा फरक-फरक पर्ने भएकोले त्यसको निचोड पनि फरक-फरक प्राप्त हुन्छ ।' (धरावासी, उप्रेती, २०६३ : १४९)

मार्क्सवादीय आइडियोलोजीको चर्चा इन्द्रबहादुर राइले लीलालेखनमा गरेबाट मार्क्सवादबाट लीलालेखन प्रभावित छ भन्न सकिन्छ । श्रमिक वर्गको युगबोध भएरै युगीन भ्रान्ति भएको हो भन्ने धारणा इन्द्रबहादुर राईको रहेको छ । (धरावासी २०५३ परिशिष्ट) लीलालेखन सत्यका हुन सक्ने विश्लेषणको लेखन भएकोले यो दृष्टि पृथकताको लेखन हो भन्ने पुष्टि हुन्छ । लीलालेखनको सत्य वर्गीय छ तथा दृष्टि भिन्नताले मानिने हो भन्ने मार्क्सवादी दर्शनबाट साकार प्राप्त गरेको छ । मान्छे सत्यलाई भेट्दैन । वास्तविक यथार्थ के हो, के हो ? कसैलाई पत्तो छैन । सत्यलाई भेट्नु वा देख्नु खाली दृष्टिभिन्नताले मात्र हो । एउटा वर्गको हेराइ अर्को वर्गमा पुग्ने बित्तिकै भिन्न हुन्छ र सत्य पनि हुदैंन । तसर्थ मार्क्सवादी दर्शनले निश्चित मानेको वस्तु सत्य वर्गगत सत्य हो । वर्गीय हेराइमा त्यस्ता सत्यका विशेषण थुप्रै हुनाले सत्य के हो ? को निश्चितता छैन , अनिश्चितता छ । लीलालेखनले पनि यही मान्यतालाई मान्दछ भन्ने धारणा ओझाको रहेको छ । (धरावासी, २०६३ : १४९)

### ३.४.३ शून्यवाद र लीलालेखन

विनिर्माणवादको मुख्य दार्शनिक आधारको रूपमा शून्यवादलाई लिइन्छ । पुरानो संरचनालाई पूर्ण रूपले भत्काइ नयाँ संरचनाको निर्माण हुनु पर्छ भन्ने मान्यता शून्यवादले राख्दछ । शून्यवादले परम्परागत विचार मूल्यहरूलाई पूर्णत : अस्वीकार गरी नयाँ मूल्य, मान्यता अनि विचारलाई स्थापित गर्दछ। वैयक्तिक घटनालाई बढी महत्व दिई सामुहिकलाई उपेक्षित गर्दछ । शून्यवाद जीवनलाई एउटा महत्वहीन लहर वा पानीको फोका ठान्ने दर्शनमा आधारित हुन्छ। लीलालेखनले शून्यवादको यही दर्शनबाट प्रभाव ग्रहण गरेको छ। लीलालेखनका व्याख्याता इन्द्रबहादुर राईले **'कृतिमा लीलालेखनगत आधार'** को ३ नं. को बुँदा यसको वैचारिक आधार र प्रेरणाको स्रोतको विवरण दिदा **'बौद्ध शून्य'** भन्ने शब्दावलीको प्रयोग गरेका छन् । यसबाट लीलालेखनको सौद्धान्तिक आधार शून्यवाद रहेको पुष्टि हुन्छ । 'बौद्ध दर्शनले सृष्टिमा भएको वस्तुसत्ता वा अस्थायी, क्षणिक र परिवर्तनकारी हुन्छन् भन्ने मान्यता राख्दछ। यसरी संसारलाई परिवर्तनकारी मानेपछि संसारका चीजवीज, यथार्थहरू सबै अस्थीर, परिवर्तनशील र पटक-पटक बेग्लिने हुन्छन् । बेग्लिएको वस्तुको अस्तित्त्व हुनु अगाडि र परिवर्तित भैसकेपछि शून्यतुल्य रहन्छ । त्यसैले बौद्ध दर्शनमा परिवर्तन शून्यता हो, अनिश्चितता हो र वस्तुको अस्तित्त्व एकनासको छैन भन्ने धारणा बाबुराम आफ्नोको रहेको छ (धरावासी, उप्रेती २०६३ : १४९) ।' यही दर्शनबाट लीलालेखनले प्रभाव ग्रहण गरेको छ।

## ३.५ उत्तरआधुनिकता र लीलालेखन

उत्तरआधुनिकवादले पुरानो संरचनालाई भत्काउने काम मात्र नगरी पुर्ननिर्माण गर्ने काम समेत गर्दछ । उत्तरआधुनिकवादले विषयवस्तुमा, पात्रमा, शैलीमा, संरचनामा र दर्शनमा नयाँपन ल्याइ परम्पराबाट मुक्त हुने काम गर्दछ । यसले अर्थगत अस्थिरता र अन्नतता दुवै कुरालाई प्रोत्साहित गर्ने गरेको छ। उत्तरआधुनिकता अपरम्परा, असुन्दरता, अमौलिकता, अनिर्णितता र अनुपस्थितताको प्रतिनिधित्व हो।

लीलालेखनमा उत्तरआधुनिक चिन्तनको **'टेक्निक'** को प्रयोग गरिरहेको छ । यसले **'डिकन्स्ट्रक्सन'** लाई डिप लेभलबाट व्याख्या गरिरहेको छ। लीलालेखन उत्तरआधुनिक भित्र सुहाउँदो एउटा **'टेक्निक'** हो । तर यसलाई दर्शनबाट फुकाल्नु पर्ने भएकोले व्यावहारिक लेखनमा उतार्न गाह्रो भएको छ। थोरैले सिद्धान्त निर्माण गरेर त्यस अनुकूलको सिर्जना गरे

पनि प्रायशःले समय र परिस्थितिले उत्पन्न गरेको चेतनालाई बुझेर त्यसै अनुसार गरेका छन् । लीलालेखन भाषिक लीला विनिर्माण र विधाभञ्जनमा आधारित भएकाले यो उत्तर आधुनिकतावादकै एक अङ्गकै रूपमा रहेको देखिन्छ । (भट्टराई, २०६३ : ५६-५९) मोहनराज शर्माले उत्तरआधुनिकतालाई 'अस्थिरता, अनिश्चयात्मकता र भत्काइसँग सम्बद्ध संवृत्तिका रूपमा चिनाएका छन् (धरावासी, २०६३ : १०२) । लीलालेखनले उत्तर आधुनिकवादसँग प्रत्यक्ष सम्बन्ध राखेको छ । 'अत्तरआधुनिकवादले अँगालेको बहुलता, विविधता, विघटन, विकेन्द्रीकरण, विनिर्माण, अस्थिरता, अनिश्चयात्मकता, अपरम्परा, अराजकता, सुन्दरविहीन, आदिबाट लीलालेखनले प्रभाव ग्रहण गरेको छ भन्ने धारणा दुबुसु क्षेत्रीको रहेको छ (धराबासी, उप्रेत्ती २०६३ : १०२) ।'

समकालीन नेपाली कथा परिवेश र प्रवृत्ति शीर्षकमा कथा प्रवृत्तिको समीक्षण नेत्र एटमले उत्तरआधुनिकताबारे अर्थ बहुलताको प्रवेश उपशीर्षकमा 'समकालीन कथा लेखनमा उत्तरआधुनिकताको छवि घुसेको र इन्द्रबहादुर राईको लीलालेखनको ल्याकहोलमा यसको छवि मिलेको स्वीकारे पनि राई उक्त दर्शनलाई हिन्दु पुनरुपथानवादको सपना देख्दै मानिसलाई असहाय र क्यारेमवोर्डका गोटी सावित गर्ने रोगी पूँजीवादी वैचारिकताको प्रदर्शन गर्ने विचारको संज्ञा दिए (एटम ऐ.पृ. १४१) ।' यसरी हेर्दा लीला नै प्रथम उत्तर आधुनिकताको प्रस्थान हो भन्न सकिन्छ ।

निष्कर्षमा, लीलालेखन पूर्वीय संस्कृत परम्पराबाट विकसित भएको जसमा हिन्दु आध्यात्मिकबाट प्रभावित र पाश्चात्य साहित्यिक चिन्तन विनिर्माणको नेपाली संस्करण हो । भ्रमलाई नै यथार्थ ठान्नु लीलालेखनको जीवन चिन्तन हो । प्रयोगको नवीनताको दृष्टिले र दुर्वोध्यको दृष्टिले लीलालेखनको प्रयोग कमभए पनि यसले साहित्य जगत्मा निरन्तरता पाइरहेको छ । डा. गोविन्दराज भट्टराईले लीलालेखनलाई नेपाली साहित्यको उत्तरआधुनिक कित्तामा राखेका छन् (धरावासी, २०६२ : १०३) ।

## ३.६ नेपाली साहित्यमा लीलालेखन प्रारम्भ, विकास र वर्तमान स्थिति

नेपाली साहित्यमा लीलालेखनको प्रार्दुभाव वि.स. २०३४ सालमा **'रूपरेखा पत्रिका'** मार्फत इन्द्रबहादुर राईको **'भ्रान्तिहरु र लीलालेखन मात्र'** शीर्षकबाट भएको हो । अझ इन्द्रबहादुर राईको **'कठपुतलीको मन'** (सन् १९८९) प्रकाशित भएपछि लीलालेखन प्रति

पाठकको ध्यान केन्द्रित भएको पाइन्छ । तेस्रो आयामको खोजीबाट लीलालेखन अघि बढेको पाइन्छ । लीलालेखनमा पूर्वीय र पाश्चात्य साहित्यका विविध कुराहरुलाई मिश्रण गरेको पाइन्छ । उत्तरआधुनिकाताले प्रयोग गरेको प्रविधिमा पूर्वीय चिन्तन र सोचलाई मिश्रण गरी नेपाली साहित्यमा उत्तरआधुनिकताकै पर्यायको रूपमा लीलालेखनलाई प्रयोग गरेको पाइन्छ ।

### ३.६.१ इन्द्रबहादुर राई र लीलालेखन

नेपाली साहित्यमा लीलालेखनलाई भित्र्याउने काम इन्द्रबहादुर राईले गरेका हुन् । त्यसैले उनलाई लीलालेखनका प्रारम्भ कर्ताका रुपमा चिनिन्छ । नेपाली साहित्य भित्र पनि राईले गुरुप्रसाद मैनालीको परालको आगोलाई नाटक, उपन्यास, समालेचना, निबन्ध, अन्तर्वातामा विखण्डित गरी अखण्डित सिर्जना प्रस्तुत गरेर बहुदृष्टिले लेखनको सम्भावना र सिद्धान्त हुन्छ भन्ने विनिर्माणको पहिलो उत्कृष्ट नमुना प्रस्तुत गरे ।

इन्द्रबहादुर राईले ‘रूपरेखा साहित्यिक मासिकको पूर्णाङ्क २०० (२०३४ पुस) मा **‘भ्रान्तिहरू र लीलालेखनमा मात्र’** नामक एक बौद्धिक लेख लेखे त्यही लेखबाट नै उनलाई लीलालेखनमा आफ्नो बर्चस्व कायम गरायो । उनले लीलालेखन सिद्धान्तको प्रतिपादन गर्दै यसै सिद्धान्तका आधारमा कथाहरू लेखेर यसलाई प्रयोगमा ल्याउने काम समेत गरे । पूर्वीय दर्शनको **‘लीला’** बाट अर्थक्षेपण गरिएको यस विचार अन्तर्गत धारणा र विचारहरूको लीलालाई समेटेर **‘सर्वे सवार्थिवाचक’** अर्थात् **‘सबै सबै अर्थका वाचक’** भन्ने सिद्धान्तलाई आधार बनाइएको छ । इन्द्रबहादुर राईले धारणा र विचारणहरुको अन्तरणाहरु लेखाउने र एकमा अनेक आरोपित गरेर सर्वथा नयाँ दृष्टिकोण प्रस्तुत गरेका छन् । राईले कृष्ण सभामा पस्दा बसेका सम्पूर्णताले आफ्ना दृष्टिकोणले सत्यको जानिटोपलेको भ्रामक धारणा लिएको उदाहरण सहितको **‘भ्रान्तिहरू र लीलालेखन’** मात्र भ्रमलाई लीलाको गुरू थपेको छ । राईले कृष्णलीला, क्रियालिला र अन्धलीलाका साथै पठनलीला र भाषालीलाको समेत चमत्कारिक उपयोग र प्रयोग गरेका छन् ।

सबैले आ-आफ्नो धारणा निर्माण गरेर त्यसैमा सत्यता खोज्ने गर्छन् । वस्तुभित्रको यथार्थलाई ठम्याउने कोही छैनन् सत्यको धारणा र यसै धारणाको भ्रामक मात्र हो । हामीले जानेको भनेको धारणा जानेको हुँदा रहेछौं धारणा भ्रम हो । (राई २०३४ : ९८) राईको

लीलालेखन धारणा विषयक भ्रमलाई अनुसरण गरेको छ । उनी भ्रम, छल, माया, प्रपञ्च आदिलाई लीला मान्दछन् ।

"राईको लीलादर्शन एकान्तवाद र शून्यवादको पराकाष्ठा हो । उनले भाषा लीला प्रस्तुत गरेका छन् । भाषा यहाँ साधन नभए साध्य भएको छ । लीलालेखनमा भाषा दृष्टि भिन्नताको अध्यात्मवादी र शून्यवादी दर्शनलाई कलात्मक रुप दिने सबल माध्यम बन्न पुगेको छ । राईको साहित्यिक भाषा लगामहीन, अनुशासनहीनका साथै जटिल र दुर्वोध्य देखिन्छ । उनको भाषा निस्सारताबोध र शून्यताको माध्यम बनेको पाइन्छ । भाषा, भ्रम, लीला, अर्थहीनताको प्रतीक बनेको छ । (बराल, २०५१: ३३३-५०) लीलालेखनको घोषणामा राईले तीन अन्य महत्वपूर्ण कुराहरु उठाएका छन् । ती हुन् । अस्तित्व सङ्कटको जति नजिक मान्छे उति अन्ध ऊ हुन्छ, धर्म र साहित्यसँगै रहेको पूर्वीय परम्परामा छली लीलालेख लीला क्षेत्रमा छौं नभुलौं तर, र खेलौं बाँच्ने खेल ।

पूर्वीय र पाश्चात्य साहित्यको समिश्रण भएको राईको लीलालेखन भ्रममा आधारित एउटा साहित्यिक आन्दोलन हो । राईले आफ्नै किसिमले लीलालेखनमा आधारित कथाहरु लेख्ने काम गरेर विभिन्न समालोचनामा यसको चर्चा र व्याख्या गरिरहेका छन् । वास्तवमा लीलालेखन भनेको खेलौं एउटा बाँच्ने खेलको दर्शनमा आधारित इन्द्रबहादुर राईको नयाँ वैचारिक लेखन हो ।

### ३.६.२ कृष्ण धरावासी र लीलालेखन

नेपाली कथामा जब इन्द्रबहादुर राईले **'कठपुतलीको मन'** (सन् १९८९) कथा लेखे त्यसपछि आधुनिक नेपाली कथामा लीलालेखन भित्रिएको पाइन्छ भने नेपाली उपन्यासको क्षेत्रमा लीलालेखनको प्रार्दुभाव कृष्ण धरावासीको **'शरणार्थी'** (२०५६) उपन्यासबाट भएको हो । धारावासीले **'शरणार्थी'** उपन्यासमा लीलालेखनको राम्रो प्रयोग गरेर देखाएका छन् । उनका पाँचवटा उपन्यासहरूमा लीलालेखनको प्रयोग भएको पाइन्छ । त्यसैले उपन्यासमा लीलालेखन भित्र्याउने श्रेय धरावासीलाई जान्छ । आरण्यानको कथा विधामा सर्व प्रथम इन्द्रबहादुर राईले **'कठपुतलीको मन'** ( सन् १९८९) कथा गुरुप्रसाद मैनालीको 'परालको आगो' कथालाई विभिन्न विकथाहरू सहित विभिन्न सत्यको उद्घाटन गर्दै लीलाको प्रयोग गरेर देखाएका छन् भने उपन्यास विद्यामा कृष्ण धरावासीले **'सर्वप्रथम'** **'शरणार्थी'**

उपन्यासमा लीलालेखनको प्रयोग गरेर देखाएका छन् '(**मिश्र,२०६३:७१**) ।' यसरी कथाबाट सुरू भएको लीलालेखन उपन्यासमार्फत कृष्ण धरावासीले हालसम्म पनि निरन्तरता दिने काम गरिरहेका छन् । यसमा जीवनलाई नयाँ ढँगले प्रस्तुत गरी लीलालेखनलाई सफलता पूर्वक प्रयोग गर्न सफल भएका छन् ।

कुनै पनि कुरा बुझि सकेपछि त्यहाँ कुनै पनि किसिमको भ्रम रहदैंन । जबसम्म बुझ्न सकिदैंन तबसम्म भ्रम रहन्छ । वस्तुका अनेक रूप हुने हुनाले हामीलाई भ्रमजस्तो लाग्छ तर वास्तवमा भ्रम हुदैंन । सर्पको रूप डोरी जस्तो पनि र डोरीको रूप सर्पको जस्तो पनि रूपलाई चिनिसकेपछि त्यहाँ भ्रम हुदैन । सर्पहरूको खेला छ । वस्तुको विशेषताहरू खुल्ला आकाश छ लीला छ । जीवनलीलामय यसलाई बुझ्नुपर्छ लीलामा लेख्नु पर्छ लीला नै (धरावासी, २०६३ : ६१) ।' धरावासी राईको 'हामी भ्रम लेख्दा रहेछौं भन्ने कुरालाई स्वीकार्न चाहदैनन् । धरावासीको धारणा नबुझ्दासम्म मात्र भ्रम बुझिसकेपछि भ्रम भन्ने रहदैन भन्ने रहेको छ । एउटै वस्तुको अनेक रूप, अनेक गुण, विशेषता हुने भएकाले हामीलाई अन्यौल जस्तो लाग्दछ तर वास्तवमा हामीले सम्भाव्यताको ज्ञान प्राप्त गरिरहेको हुन्छौ । त्यसैले राईको भन्दा लीलालेखनमा धरावासीको धारणा केही फरक पाउन सकिन्छ ।

लीलालेखन केवल भ्रमको लेखन नभई भ्रमलाई चिनाउने लेखन हो । यसबाट पाठकले पढेका विषयमा धारणा बनाउन सक्छ । वस्तुतालाई चिनाउने काम लीलालेखनले गर्दछ । हामी सबै भ्रममा बाँचेका छौ । इन्द्रबहादुर राईको भाषा बढी क्लिष्टताले गर्दा पाठकले बुझ्न नसक्नु र उनकै लीलालेखनको व्याख्या गर्ने काम धरावासीले गरेका छन् । धरावासी सत्य निर्विकल्प नभई टुक्रा सत्य हुन्छ भन्ने धारणा राख्दछन् भने राई 'कूटस्थ नै लीलालेखनको अन्तिम सत्य मान्दछन् ।

### ३.६.३ समालोचकहरूबीच लीलालेखन

लीलालेखनलाई विभिन्न समालोचकहरुले आ-आफ्नै ढङ्गले व्याख्या र समीक्षा गरेका छन् । कसैले यसलाई जनविरोध भनेका छन् त कसैले यसलाई जनवादी भनेका छन् । केही समालोचकहरूले लीलालेखन बाँच्नका लागि वर्तमान यथार्थलाई स्वीकार गर्ने एक प्रगतिमुखी लेखन विधि हो भन्ने धारणा राखेका छन् ।

इन्द्रबहादुर राईका अनुसार - लीलालेखनले मानिसले बाँचिदिनु पर्ने कुरामा जोड दिएका छन् । यसले आशावादी बनेर जे-जस्तो रूपमा किन नहोस् जीवन प्रतिको मोह वा आशक्तिलाई व्यक्त गरेको छ । लीलालेखन अन्तर्गत सबै कथाहरूमा गतिशील जीवनलाई अङ्गीकरण गरिएको छ (श्रेष्ठ, २०४९ : ५५) । यस संसारमा अन्धतालीला व्याप्त छ र त्यसै भित्र मानिस अल्मिलिएको छ । यद्यपि जीवनलाई नष्ट हुन दिनबाट जोगाएर समस्याहरू माथि आक्रमण गरेर विजय प्राप्त गर्न सकिन्छ । लीलालेखन बाँच्नुको वर्तमान यथार्थलाई स्वीकार गर्न एक प्रतिमुखी लेखनविधि हो ।

अन्य केही समीक्षकहरूले वा समालोचकहरूले भने लीलालेखन जीवन विरोधी भएको विश्लेषण गर्दछन् । राईले जीवन अर्थहीन निस्पष्ट र अज्ञेय छ भनी जीवनसमरुप साहित्यको चर्चा गरी दिन्छन् । मान्छेहरू केवल अभिनय मात्र गरिहेका छन् । बाँच्नुको खेल खेलिरहेका छन् भनेर उनले मान्छेलाई कठपुतली र मानवजीवनलाई कठपुतलीको खेल प्रमाणित गरिहेका छन् । लीलावादीहरूका लागि एउटै मात्र यथार्थ छ त्यो हो भ्रम यथार्थ । लीलालेखनको साहित्य, समाज लेखक र पाठक बीचको अन्तरसम्बन्धलाई पूर्ण विच्छेद गरेर समाज र लेखक दुवैको मृत्युको घोषणा गरिसकेको छ । यस्तो लेखनले वर्तमान यथार्थलाई निराकरणमा परिणत गराएर जीवन यथार्थ र मानवीय मूल्यका विरुद्ध लीला संसारको पक्ष लिएको छ । जीवन लक्ष्यहीन, उद्देश्यहीन र अर्थहीन छ भनी जीवनलाई निरुद्देश्य ठान्दै भ्रमलाई नै यथार्थ ठान्नु लीलालेखनको जीवन चिन्तन हो (बराल, २०५१ : ३३-५०) ।

जीवनलाई 'बाँच्ने खेल' ठान्ने लेखक कुनै अर्थमा पनि जीवनवादी हुन सक्दैन । उत्साहहीन र निमित्त मात्र भएर बाँच्नु जीवनको लक्षण होइन । केवल 'कोमा' मा सबेर प्राणवान रहनलाई जीवन मान्न सकिन्छ । वर्तमानलाई अस्वीकार गरेर मिथकीय मात्र बनी पुरातनलाई अगाल्नु 'ड्याडी' मा पान्तरण हुनु हो । नेपालीमा इन्द्रबहादुर राई 'कठपुतलीको मन' लाई अर्थभिन्नताको लीला बनाउन सफल भएका छन् । आत्महत्या नै नगरेर पनि पराधिनतालाई खुसीसाथ स्वीकार गरेर बाँच्नुपर्छ भन्नु जनविरोधी हो । राईको लीलालेखनको धारणा आफैमा असत्य वा भ्रमित छ (एटम, २०६० : ५४) । लीलालेखनले भ्रमलाई सत्य मान्ने भएकोले यो स्वभावैले जीवन विरोधी हुन्छ । एउटा वस्तुको विविध रूप हुने भएकोले सबै हेराइ भ्रम छ भन्ने सौद्धान्तिक आधारले यसले वहन गरेको छ । लीलालेखन बढी एकान्तवादी देखिन्छ र प्रगतिविरोधी र मानवता विरोधी हुन्छ ।

### ३.६.४ नेपाली उपन्यासमा लीलालेखन

समयको परिवर्तनसँगसँगै नेपाली उपन्यासको क्षेत्रमा पनि विभिन्न प्रयोगहरु हुँदै आएका छन् । आधुनिक नेपाली उपन्यासको क्षेत्रमा पाश्चात्य साहित्यमा सुरूभएको आधुनिकताले नेपाली उपन्यासलाई पनि प्रभावित पार्दै लगिरहेको छ । यसरी पाश्चात्य साहित्यबाट विकसित भएको उत्तर आधुनिकतावादले पुराना मूल्यमान्यताहरूको विखण्डन र मुक्तिको खोजी नयाँ संरचनाको स्थापना, नयाँ केन्द्रको स्थापना, इतिहासको अध्ययन र वर्तमानको खोजी गर्दछ । लीलालेखन चाँहि उत्तर आधुनिकताको सिङ्गो संस्करण मात्र नभई उत्तरआधुनिकतामा पूर्वीय चिन्तन र सोचहरूसहित स्थापित भएको लेखन हो । नयाँ मूल्य र मान्यतालाई स्थापित गर्दै नेपाली उपन्यासको क्षेत्रमा लीलालेखनको स्थापना हुँदै गइरहेको पाइन्छ ।

उत्तरआधुनिकमा जस्तै नेपाली उपन्यासमा पनि विभिन्न विधामिश्रण हुने गरेको पाइन्छ । उत्तरआधुनिकतावादले स्वीकारेको विधाहीनता, बहुलता, अज्ञानकता, मिथकीयता, पुनर्लेखन, स्वैरकल्पनालाई लीलालेखनले नेपाली उपन्यासमा अङ्गीकार गरेको छ । एउटा उपन्यासभित्र मिथकीयता, स्वैरकल्पना, आर्दश, स्वच्छन्दता, यथार्थ, प्रगतिवाद, फ्रायडवाद, विसङ्गति - अस्तित्ववाद आदि अनेकै प्रवृत्तिहरू मिसिएको अवस्था हुन्छ । बहुनायकत्व, वहुविचार, वहुकथाको सञ्चार उपन्यासमा प्रयोग गरिएको हुन्छ । लीलालेखनको प्रवृत्तिलाई अँगालेर लेखिएको उपन्यासहरूमा इन्द्रबहादुर राईको **'आज रमिता छ'** विश्वेश्वरप्रसाद कोइरालाको **'मोदिआइन'**, **'हिटलर र यहुदी'** सञ्जीव उप्रेतीको **'आलु नैनी कफी'**, ध्रुवचन्द्र गौतमको **'फूलको आतङ्क'**, सरूभक्तको **'पागल वस्ती'** कृष्ण धरावासीको **'शरणार्थी' आधाबाटो, राधा, तपाई** र **'टुँडाल'**, प्रदीप नेपालको **'एकाइसौं शताब्दीको सुम्निमा'** आदि उपन्यासहरू पर्दछन् (धरावासी २०६२ : ५१-६०) ।

## ३.७ निष्कर्ष

लीलालेखनले सबै भ्रम हो भ्रम नै सत्य हो भन्ने मान्दछ । जीवनमा भ्रमहरू मात्र छन् । त्यही भ्रमित जीवन भएको साहित्यकारले लेख्ने साहित्य पनि तिनै भ्रमको लेखन हो । एउटै वस्तुलाई हेराइका दृष्टिले अनेक रूपहरू देखिए जस्तै साहित्यले पनि अनेक रूप र यथार्थ प्राप्त गर्दछ तर त्यो वास्तविक रूपमा भ्रान्ति, भ्रम र लीला मात्र वस्तुको यथार्थ होइन । हरेक वस्तुको रूपलाई हरेकले आफ्नो अनुकूल लीला देखाइ दिन्छन् र हामीले पनि यही लीला अनुसरण गर्छौं र लेख्छौं ।

लीलालेखनले पूर्वीय र पाश्चात्य दुवै क्षेत्रबाट विषयवस्तु अनुसरण गर्नुको साथै सहयोग प्राप्त गरेको छ । लीलालेखनले बहुलअर्थ, अनित्य र भ्रमलाई अङ्गीकार गर्दछ । त्यसैले लीलालेखन भन्ने बित्तिकै अनिश्चितताको लेखन भन्ने बुझिन्छ । लीलालेखन विसंरचना, लीला, विनिर्माण, विधाभञ्जन, विपात्रिकरण, बहुनायकत्वमा आधारित छ । लीलालेखनले पहिलेको संरचनालाई भत्काएर पुनः नयाँ संरचना निर्माण गर्दछ । पाश्चात्य साहित्यमा विकसित भएको उत्तर आधुनिकतावाद नेपालीमा लीलालेखनको रुपमा स्थापित भएको छ । अतः लीलालेखन अनिश्चितता हो, भ्रम हो, द्वन्द्व र उद्देश्यहीन लेखन हो । लीलालेखनमा लेखकलाई हटाइ पाठकलाई अर्थ खोज्न लगाइन्छ । लीलालखेनले नेपाली साहित्यलाई नित्य नवीन बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

# चौंथो अध्याय

# कृष्ण धरावासीको साहित्यिक रचनाधर्मिता औपन्यासिक यात्रा

## ४.१ प्रेरणा र पृष्ठभूमि

### ४.१.१ जन्म र बाल्यकाल

नेपाली साहित्यको विविध विधामा कलम चलाउने कृष्ण धरावासीको जन्म वि.स. २०१७ साल साउन २ गते मेची अञ्चलको पाँचघर जिल्ला अमरपुर गा.वि.स. वडा नं. ७ स्थित फलाटे भन्ने गाउँमा भएको हो । उनी माता अम्बिकादेवी भट्टराई र पिता टिकाराम भट्टराईका जेठा पुत्र हुन् । सानै उमेरमा बसाई सरेर आमाबुबासहित उनी झापाको शनिश्चरेमा आएर बसेका र हालसम्म पनि त्यही स्थायी बसोबास गरिरहेका छन् ।

कृष्ण धरावासीको पारिवारिक वातावरण पनि शिक्षित नै देखिन्छ । किनकि उनका बाबु स्वयं ज्योतिष र गणितका ज्ञाता भएका र मामाघरको हजुरबुबाले समेत सोही काम गरेको हुनाले उनलाई पढ्ने, लेख्ने सिक्ने वातावरण थियो । तर पारिवारिक आर्थिक अवस्था भने दयानीय देखिन्छ । जसको फलस्वरूप धरावासीले सानै उमेरमा आफ्नै पिताबाट अक्षर सिकेको पाइन्छ । धरावासीको बाल्यकाल सुखद रूपमा बितेको देखिदैंन । पिताको बसोबास विकट पहाडी क्षेत्रको सानो गाउँमा भएको र परिवारको गरिबीको कारणले गर्दा उचित शिक्षादीक्षा पाउन सकेनन् । कमजोर आर्थिक स्थितिका कारण धरावासीको बाल्यकाल कष्टपूर्ण तथा दयनीय थियो (धरावासी २०६४, मेरो साहित्यिक यात्रा) ।

### ४.१.२ शिक्षा

साहित्यकार कृष्ण धरावासी पहाडी विकट गाउँमा जन्मेका हुनाले नजिकमा पाठशाला नहुँदा उचित शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित भए । घरमा आफ्नै पिताबाट ३ वर्षको उमेरमा शिक्षा आरम्भ गरेका कृष्ण धरावासीले (२०२४) अस्थिर बसाइँ सराइका कारण तत्काल विद्यालय जीवन शुरू गर्न पाएनन् । कृष्ण धरावासीले वि.स. २०२६ सालमा नौ वर्षको उमेरमा औपचारिक शिक्षाको प्रारम्भ शनिश्चरे माध्यमिक विद्यालयबाट भयो । धरावासीले सोही स्कूलबाट वि.स. २०३४ सालमा द्वितीय श्रेणीमा एस.एल.सी. पास गरे त्यसै गरी २०३६ सालमा महेन्द्र बहुमुखी क्याम्पस इलामबाट आई.एड् उतीर्णाका साथै

समय परिवर्तका वाबजुध र आफ्नै कारणले केही ढिला वा केही समयको अन्तरालमा (२०४५) सालमा मेची क्याम्पस भद्रपुरबाट स्नातक तहको अध्ययन पूरा गरेका छन् । एस.एल.सी. परीक्षा सकेर आफैले अध्ययन गरेको स्कूलमा स्वयं सेवकको रूपमा केही समय अध्यापन कार्य गरेको पाइन्छ । उनले २०४३ साल आषाढदेखि कृषि विकास बैंकमा जागिर खान थालेका छन् । कृषि विकास बैंकमा जागिरे नहुन्जेलसम्म विद्यालयमा शिक्षण पेशामा संलग्न रहेको पाइन्छ (आधा बाटो २०५९ : २०६०) ।

### ४.१.३ साहित्यलेखन प्रारम्भ र प्रेरणा

कृष्ण धरावासीको साहित्यिक प्रारम्भ भने वि.स. २०२८ सालमा कक्षा ५ मा पढ्दा कक्षागत साहित्यिक गोष्ठी हुँदा **'रमाइलो नानी'** कथा सुनाएपछि भएको पाइन्छ । भनिन्छ, कुनै पनि सर्जकले कुनै पनि सिर्जनशील कार्य गर्दा कसै न कसैको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव परेकै हुन्छ । यस मान्यता अनुसार धरावासी पनि खास रूपमा शनिश्चरे स्कूल र त्यहाँका गुरुहरूबाट प्रभावित थिए । उनले वि.स. २०२९ सालमा शनिश्चरे स्कूलको वार्षिकोत्सवको दिन **'नेपाली गद्यसङ्ग्रह'** भन्ने पुस्तकबाट एउटा दन्त्य कथा सारेर सुनाउँदा उनकै साथीले भनेका थिए अरूले लेखेका कुरा पनि सुनाउने हो ? आफैले लेखेर पो सुनाउनु पर्छ । (धरावासी २०५९ : ६०) यसैबाट धरावासी लेखन कार्यतर्फ बढी प्रभावित र प्रेरित भएको बुझिन्छ ।

वि.स. २०३२ सालमा सूर्योदय साप्ताहिकमा उनको एउटा कविता प्रकाशित भयो । सानै उमेरदेखि कविता प्रति रूचि राखेकाले कविता विधाबाटै साहित्यको सुरुवात गरे र अग्रता पाए । उनको पहिलो कविता **'धानमा कसरी लाग्यो'** शीर्षकमा विद्यालयको वार्षिकोत्सव समारोहमा तृतीय स्थान प्राप्त गर्न सफल भएको छ । कविता लेख्ने प्रेरणा भने सञ्जीव उप्रेतीबाट पाएको बताउँछन् । यसै गरी शनिश्चरे मा.वि. का नेपाली शिक्षक शिवप्रसाद दाहाल पनि उनका कविताका प्रेरणास्रोत बनेका छन् । स्थापित लेखकहरुमध्ये उनी महाकवि देवकोटाका कृतिहरुबाट विशेष प्रभावित भएका देखिन्छन् । (पोखेल २०५४ : १०) यसका अतिरिक्त विभिन्न लेखरचना पत्रपत्रिका पनि उनका लागि स्रोत बने ।

सानै उमेरमा पिताको मृत्युबोध गर्नु परेकाले उनको बाल्यकाल दुःखपूर्वक र कष्टप्रद रूपले बित्यो । पारिवारिक आर्थिक र सामाजिक कारणले गर्दा उनी भित्र असचेत विद्रोहको

भाव उत्पन्न भएको पाइन्छ । वस्तुत : उनको दुःखपूर्ण जीवनभोगाइ नै उनले समाजलाई राम्ररी बुझ्ने पाठशाला बन्यो । (गड्तौला २०६३ : २) सानै उमेरमानै बाबुसँग विछोडिनु परेकाले उनको पारिवारिक जीवन दिदी बहिनी र आमाको काखमा आस्रित भयो । सानैदेखि गम्भीर, भावुक र संवेदनशील स्वभावको भएकाले उनको प्रारम्भिक रचना पनि मानवतावादी धारका छन् । यसरी हेर्दा आफ्नै परिवार र समाजबाट साहित्य लेखनको प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ ।

### ४.१.४ उपनाम

कृष्ण धरावासी साहित्यिक नाम हो भने वास्तविक नाम कृष्णप्रसाद भट्टराई हो । उनले २०३५ साल भाद्र कुशेऔशीका दिन इलाममा भएको मोती जयन्तीमा कविताकवाचन गर्दा लेखकको नाममा कृष्ण धरावासी लेखेका थिए । उनले यस उपनामको सम्बन्धमा भन्छन् म मा सोच आयो म भट्टराई, नेपाली हिन्दु, अरु केही होइन म धरावासी हुँ, म धरतीमा बस्ने एउटा मानिस हुँ, अरू सबै जस्तो (धरावासी २०६४ : २२) । उनको साहित्यिक नामले छापिएको पहिलो कृति **'महत्वाकांक्षा विनाशको प्रतीक'** हो जुन कन्दरा पत्रिकामा छापिएको थियो । उनी सानैदेखि विद्रोही स्वभावका भएकाले वंश परम्परासँग पनि विद्रोह गरी भट्टराई आफ्नो वास्तविक थरलाई त्यागेर **'धरावासी'** उपनाम राख्नु पनि यसकै सङ्केत हो ।

## ४.२ कृतिलेखनका विविध आयाम / पक्ष

सानै उमेरदेखि साहित्यमा रूचि राख्ने धराबासीले पन्ध्र वर्षको कलिलो उमेरदेखि कविता विधाका माध्यमबाट आफूलाई सुपपिरचित बनाएर कविता विधाबाट प्रवेश गरेका धरावासीले साहित्यिका विविध विधामा कलम चलाउन सफल भएका छन् । उनका कृतिलेखनका विविध आयामलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ४.२.१ कविका रूपमा धरावासी

औपचारिक रूपमा धरावासीको साहित्यिक यात्राको सुरुवात कविता विधाबाट भएको हो । उनको पहिलो कविता वि.स. २०३२ सालमा सूर्योदय साप्ताहिकमा प्रकाशित भएको थियो । उनको साहित्य साधनाको सबैभन्दा फराकिलो र जेठो विधा कविता हो । हालसम्म

उनका प्रकाशित कविता सङ्ग्रहमा **'उन्मुक्तिका आवाजहरू'** (२०५०) र **'कान्छी राधा'** (२०६२) रहेका छन् ।

धराबासीका प्रारम्भकालीन कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रियताको भावना र मानवतावाद अत्याधिक रूपमा रहेको छ । **'उन्मुक्तिका आवाज'** कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा सामाजिक विकृति र विसङ्गति विरुद्ध व्यङ्ग्य र विद्रोह गर्दै स्वतन्त्रताको चाहना मुखरित गरेको पाइन्छ । त्यस्तै **'कान्छी राधा'** कविता सङ्ग्रह हो । यसमा सत्य प्रेम र मानवताको गहिराइमा पाठकलाई डुबाउन खोजिएको छ । पुराणका मिथकहरूलाई भत्काउने र भ्रमको बोध गराउने उक्त कृति लीलालेखनलाई काव्य क्षेत्रमा गरिएको नमुना हो । उनले आफ्नो कवितामा समसामयिक मानवीय समस्यालाई पनि विषयवस्तु बनाएका छन् । उनका धेरैजसो कविताहरू क्रान्ति चेतमा आधारित छन् । विश्वमा मानवताप्रतिको प्रेम र बढ्दो सरोकार बिग्रदो वातावरण प्रति मानवीयता व्यग्रता राजनीतिक सर्वसत्तावादको विश्वजनीन विरोधमा सामेल हुने पङक्तिमा उभिने साहसका साथ बढेको समकालीन काव्यिक धारामा कृष्ण धरावासीका कविता माथिका चिन्ता र चेतनाले ओतप्रोत भएका छन् (धरावासी २०५० : ङ च) ।

### ४.२.२ निबन्धकारका रूपमा धरावासी

साहित्यको विविध विधामा कलम चलाउने कृष्ण धरावासीको निबन्ध विधा पनि उक्तिकै सशक्त देखिन्छ । उनको पहिलो निबन्ध **'महत्वाकाङ्मा विनाशको प्रतीक'** (२०३६) हो । उनका तीनवटा निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् । ती हुन् **'बालक हराएको सूचना'** (२०४८), **'नारीभित्र त्यस्तो के छ हजुर'** (२०५३), **'उत्तरमजङ्गन सिजापतिको आलु'** (२०५५) । यी तीन वटै निबन्ध सङ्ग्रहको सङ्गालो **'कृष्ण धराबासीका चर्चित निबन्धहरू'** (२०६५) पनि प्रकाशित भएको छ ।

कृष्ण धरावासी सामान्य विषयवस्तुलाई पनि निबन्धमा चमत्कारी ढँगले प्रस्तुत गर्छन् । उनी अत्यन्त छोटा र छरिता निबन्ध लेख्न रूचाउँछन् जसले गर्दा पाठक वर्गहरु पनि पढ्न रूचाउँछन् । धरावासीको निबन्धहरू मध्ये **'बालक हराएको सूचना'** निबन्धसङ्ग्रहका निबन्धहरूमा सामाजिक कु-प्रवृतिहरूप्रति व्याङ्ग्य गरेका छन् । यसरी हेर्दा कतिपय निबन्धहरू सत्य घटनामा आधारित रहेको पाइन्छ । **'नारी भित्र त्यस्तो के छ हजुर'**

निबन्ध सङ्ग्रहमा नारीहरूले भोग्नु परेको पीडा, व्यथा र समस्याहरूको चित्रण गरिएको छ भने **'उत्तमजङ्गसिजापतिको आलु'** निबन्धसङ्ग्रहले सामाजिक जीवन भोगाइलाई विषयवस्तु बनाएको छ । धरावासीका तीनवटै निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा सामाजिक, विकृति, विसङ्गति, राजनीतिक, नारी केन्द्रित विषयवस्तुलाई मुख्य विषयवस्तु बनाइएको छ । लीलालेखन सम्बन्धी मान्यतालाई घुमाउरो पाराले निबन्ध भित्र पनि प्रस्तुत गरिएको पाइन्छ ।

### ४.२.३ कथाकारका रूपमा धरावासी

धरावासीले कक्षा ५ मा पढ्दा **'रमाइलो नानी'** नामक पुस्तकबाट कथा सारेर सुनाइ कथा विधामा प्रवेश गरेका हुन् । कृष्ण धरावासी कथाकारका रूपमा समेत सुपरिचित छन् । वि.स. २०३५ सालको **'उषा'** नामक पत्रिकामा प्रकाशित गुनासो शीर्षकको कथाद्वारा धरावासीले कथा यात्रालाई अगाडि बढाएका छन् । उनको झोला (२०६०) नामक एउटा कथासङ्ग्रह प्रकाशित भएको छ । यस कथा सङ्ग्रहमा लीलालेखनका प्रविधिलाई अबलम्बन गरी रचना गरिएका १२ कथा सङ्ग्रहित छन् । झोला कथा सङ्ग्रहमा सतीप्रथाको पुरानो समयको द्वन्द्व र आत्मसङघर्षलाई वर्तमानमा प्रक्षेपण गरिएको छ । त्यसका साथै नारी शोषण, दमन, अन्याय र अत्यचारको अन्त्य गर्न आह्वन गरेका छन् । उनले कथाको माध्यमबाट परम्परित मूल्य र मान्यतालाई भत्काइ दिएका छन् । लीलालेखनलाई आधार बनाएर लेखिएका उनका कथाहरू फ्रायडवादी चिन्तनबाट प्रभावित देखिन्छन् ।

धरावासीले कथाहरूमा मानिसका सामाजिक विकृतिहरूलाई उजाँगर गर्दै आर्थिक विपन्नता र यौनजन्य समस्याहरूलाई प्रष्टाएका छन् । समग्रमा भन्दा उनका कथामा नारी शोषण, दमनका साथै सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गरेको पाइन्छ । लीला अनमोल उनका कथाको भाषाशैली सजिलै बुझ्न सकिने र सरल ढंगले प्रस्तुत गरिएको हुनाले पाठकहरूले सजिलैसँग बुझ्न सकिने र लीलालेखनको कलात्मक किसिमले प्रयोगमा भएको पाइन्छ (कृष्ण धरावासी २०६२ : २४९) ।

### ४.२.४ समालोचकका रूपमा धरावासी

कृष्ण धरावासी समालोचकको रूपमा पनि परिचित छन् । वि.स. २०४६ सालमा **'टाँगिदै गरेको आकाश र दुर्गा दहाल'** नामक शीर्षकको समालोचनात्मक लेख चन्द्रगढीबाट

प्रकाशन हुने **'साप्ताहिक विचार'** पत्रिकामा प्रकाशन गरी समालोचनाको क्षेत्रमा अघि बढेका हुन् । उनको अहिले सम्ममा चारवटा समालोचनात्मक कृति प्रकाशन भएका छन् । ती हुन् :- विश्वेश्वरप्रसाद कोइरालाका **'उपन्यासहरू'** (२०४८), **'लीलालेखन'** (२०६३) **'पाठकको अदालतमा'** (२०६२) र **'तेस्रो आयाम र बैरागी काईंला'** (२०६३) ।

उनले जीवनलाई नयाँ ढङ्गबाट हेर्ने लीलालेखनलाई बोधगम्य ढङ्गले विश्लेषण गर्ने काम गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाको ६ वटै उपन्यासहरू मनोवैज्ञानिक र मौलिक ढङ्गले विश्लेषण गरिएको छ भने लीलालेखनको सफल चिनारी समेत गरिएको छ । लीलालेखनलाई बौद्धिकता र विनिर्माणको संज्ञा दिएतापनि सरल भाषामा बुझाउन खोजेका छन् । त्यस्तै पाठकको अदालत पनि लीलालेखनकै पक्षमा तर्क राखिएको समालोचनात्मक कृति हो । यस कृति लीलालेखनलाई उत्तर आधुनिकताको नेपाली संस्करण मान्ने गोविन्दराज भट्टराईको वैचारिक द्वन्द्वलाई प्रस्तुत गर्दै लीलालेखनलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी अर्को समालोचनात्मक कृति मध्ये तेस्रो आयाम र बैरागी काइँला (२०६२) उनको साहित्यिक आन्दोलनहरू मध्ये चर्चित आन्दोलन आयमेली आन्दोलन हो । बैरागी काइँलाका कविताहरू नामक कृतिभित्रका दसवटा कविताको विश्लेषणात्मक अध्ययन गरिएको कृति हो । यसरी हेर्दा उनले उपन्यासमा निर्भीक निर्णायक मत दिएर तर्क पूर्ण समीक्षा गरेको पाइन्छ । गम्भीर विषयमा निर्धक्क कलम चलाएर पाठकहरूका बीचमा आफ्नो भिन्न पहिचान गराउन सफल भइसकेका छन् (पोखेल २०५४ : १८-१९) ।

### ४.२.५ उपन्यासकारका रूपमा धरावासी

नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएको भएता पनि कृष्ण धरावासीले मूलतः ख्याति प्राप्त भने उपन्यास विधामा कमाएका छन् । सानै उमेरदेखि साहित्यमा रूचि राख्ने धरावासीको ५ वटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । त्यसमा पनि लीलालेखनलाई बढी प्राथमिकता दिएर उपन्यास लेख्नाले नयाँ परम्पराको थालनी भएको छ । उनका उपन्यासहरूमा **'शरणार्थी'** (२०५६), **'आधाबाटो'** (२०५८), **'राधा'** (२०६२), **'तपाई'** (२०६३) **'टुँडाल'** (२०६५) रहेका छन् ।

धरावासीको 'शरणार्थी' उपन्यासलाई लीलालेखनको प्रयोग गरिएको प्रथम सर्वोत्कृष्ट उपन्यासको रूपमा लिइन्छ । शरणार्थी उपन्यासमा यथार्थ र कल्पनिकताको मिश्रण गरी भ्रम

उत्पन्न गराउनुका साथै नवीन शैलीको प्रयोग गरिएको छ । यसमा सामाजिक यथार्थ घटनालाई उपन्यासको विषयवस्तु बनाइएको छ भने पुराना कृतिका पात्रलाई समेत निरन्तरता दिइएको छ । मिथकीय उपन्यास 'शरणार्थी' थुप्रै उपन्यासबाट टिपिएका पात्रहरू उठेर लेखकसँग बोल्छन् । यसमा नेपाली जनजीवनको पीडा उतारेका छन् । यो रचना नेपाली साहित्यमा स्थापित त्रासद मिथक र पात्रहरूको नवीकरण पनि हो । (ढकाल २०५७ : २५) यस उपन्यासले लीलालेखन प्रविधिलाई अघि बढाउन बुझाउन निकै मद्दत गरेको पाइन्छ । 'कृतिमा लीलालेखनको सरल प्रयोग गरिएको छ' (धरावासी २०६३ : ३४) यस उपन्यासमा बर्मा, मेघालय र भुटानमा पुगेर स्थापित भइसकेको नेपालीहरूलाई पुनः विस्थापित गर्दै शरणार्थी बन्न बाध्य गरेको घटनालाई समावेश गरिएको छ ।

कृष्ण धरावासीको **'आधा बाटो'** आत्मकथात्मक उपन्यास हो । यस उपन्यासभित्र उल्लिखित पात्रहरू सबै सधैं भेटन सकिने मान्छेहरू नै हुन् । यो २०२४ सालदेखि २०५८ सालसम्मको धरावासीले देखेको सत्यको लेखन मानिएको छ । यस उपन्यासमा उपन्यासकारले देखेका र भोगेका विषयहरू प्रस्तुत गरेका छन् । यो कृति उपन्यास मात्र नभई इतिहास र आत्मजीवनी पनि हो भन्न सकिने खालको छ । निबन्ध यात्रा, राजनीति, साहित्य, पत्रकारिता, अनेक विधाको रूपमा यसलाई लिइएको छ (धरावासी २०५९ : भूमिका) । यस उपन्यासमा एकहजार चारसय तीस जना वास्तविक पात्रको नाम समेटिएको छ । **'आधाबाटो'** उपन्यास धरावासीले जीवनमा भोगेको पीडाको कथा हो र विपन्न पात्र पनि आफै हुन् । यस कृतिको लेखक नभएर सङ्कलक मात्र भएका छन् । उनले आफ्नै मनबाट कुनै कुरा उत्पन्न नगरी उनी स्वयम् पनि कथा भित्रका पात्र रहेका छन् ।

मिथकीय उपन्यासको रूपमा बहुचर्चित उपन्यास हो राधा (२०६२) । यस उपन्यासले मदन पुरस्कार समेत प्राप्त गरिसकेको छ । यसमा पौराणिक विषयवस्तुलाई यथार्थ घटनासँग मिश्रित गराएर भ्रमको सिर्जना गरिएको छ । यसमा राधालाई मुख पात्र बनाएर लीलालेखनका धारणाहरू विचारहरु यस उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासले परम्परित मूल्य मान्यतालाई भत्काउदै नयाँ मान्यताको स्थापना गराएको छ । प्राचीन राधालाई आधुनिकतामा रङग्याएर समग्र नारीहरुको कथासम्म सादृश्यता गराइएको छ । यस उपन्यासमा कृतिको भाषामा निरन्तरता प्रस्तुतिमा तार्किकता र संवाद बहुलता पाइन्छ । नवीन शिल्प पद्धतिले गर्दा यसले अलग्गै स्थान प्राप्त गर्न सफल भएको छ ।

धरावासीको अर्को औपन्यासिक कृति तपाई हो । यो उपन्यास पनि नवप्रयोगवादी उपन्यास हो । यसमा आख्यान र समालोचनाको मिश्रण पाइन्छ । द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको प्रथम नेपाली उपन्यास हुने सौभाग्य पाएको यस उपन्यासको सबैभन्दा सवल पक्ष भनेको माओवादी विद्रोहीप्रति गरेको न्याय हो । उनीहरूबाट हुने गरेका अन्याय अत्यचार र गल्तीहरुलाई जसरी उनले चर्चा गरेका छन् । त्यसै गरी माओवादी भित्र पनि मानवीय संवेदनाहरू, भावना, चेतना, दया, माया, करुण भाव बुद्धिमानी र तार्किकता कुराहरू गर्न सक्ने व्यक्तिहरू छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ (धरावासी : २०६४) ।

धरावासीको पछिल्लो समयमा प्रकाशित उपन्यास **'टुँडाल'** हो । यस उपन्यासमा वास्तविक र अवास्तविक पात्रको प्रयोग गरिएको छ । यसमा आदिम कालदेखि नारी यौनको नाममा शोषित र पीडित हुँदै आइरहेको कुरालाई यथार्थ रूपमा देखाउनुका साथै नारीले आफ्नो अस्तित्व रक्षाका लागि आफैले सङ्घर्ष गर्नु पर्ने कुरालाई प्रस्तुत गरिएको छ । उपन्यासकारले आफूले देखेको, भोगेको विषयवस्तुलाई समेत प्रस्तुत गरेका छन् । यसमा परम्परित मूल्य र मान्यतालाई भत्काउदै नयाँ मान्यताको स्थापना गराउन सफल भएको छ । अन्य उपन्यासको कथावस्तु भन्दा भिन्न कथावस्तुको सिर्जना गरी उपन्यासलाई पृथक बनाउन खोजिएको छ ।

**'शरणार्थी'** उपन्यासबाट लीलालेखनको धार सुरुवात गरेका धराबासीले आधाबाटो राधा, तपाई, हुदैं **'टुँडाल'** नौलो लीलामा समापन गरेका छन् । यसरी हेर्दा धराबासी अन्य विधामा भन्दा उपन्यास विधामा बढी आकर्षित भएका देखिन्छन् र पाठकले पनि उनका उपन्यासलाई मन पराउँछन् । यसको कारण उनले नयाँ-नयाँ प्रयोग गरिरहनु र पाठकलाई नयाँ स्वाद चखाउनु नै हो भने यस उपन्यासको विन्दु लीला नै हो ।

### ४.२.६ सम्पादकका रूपमा धरावासी

साहित्यको विभिन्न विधामा कलम चलाएका धरावासी नेपाली साहित्यको क्षेत्रमा लेखक मात्र नभएर एउटा सफल सम्पादक पनि हुन् । उनले विभिन्न पत्रपत्रिका, केही पुस्तकारकृतिहरू र समसामयिक सङ्कलनहरूको सम्पादन गरेका छन् । अन्य साहित्यिक विधामा झैं सम्पादक व्यक्तित्वको रूपमा पनि उनलाई चिनाउन सकिन्छ । उनले सम्पादन गरेका विभिन्न कृतिहरू यस प्रकार छन् :-

१. **कन्दरा,** इलाम-साहित्यिक सङ्कलन - (२०३७)

२. **आजको कविता**-साहित्यिक सङ्कलन- (२०३८)

३. **खितिति** (हास्यव्यङ्ग्य) - साहित्यिक सङ्कलन - (२०३९)

४. **माइबेनी**, इलाम - साहित्यिक सङ्कलन - (२०४४)

५. **सासंक त्रैमासिक** - साहित्यिक सङ्कलन - (२०५०)

६. **सी.के. प्रसाइँका विचारहरू** - साहित्यिक सङ्कलन - (२०५३)

७. **भुटानी शरणार्थी र वातावरण** - साहित्यिक स्कलन - (२०५५)

८. **अभिलेख** - साहित्यिक सङ्कलन - (२०५५)

९. **राष्ट्रिय प्रतिभा गङ्गानाय बाँस्तोला** - साहित्यिक सङ्कलन - (२०५७)

१०. **केशव आचार्यका कविता** - (२०५९)

११. **लीला प्रस्तावना** (२०५९)

१२. **वनिता त्रैमासिक र लीला लेखन विशेषङ्क** (२०६२)

१३. **लीला विमर्श सह-सम्पादन** - (२०६२)

१४. **दुवसु क्षेत्रीका प्रारम्भकालीन कविताहरू** (२०६२)

१५. **समष्टि** (द्वैमासिक साहित्यिक)

माथिको आधारबाट के स्पष्ट हुन्छ भने कृष्ण धरावासी सम्पादकका क्षेत्रमा पनि त्यतिकै सफल र सशक्त रूपमा देखा परेका छन् । उनले व्यक्ति व्यक्तित्त्वसँग सम्बन्धित कृतिका साथै साहित्यका विविध विधाका कृतिहरूको सम्पादन गरिसकेको स्पष्ट हुन्छ । अतः कृष्ण धरावासीले सम्पादन व्यक्तित्त्व रूपमा पनि आफ्नो वर्चस्व कायम गरिसकेका छन् ।

### ४.२.७ पुरस्कार

नेपाली साहित्यमा निरन्तर साधनरत लागि परी नेपाली साहित्य जगत्लाई पुऱ्याएको योगदानको कदर गर्दै धरावासीलाई विभिन्न व्यक्ति र संघसंस्थाबाट सम्मानित गरिएको छ । हालसम्म उनले पच्चीस सयदेखि दुइलाखसम्मका पुरस्कार प्राप्त गरिसकेका छन् । उनले प्राप्त गरेका पुरस्कारहरू निम्नानुसार छन् :-

१. महानन्द पुरस्कार - २०४६
२. देवकोटा स्मृति पुरस्कार (झापा) - २०५२
३. उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार (नेपाल जेसिज) - २०५२

४. राष्ट्रिय प्रतिभा पुरस्कार - २०५३
५. उत्तम शान्ति पुरस्कार - २०५४
६. युवा वर्ष मोती पुरस्कार - २०५६
७. प्रतिभा पुरस्कार (विराटनगर) - २०५६
८. रामराज पन्त स्मृति पुरस्कार - २०५९
९. ज्योतिष पत्रकारिता पुरस्कार - २०५९
१०. विसाप स्रष्टा पुरस्कार - २०५९
११. एस.एल.शर्मा सिर्जनाशील पत्रकारिता पुरस्कार - २०६२
१२. धरणीधर वाणी पुरस्कार - २०६२
१३. मदन पुरस्कार - २०६२

**सम्मान :-/कदरपत्र**

नेपाली साहित्यमा योगदान र विभिन्न सामाजिक क्षेत्रको विकासमा उल्लेखनीय कार्य गरेवापत धरावासी देशभित्र र देश बाहिरबाट समेत सम्मानित बनेका छन् । ती निम्नानुसार छन् :-

१. नगर प्रतिभा विकास शाखा (इलाम) - २०४४
२. देवकोटा स्मृति भवन, भद्रपुरा (झापा) - २०५२
३. सांसक प्रतिष्ठान, झापा - २०५३
४. अभ्यर्थना समिति (झापा) - २०५३
५. कन्काई प्रतिभा प्रतिष्ठान (झापा) - २०५३
६. शनिश्चरे गा.वि.स. शनिश्चरे (झापा) - २०५३
७. अर्जुनधारा गा.वि.स. अर्जुनधारा (झापा) - २०५७
८. वर्तमान साहित्यक प्रतिष्ठान (झापा) - २०५७
९. नेपाल वित्तीय संस्था क. संघ (कृषि विकास बैंक झापा) - २०५९
१०. लेखनाथ वाचनालय झापा - २०५८
११. मेची नगरपालिका, मेचिनगर (झापा) -२०५९
१२. जुही साहित्यिक त्रैमासिक (झापा)-२०५९
१३. त्रिफला राष्ट्रिय पुस्तकालय (झापा) - २०५९
१४. नवरङ्ग साहित्यिक प्रतिष्ठान - २०६२
१५. बृहतार गुवाहप्टी साहित्यिक अथिहि आसाम्

यसर्थ कृष्ण धरावासीले हालसम्म दुई दर्जन भन्दा बढी पुरस्कार तथा सम्मान पाइसकेका छन् । उनले पाएको पुरस्कार तथा सम्मानलाई हेर्दा स्थानीय तहदेखि लिएर राष्ट्रिय तह सम्मका छन् । उनको लेखन निरन्तर रूपमा चलिरहेको हुनाले अझै पनि पुरस्कार सम्मानमा विस्तार हुने देखिन्छ भने एक पटक अन्तराष्ट्रिय क्षेत्रम समेत आतिथ्य ग्रहन गर्न पुगेका छन् ।

### ४.२.८ संलग्नता

सहित्यकार धरावासीले साहित्यिक क्षेत्रमा मात्र कलम नचलाई सामाजिक क्षेत्रमा रहेर पनि प्रशस्त चेतना अभिवृद्धि एवम् निमार्णका कार्यहरु समेत गरेका छन् । सार्वजनिक कार्यमा समेत आफूलाई सामेल बनाएका धरावासीले साहित्यिक तथा गैरसाहित्यिक संस्थामा सक्रिय सदस्यका रूपमा कार्यरत रहेको पाइन्छ । समाजका विभिन्न क्षेत्रमा उत्साहित भएर काम गर्ने प्रवृत्ति उनमा रहेको देखिन्छ ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | : आदर्श साहित्यिक तथा सांस्कृतिक दोभान, शनिश्चरे |
| २. | अध्यक्ष | : सी. के. चिन्तन प्रतिष्ठान |
| ३. | नि.व. अध्यक्ष | : नेपाली साहित्यिक विकास समिति, मेची |
| ४. | अध्यक्ष | : नियात्रा प्रकाशन, झापा |
| ५. | उपाध्यक्ष | : वसुन्धरामान प्रतिष्ठा, काठमाण्डौं |
| ६. | पूर्वाञ्चल उपाध्यक्ष | : नेपाली लेखक संघ |
| ७. | महासचिव | : सांसक प्रतिष्ठा, धुलावारी |
| ८. | महासचिव | : जयन्द्रप्रसाद प्रसाई, साहित्य सेवाकोष झापा |
| ९. | केन्द्रीय सदस्य | : नेपाल साहित्यकार सङघ |
| १०. | केन्द्रीय सल्लाहकार | : नेपाल प्रेस युनियन |
| ११. | सल्लाहकार | : साहित्य चौतारी झापा |

समाजमा रहेका निम्न वर्गीय व्यक्तिहरूको उन्नति र प्रगतिको निम्ति साहित्यिक कृतिहरूमा जसरी नै व्यवहारमा पनि कृष्ण धरावासी सशक्त रुपमा देखा परेका छन् । विभिन्न संघ संस्थासँग सम्लग्न रहेर ओझेलमा परेका र सही मूल्याङ्कन हुन नसकेको व्यक्तिहरूलाई योगदानको कदर गर्न सिकाउने र अगाडि बढ्नका लागि प्रेरित गर्ने धरावासी समाजिक व्यक्तित्व हुन् ।

## ४.३ कृष्ण धरावासीको औपन्यासिक यात्रा

### ४.३.१ परिचय र पृष्ठभूमि

आधुनिक विधाको रूपमा उदय भएको उपन्यासको इतिहास त्यति प्राचीन छैन । अझ नेपाली उपन्यासमा त बीसौं शताब्दीको अन्तिम चरणबाट मात्र शुरुभएको हो । उपन्यासको पूर्वाधार कथासाहित्य नै हो । वेद, ब्रहम, उपनिषद् हुदैं अगाडि बढेको र आलेखन पनि पाइन्छ ।

वि. सं. १८२७ को शक्तिवल्लभ अर्ज्यालको **'महाभारतविराटपर्व'** बाट नेपाली उपन्यासको विकासक्रम शुरुभएको पाइन्छ । वि.स. १८२७ देखि वि.सं. १९४६ भित्र कथात्मक गद्य साहित्यको जग बसाल्ने प्रारम्भिक प्रयास देखा पर्दछ ।वि.सं. १९४६ देखि १९९० सम्म माध्यमिक कालीन आख्यानात्मक कृति देखा पर्दछ । वि.सं. १९४६ मा शिवदत्त शर्माले **'वीर सिक्का'** लेखेपछि प्राथमिक गद्य आख्यान परम्पराको अन्त्य हुन्छ । यही प्राथमिक कालीन र माध्यमिक कालको ऐतिहासिक पृष्ठभूमिलाई नै आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि मान्न सकिन्छ । नेपाली उपन्यासको प्राथमिककालीन नैतिक, धार्मिक, पौराणिक आख्यान परम्पराबाट साहित्य रोमाञ्चक, वीरतापूर्ण, तिलस्मी, जासुसी, अतिरञ्जनात्मक आख्यान परम्परातर्फको झुकाव नै माध्यमिक कालको मूल प्रवृत्ति रह्यो । माध्यमिक आख्यान परम्परालाई  तिलाञ्जली दिदैं समाजिक धरातललाई प्रश्रय दिई मानवीय चरित्रको अध्ययन बोलचालको भाषाको प्रयोग गर्नु नै आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापनको खास लक्षण हो । विधिगत मौलिकता र नवीन मान्यतालाई स्वीकार गरेर सर्वप्रथम रुद्रराज पाण्डेको रूपमती (१९९१) उपन्यास देखा पऱ्यो । विष्णुचरण श्रेष्ठाको **'सुमति'** (१९९२), रूपनारायण सिंहको **'भ्रमर'** (१९९३) ले नेपाली उपन्यासमा  मौलिकता भित्र्याउनका साथै आधुनिक नेपाली उपन्यासको पहिचान गरेको देखिन्छ ।

वि.सं. १९९१ देखि २००४ सम्मको अवधिमा खासै उल्लेखनीय औपन्यासिक कृतिहरू देखिएनन् र राणाकालीन कठोर समाजिकता र वातावरणका कारण ऐतिहासिक धरातललाई ग्रहण गरेर फाटफुट रूपमा मात्र औपन्यासिक कृति देखा परे । यस समयका कृतिहरूमा समाजमा देखा परेको अन्याय, अत्याचार, दमन, शोषणका साथै कतै प्रेमका कोमलता भावना र आदर्शको चित्रण गरेको पाइन्छ ।

आधुनिक नेपाली उपन्यासको फाँटमा सामाजिक यथार्थवादी धारालाई अँगाली महत्वपूर्ण उपन्यास लेख्ने उपन्यासकार हुन् लैनसिंह बाङ्देल । उनले (२००४) सालमा **'मुलुक बाहिर'** उपन्यास लेखेका छन् । जसमा समाजको यथार्थतालाई जस्ताको तस्तै देखाइएको छ । (२००६) सालमा डाइमनशमशेरको ऐतिहासिक उपन्यास **'वसन्ती'** देखा पर्छ । त्यसै गरी २००८ सालमा लैनसिंह वाङ्गदेलको अतियथार्थवादी धाराको उपन्यास **'लङ्गडाको साथी'**, आलोचनात्मक यथार्थवादी धारामा हृदयचन्द्र सिंह प्रधानको **'स्वास्नी मान्छे'** (२०११), मनोविश्लेषण यथार्थवादी धारामा गोविन्दवहादुर मल्लगोठालाको **'पल्लो**

**घरको झयाल'** (२०१६, विजय मल्लको **'अनुराधा'** (२०१८), **'कुमारी शोभा'** (२०३९) प्रकाशित छन् ।

आधुनिक नेपाली उपन्यासको क्षेत्रमा वि.सं. २०२१ सालमा नयाँ मूल्य र मान्यतालाई अनुसरण गरी लेखिएको उपन्यास इन्द्रवहादुर राईको **'आज रमिता छ'** प्रकाशन भयो । यसले परम्परागत लेखन प्रक्रियामाथि आक्रमण गर्दै र चुनौति दिदैं नवीन प्रयोगवादी औपन्यासिक मोड प्राप्त गर्दछ । यसै अवधिमा पारिजातको **'शिरीषको फूल'** (२०२२), **'महत्ताहीन'** (२०२५), **'बैंसको मान्छे'** (२०२९), धूवचन्द्र गौतमको **'अन्त्यपछि'** (२०२४), **'बालुवामाथि'** (२०२८), **'डापी'** (२०३३), दौतलविक्रम विष्टको **'चपाइका अनुहार'** (२०३०), विश्वेश्वरप्रसाद कोइरालाको **'तीन घुम्ती'** (२०२५), **'नरेन्द्र राई'** (२०२६), **'सुम्निमा'** (२०२७), प्रकाशित छन् । त्यसै गरी जगदीश घिमीरेको **'साविति'** (२०३२), नयनराज पाण्डेको **'विक्रमा दित्य' 'एउटा कथा सुन'** (२०४४), वानिरा गिरिको **'कारागार'** (२०३५) आदि प्रमुख रहेका छन् । आधुनिक नेपाली उपन्यासको यस समयमा परम्परागत लेखनका विरुद्ध नवलेखनको तिव्रता पाइन्छ । पाश्चात्य प्रभावले गर्दा यस कालका उपन्यासहरूको संरचनामा आकर्षण थपेको छ । अझ चालीसको दशकपछि ध्रुव चन्द्र गौतमको **'अलिखित'** (२०४०), राजेश्वर देवकोटाको **'आवर्तन'** (२०४१), गौतमकै **'उपसंहार तथा चौथो अन्त्य'** (२०४८), **'अग्निदत+अग्निदत'** (२०५२), नारायण ढकालको **'पीत संवाद'** (२०५५), **'दूरभिक्ष'** (२०६२) आदि उपन्यासहरूले समाजिक विकृति र विसंगतिप्रति चित्रण गरेका छन् । यसरी हेर्दा यी उपन्यासले परम्परागत मूल्य र मान्यताप्रति तिव्र रूपमा व्यङग्य गर्दै फ्रायडेली मनोवैज्ञानिक मनोविश्लेषण पद्धतिलाई अँगालेको देखिन्छ । मार्क्सको द्वन्द्वात्मक भौतिवादलाई नेपाली उपन्यासले आफूभित्र समाहित गरेको छ । यस समयका उपन्यासमा पात्रलाई बढी महत्त्व दिने र कथावस्तुलाई कम महत्त्व दिएर द्वन्द्व र नाटकीयताको बढी चित्रण गरेको पाइन्छ । यस अवधिका उपन्यासमा क्लिटतालाई बढी महत्त्व दिने हुनाले कलात्मकताको ह्रास भएको पाइन्छ । उपन्यासमा देखापरेको विसङ्गतिबाट नमानी त्यसका विरुद्ध सङ्घर्ष गरेर युग सान्दर्भिक कृति सृजना गर्न सकिन्छ । इन्द्रवहादुर राईले प्रारम्भ गरेको लीलालेखनलाई अगाल्ने विनिर्माणवाद, उत्तरआधुनिकतावाद तथा नारीलाई समेत विशेष महत्त्व दिई उपन्यासको पृष्ठभूमिमा रहेर उपन्यास लेख्ने उपन्यासकार हुन् धरावासी ।

नेपाली साहित्यको विविध विद्यामा कलम चलाउने धारावासीले खास ख्याति प्राप्त भने उपन्यासको क्षेत्रमा पाएका छन् । उनले वि.सं. २०३२/०३३ देखि गद्यकृति लेखन शुरूवात गरेको भए पनि वि.सं. २०५६ सालमा मात्र 'शरणार्थी' उपन्यास प्रकाशित भयो । **'शरणार्थी'** उपन्यासले नै उनलाई प्रथम पटक उपन्यासकारको रपमा परिचित गाराएको हो । उनको दोस्रो उपन्यास **'आधाबाटो'** (२०५९) प्रकाशित भए पछि उनी झन चर्चित उपन्यासकार बन्दै गए । उनको तेस्रो उपन्यास **'राधा'** (२०६२) हो । राधा उपन्यासले त झन उनलाई उच्च विन्दुमा पुऱ्यायो । यस उपन्यासले मदनपुरस्कार समेत प्राप्त गर्न सफल भएको छ । उनको चौथो उपन्यास **'तपाई'** (२०६३) हो । तपाई उपन्यासमा विविध विधालाई मिश्रण गरिएको छ । उनको पहिल्लो प्रकाशित उपन्यास **'टुँडाल'** (२०६५) हो । जसमा सांस्कृतिक योन मनोविज्ञानलाई विषयवस्तु वनाइएको छ । यी माथिका कृतिका आधारमा धारावासीको औपन्यासिक यात्रालाई निम्न अनुसार देखाउन सकिन्छ ।

१. प्रथम चरण (वि.सं. २०३२-२०५५)
२. द्वितीय चरण ( वि.सं. २०५६-२०५९)
३. तृतीय चरण (वि.स.२०६० देखि हालसम्म)

### ४.३.१.१ प्रथम चरण (वि.सं. २०३२-२०५५)

वि.सं. २०३२ देखि २०५५ बीचको समयलाई प्रथम चरणको पृष्ठ भूमिको रूपमा लिइएको छ । वि.सं. २०३३ सम्मको अवधिलाई पूर्वाभ्यासको रूपमा लिइन्छ । प्रथम चरणलाई पृष्ठभूमिको रूपमा मात्र लिइएकोले उपन्यास लेखनमा सीमित रहेको छन् । कमजोर पारिवारिक आर्थिक अवस्थाका कारणले विद्रोही बनेर देखापरेका धारबासीले २०३४ मा **'कर्मको फल र शिला'** लेखी आफुलाई अग्रता दिलाएर अभ्यासको शुरुवात सँगसँगै लेखन कार्यलाई अगाडि बढाएका धारावासीले गद्य रचनाहरूमा पुरस्कार पाएका छन् । **'अप्रत्यासित जीवन'** (२०३४), **'अभिशप्त जिन्दगी'** (२०३६) र नाम विनाका केही रचना समेत पाइन्छन् । यस चरणका अन्य गद्य रचनाहरूमा **'सडक'** (२०४२), **'मम्मी हाम्री आमा सबै'** ? (२०३४) छन् ।

यस चरणका गद्य रचनाहरूमा समाजका ठूला भनाउँदाहरूले गरीबहरू प्रति गरेको अन्याय, अत्याचार, दमन शोषणको भण्डाफोर गरिएको छ । यसरी आ-आफ्ना दाजुभाइबीच

हुने झैझगडा कलह आदिलाई यथार्थ रुपमा देखाइएको छ । उनको यस अवधिमा उपन्यासहरू गद्यलेखनमा मात्र सीमित देखिन्छ । समाजमा आफुले देखेका, भोगेका विषयवस्तुलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस समयका लेखनमा नारी हृदयमा भएको त्याग र समर्पणको भावना समेत चित्रण गरेको पाइन्छ । धारावासीका यस चरणका प्रवृत्तिहरु निम्नानुसार छन् :-

१. समाजमा आफुले देखेभोगेका विषयवस्तुको प्रस्तुति दिनु ।

२. समाजिक यथार्थवादी प्रकृतिलाई अबलम्बन गर्नु ।

३. गद्य लेखनमा मात्र सीमित रहनु ।

४. मूल्यात्मक भन्दा संख्यात्मक रचनाहरूको सिर्जना गर्नु ।

५. पारिवारिक झैंझगडा समेत देखाउनु ।

यसरी पहिलो चरण केवल धारवासीको उत्तरवर्ती उपन्यासका लागि पृष्ठभूमि बनेको छ । यस चरणमा संख्यात्मक रूपमा बढी गद्यरचनाहरू देखिए पनि सिकाइका क्रममा आएकाले उल्लेख्य रचनात्मक कृत्ति बन्न सकेनन् ।

### ४.३.१.२ **द्वितीय चरण** (वि.स. २०५६-२०५९)

कृष्ण धारावासीको दोस्रो चरण उपन्यास लेखनको दृष्टिले सशक्त रूपमा अगाडि बढेको पाइन्छ । यस चरणमा उपन्यास लेखनले एउटा निश्चित विन्दु प्राप्त गरेको छ । पूर्वकालको लेखनले उनलाई एक सशक्त उपन्यासकारको रूपमा स्थापित गर्न सहयोग पुऱ्याएको छ । लीला लेखनलाई प्रमुख प्रवृत्ति बनाई अगाडि बढेको यस चरणमा **'शरणार्थी'** (२०५६) र **'आधाबाटो'** (२०५९) दुई उपन्यासहरू प्रकाशित छन् । इन्द्रवहादुर राईको 'जयमाया आफु मात्र लिखापानी आईपुगी' कथालाई आधार बनाएको शरणार्थी उपन्यास लेखी देशविदेशको राजनीतिक घटनाक्रमलाई समेत समेटेको पाइन्छ । शरणार्थी उपन्यासले लीलालेखनको प्रविधिलाई मूर्त रूप लिएको छ । यसै चरणको अर्को उपन्यास **'आधाबाटो'** (२०५९) आत्मकथात्मक शैलिमा लेखिएको र सम्पूर्ण घटना र पात्रहरू वास्तविक हुन् । कहीं काल्पनिक जस्तो लाग्न गएमा त्यसलाई संयोग मात्र मानिने छ भन्ने अभिव्यक्तिले पूर्ण यथार्थपरक घटनाको प्रस्तुति पाइन्छ । द्वितीय चरणका उपन्यासले सामाजिक विसङ्गतिको राम्रो चित्रण गर्नुका साथै विविध विधाहरूको मिश्रण गरिएको पाइन्छ । समाजमा घट्ने

यथार्थ घटनालाई समावेश गरी लीलालेखनको विनिर्माणवाद आदिको समुचित प्रयोग गरेको पाइन्छ । यस चरणको प्रमुख प्रवृत्तिहरु निम्नानुसार छन् ।

१. लीला लेखनको प्रविधिहरुको समुचित प्रयोग ।

२. अधिक पात्रको प्रयोग हुनु

३. समाजको यथार्थ घटनाको प्रस्तुति

४. आत्मकथनात्मक र बिम्बात्मक भाषाशैलीको प्रयोग

५. प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग

६. राष्ट्रप्रेमको भावना प्रस्तुति

७. शारीरिक प्रेमलाई गौण ठान्नुका साथै जातीय सद्भाव

खास रूपमा कृष्ण धारावासीका यस चरणका उपन्यासहरूमा लीलालेखन विनिर्माणवादको प्रयोग पाइन्छ भने आत्मकथात्त्मक भाषाशैलिको प्रयोग गरिएको छ । प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गर्दै र राष्ट्रप्रेमको भावना प्रस्तुत गरिएको छ ।

### ४.३.१.३ तृतीय चरण (वि.स.२०६० देखि हालसम्म)

कृष्ण धारावासीका यस चरणका उपन्यासहरू भिन्न प्रवृत्ति र विशेषताहरू लिएर देखा पर्दछ । यस चरणमा प्रकाशित उनका औपन्यासिक कृतिहरूमा **'राधा'** (२०६२), **'तपाई'** (२०६३), **'टुँडाल'** (२०६५) रहेका छन् । राधा पौराणिक विषयवस्तुमा आधारित उपन्यास हो । यसमा पौराणिक विषयवस्तुलाई नवीन ढङ्गले प्रस्तुत गरिएको छ । यसमा लीलालेखनलाई सूक्ष्म ढङ्गबाट प्रयोग गरेको पाइन्छ । धारावासीको पूर्व प्रकाशित उपन्यासमा भन्दा भिन्न अस्तित्त्व बोकेको यस उपन्यासमा पौराणिक मिथकलाई नयाँ दृष्टिकोणद्वारा प्रस्तुत गरिएको छ । (प्रणतः २०६१ः २) नारी पात्रको दृष्टिले पनि अघिल्लो उपन्यासको तुलनामा यो सफल देखिन्छ । **'राधा'** लाई मुखपात्र बनाएर लीलालेखनका विचार र धारणालाई प्रस्तुत गरिएको छ । नारीहरू विद्रोही बनेर यस भन्दा पूर्वका उपन्यास देखा पर्न सकेका थिएनन् ।

यस चरणको कृष्ण धारावासीको औपन्यासिक अर्को कृति हो **'तपाई'** । यो उपन्यासमा दोस्रो पुरुषीय शैलीको प्रयोग गर्नुका साथै आख्यानप्रयोग हुने तेस्रो वा प्रथम पुरुषीय शैलीको संरचनालाई भत्काइएको छ । यस उपन्यासमा कथाको संरचनालाई विघटन

गर्नुका साथै यौन पक्षको पनि उद्घाटन गरिएको छ । बहुनायकत्व प्रयोग भएको यस उपन्यासमा लेखकको कमजोर पक्ष उसैका पाठक र पात्रले देखाएका छन् । वर्तमान सामाजिक परिवेशको सेरोफेरोको चित्रण गरिएको छ । (लामीछाने २०६३ : भूमिका)

कृष्ण धारावासीको यसै चरणको अर्को अन्तिम उपन्यास हो **'टुँडाल'** । यस उपन्यासमा सांस्कृतिक मनोविज्ञानलाई आधार बनाई कला र संस्कृतिमा झल्किदै आएको यौन विम्वलाई देखाएको छ । यसमा यथार्थ र काल्पनिक पात्रको प्रयोग गरिएको छ। नारीलाई नै केन्द्रीय पात्र बनाइएको र नारीपात्रकै वाहुल्यता रहेको धारावासीको 'टुँडाल' उपन्यासमा सामाजिक, सांस्कृतिक, आध्यात्मिक, मनोविज्ञानलाई मिश्रण गरिएको पाइन्छ । यौनको नाममा नारी दमित भैरहेका छन् । नारी पनि पुरुष जतिकै स्वतन्त्र छे तर सँगै संभोग गर्न स्वतन्त्र छैन, त्यसैले आजको आफ्नो वर्तमान अस्तित्व आफैं खोज्नु पर्छ भन्ने कुरालाई देखाइएको छ । (धरावासी, २०६६ : भूमिका) समाजमा देखिने यथार्थलाई जस्ताको तस्तै उतार्नुका साथै राष्ट्रवादी भाव र राजनीतिक जनक्रान्तिलाई समेत समावेश गरिएको पाइन्छ । यस उपन्यासमा पनि लीलालेखनको प्रयोग गर्नुका साथै योनलाई बढी प्रश्रय दिएको पाइन्छ ।

धारावासीको तेस्रो चरणका उपन्यासमा लीलालेखनको समुचित प्रयोग, मिथकीय विषयवस्तु, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, आध्यात्मिक दृष्टिकोबाट विषयवस्तुलाई हेरिएको पाइन्छ । वहुनायकत्व, विश्वजनीय विषयवस्तु, विद्रोही नारी पात्र, आलङ्कारीतालाई समेत देखाइएको पाइन्छ । यस चरणका प्रवृत्तिहरू निम्नानुसार छन् ।

१. मिथकीय विषयवस्तुको प्रयोग गरिनु ।
२. विश्वजनीय विषयवस्तुको प्रस्तुति ।
३. विद्रोही नारीपात्रलाई विद्रोही बनाउनु ।
४. अझ स्पष्ट रूपमा लीलालेखनको प्रयोग गर्नु ।
५. वहुनायिकताको प्रयोग गर्नु ।
६. अस्तित्ववाद र विसङ्गतिवाद तर्फ केन्द्रित हुन् ।
७. आलाङ्कारिक विम्वात्मक प्रतिकात्मकताको भाषा शैलीको प्रयोग गर्नु ।

सानै उमेरदेखि साहित्य लेखनमा सक्रिय रूपमा देखापरेका धारावासीको विविध विधामा कलम चलाइसकेका छन् । धरावासीका हालसम्म दुईवटा कविता सङ्ग्रह चारवटा

समालोचनात्मक कृतिहरू र पाँचवटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । उपन्यास लेखनको प्रार्दुभाव शरणार्थीबाट भएको हो । उपन्यासको प्रथम चरण केवल उपन्यास लेखनको पृष्ठभूमिको रुपमा मात्र लिन सकिन्छ भने दोस्रो चरणका कृतिमा यथार्थ घटनाको साथै लीलालेखनको प्रयोग समेत सफल प्रयोग गरेको छन् । तृतीय चरणमा राईद्वारा शुरू गरिएको लीलालेखन विनिर्माणको समेत राम्रो प्रयोग कृष्ण धरावासीले गरेका छन् । यसरी हेर्दा आधाबाटो, तपाई, राधा, टुँडाल आदिसम्म आइपुग्दा लीलालेखन झन परिष्कृत, परिमार्जित हुँदै आएको पाइन्छ । कृष्ण धारावासीको औपन्यासिक यात्रा हालसम्म कायमै नै छ । आशा छ अझै पनि यिनले निकै लामो बाटो तय गर्नेछन् ।

## ४.४ उपन्यासकार धरावासीको मूल प्रवृत्ति र विशेषताहरू

बहुमुखी प्रतिभाका धनी कृष्ण धरावासीले विविध विधामा कलम चलाए पनि खास ख्याति प्राप्त भने उपन्यासमा पाएका छन् । विद्यार्थी जीवनबाट नै उपन्यास लेखन कार्य शुरु गरेका धरावासीले हालसम्म १८ वटा उपन्यास लेखिसकेका छन् । आर्थिक, व्यावहरिक कठिनाइका बाबजुद पनि यति धेरै उपन्यास लेख्न सफल भएका धरावासीको औपचारिक सुरुवात भने २०५६ सालमा **'शरणार्थी'** उपन्यास प्रकाशनबाट हुन्छ । वि.स. २०५६ सालभन्दा पहिले लेखिएको धरवासीका उपन्यास अप्रकाशित अवस्थामा रहेका छन् ।

उपन्यासकार कृष्ण धरावासीको औपचारिक उपन्यास लेखनको प्रार्दुभाव गरेको **'शरणार्थी'** (२०५६) ले आधुनिक नेपाली उपन्यासमा लीलालेखन भित्र्याउने काम गऱ्यो । लीलालेखनलाई मूल केन्द्रविन्दु बनाएको धरावासीको यस उपन्यासलाई प्रथम उपन्यास मानिन्छ । संख्याका आधारमा उनका उपन्यास अत्याधिक रहेपनि पाँचवटा उपन्यास मात्र प्रकाशित छन् । जसमा **'शरणार्थी'** (२०५६), **'आधाबाटो'** (२०५९), **'राधा'** (२०६२), **'तपाईं'** (२०६३) र **'टुँडाल'** (२०६६) रहेका छन् । यी उपन्यासहरुले नयाँ-नयाँ प्रवृत्तिलाई अपनाएका छन् । लीलालेखन, विनिर्माणवाद आदिको सफल प्रयोग भएका उनका उपन्यासहरू अमूल्य रहेका छन् । धरावासीका औपन्यासिक प्रवृति र विशेषताहरू निम्नानुसार छन् :-

### ४.४.१. लीलालेखन

उपन्यासकार कृष्ण धरावासी आधुनिक नेपाली उपन्यासमा लीलालेखनलाई भित्र्याउने प्रथम स्रष्टा हुन् । उनका प्रकाशित पाँचवटै उपन्यासमा लीलालेखनलाई आधार

बनाइएको छ । कथा विधामा इन्द्रबहादुर राईबाट प्रवेश गरेको लीलालेखन उपन्यासको क्षेत्रमा भने कृष्ण धरावासीको **'शरणार्थी'** २०५६ मा देखा पर्दछ । शरणार्थी उपन्यासमा धरावासीले **'डाकवङ्गला र ब्रम्हपुरको छेउदेखि'** लिएर **'मुग्लान नोयो' र 'जयमाया आफूमात्र लिखापानी आइपुगी'** सम्मका अघिल्ला साहित्यिका कृतिका चरित्र र विषयवस्तुको पुनर्लेखन गर्दै नयाँ लीलामय कृतिको सिर्जना गरेका छन् । (उप्रेती २०६३ : ६) धरावासीले शरणार्थी उपन्यासलाई लीलालेखनको सरल अभिव्यक्तिका रूपमा आत्मस्वीकार गरेका छन् ।

धरावासीको अर्को उपन्यास **'आधाबाटो'** हो । यसले पनि उपन्यासका परम्परित मान्यतालाई भत्काइ दिएको देखिन्छ । आधा बाटो उपन्यास भित्र वास्तविक नामहरू पात्रका रूपमा आएका छन् । आफ्नो इच्छा र वंशमा नभएको यस संसारमा कर्म गरिरहेका प्रत्येक व्यक्तिहरू समयले रचना गरेका केवल पात्र मात्र हुन् । यस उपन्यासमा प्रयोग गरेका पात्रहरूले आफ्नै इच्छाले काम गरेका थिएनन् ती त कठपुतली जस्तो लुरुलुरु सांसारिक मञ्चमा अभिनित थिए (धरावासी २०५९ : भूमिका) । आधा बाटो उपन्यासमा पनि लीलालेखनको प्रयोग पाइन्छ ।

धरावासीको **'राधा'** उपन्यासमा मिथकीयताको प्रयोगका साथै लीलालेखनको प्रयोगलाई समेत प्रस्तुत गरिएको पाइन्छ । यस उपन्यासको प्रमुख पात्र राधा मार्फत लीलालेखनका धारणहरूलाई प्रस्तुत गरिएको छ । राधा उपन्यास भित्र स्वैर कल्पना, विनिर्माण, पुर्नलेखन प्रगतिवाद, फ्रायडवाद, अनिश्वरवाद आदि लीलालेखनका आधारहरू सक्रिय छन् । पढ्दापढ्दै स्वयम् पाठक पनि पात्रचेतले सक्रिय हुने हुँदा यथार्थ र कल्पना छुट्याउनै नसक्ने गरी जीवनबोधको अनुभूतिले भरिन पुग्छ । (परिशिष्ट १)

तपाई उपन्यासमा सडक समस्याको विश्रृङ्खलित कथाका रूपमा रचना प्रस्तुत गरिएको छ । यस उपन्यासमा विधा भञ्जन र विधामिश्रण गरिइएको छ । यसले लीलालेखनलाई आफूभित्र समाहित गरेको छ । यसमा बहुनायकत्व, बहुल अर्थ, विसंरचना समेत अबलम्बन गरिएको छ । उपन्यासमा प्रयोग भएको 'तपाई' पात्र आखिर 'म' हो (जीवन लामिछाने २०६३ : ३) । त्यसैले गर्दा यस उपन्यास भित्र लीलालेखन भेट्टाउन सकिन्छ ।

**'टुँडाल'** उपन्यास विश्रृङ्खलित कथामा रचिएको महिला यौन मनोविज्ञानमा आधारित छ । यस उपन्यासले लीलालेखनलाई समेत आफूभित्र समाहित गरेको छ । **'टुँडाल'** उपन्यास भित्र फ्रायडवाद, प्रगतिवाद, विनिर्माण स्वैरकल्पना आदि लीलालेखनका आधारहरू सक्रिय रूपमा देखा परेको छ । अरू उपन्यासको विषयवस्तु भन्दा फरक सांस्कृतिक, यौन, राजनीतिक र सामाजिक परिवेशलाई समेटेको छ । नारीलाई केन्द्रीय पात्र बनाइएको र नारापात्रकै बाहुल्यतामा यो उपन्यास अगाडि बढेको छ । यस उपन्यासमा वास्तविक पात्र र काल्पनिक पात्रको समेत समिश्रण गरिएको छ । विभिन्न विषयहरूलाई मिश्रण गरिएकोले यस भित्र लीलालेखनको प्रवृत्ति भेट्न सकिन्छ । वास्तविक नाम समेत पात्रको रूपमा आएको छ । आफ्नो परम्परा र वंशमा नभएको यौन स्वतन्त्रतालाई देखाउन खोजिएको छ ।

### ४.४.२ कथानकमा नवीनता

धरावासीको सुरूका उपन्यासमा परम्परागत मूल्य मान्यतालाई अनुसरण गरी कथावस्तुको सिर्जना गरिएको भएपनि पछिल्ला उपन्यासहरूमा नवीन कथानकको प्रयोग गरिएको छ । परम्परागत मान्यतालाई भत्काउँदै नवीन प्रस्तुति, लेखकको निजी भोगाइलाई पूर्णतया यथार्थ रूपमा उपन्यासमा प्रस्तुत गर्नु, जीवित पात्रलाई उपन्यासको पात्र बनाउनु, आत्म कथा जस्तो लाग्ने कृतिलाई उपन्यास भन्नु पौराणिक पात्रहरूलाई विनिर्माण गर्दै उपन्यासमा प्रस्तुति गरिनुले धरावासीका कथानकको चयन र प्रस्तुतिमा नवीन पाउन सकिन्छ ।

### ४.४.३ स्वैरकल्पनाको प्रयोग

धरावासीका उपन्यासहरूमा स्वैरकल्पना प्रयोग भएको पाइन्छ । स्वैरकल्पना भनेको अयथार्थ र काल्पनिक कल्पना हो । शरणार्थी उपन्यासमा ठाउँ-ठाउँ मा पात्र र लेखकका बीच चर्को बहस गराएर धरावासीले स्वैरकल्पनाको प्रयोग गरेका छन् । अतीतका कथाले समसामयिकतालाई प्रतिनिधित्व गरेको पाइन्छ । वर्तमानको सन्दर्भलाई स्वैरकाल्पनिक ढङ्गले प्रस्तुत गर्नु धरावासीको आफ्नै शैलीगत विशेषता हो ।

'जादुमय संसार सिर्जना गरेर आफ्नै वरिपरि भइरहेको घटना वा भोगाइको विसङ्गतिलाई अत्यन्त टड्कारो रूपमा प्रस्तुत गर्नु नै स्वैरकल्पना हो ।' (एटम् २०५८ : २३९) अर्थात विविध कुराहरूलाई यथार्थ ढङ्गले प्रस्तुत गरी पाठकको मनभित्र वा हृदयलाई

रोचकताका साथै मर्माहित पनि बनाउँछ । धरावासीको **'टुँडाल'** उपन्यासमा पनि स्वैरकल्पनाको प्रयोग नाटकीय ढङ्गबाट भएको पाइन्छ ।

### ४.४.४ प्रयोगशीलता

कृष्ण धरावासी प्रयोगवादी उपन्यासकार हुन् । उनका पाँचवटै उपन्यासमा नयाँ-नयाँ प्रयोग गरिएको छ । शरणार्थी उपन्यासमा पूर्ण प्रकाशित कृतिहरूबाट कथा, पात्र, परिवेश, संवाद आदि लिइएको छ र ती सबै कुराहरू जहाँ - जहाँ पूर्वकृतिहरूमा उभिएका थिए । त्यसैलाई आधार बनाइ त्यहीबाट अघि बढाइएको छ । इन्द्रबहादुर राईको 'जयमाया आफूमात्र लिखापानी आइपुगी' आधार मानी अघि बढाइएको छ र त्यसका साथै अन्य कृतिलाई समेत आवश्यक आधार बनाइएको छ ।

**'आधा बाटो'** धरावासीको अर्को प्रयोगवादी उपन्यास हो । यो उपन्यासमा एकहजार तीस जना वास्तविक पात्रको नाम समेटिएको छ । यसमा उच्चवर्गका पात्रदेखि निम्न वर्गका पात्र समेत (खातेदेखि सजासम्म) भेटिन्छन् । यस उपन्यासमा धरावासीले आफूले देखे भोगेको घटनालाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।

धरावासीको **'राधा'** उपन्यासमा महाभारतकालीन मिथकसँग जोडिएका कृष्ण र राधाबीचको प्रेमलाई उनले उत्तर आधुनिक चश्माले हेरेका छन् । **'राधा'** उपन्यासमा विनिर्माणवादको राम्रो प्रयोग गरिएको छ । यस उपन्यासले राधा र कृष्ण सम्बन्धी पूर्वीय मिथकीय आख्यानलाई उत्तर आधुनिकतावादी प्रयोगको माध्यमबाट पुनर्लेखन गर्ने काम गरेको छ । यस उपन्यासमा उत्तर आधुनिक समसामयिक वर्तमान र पूर्वीय मिथकीय द्वापर युगका सन्दर्भ एक अर्कासँग मिश्रण हुन पुगेका छन् ।

**'तपाई'** उपन्यास दोश्रो पुरुष शैलीमा लेखिएको छ । यसरी हेर्दा धरावासीको अघिल्ला उपन्यासहरू भन्दा नयाँ शैलीको प्रस्तुति पाइन्छ । उपन्यास पुनर्लेखनका लागि सुझाव माग्ने क्रमसँगै शुरु हुन्छ र प्रत्येकका प्रतिक्रियाहरूको रिपोट समेत यसमा समेटिएको छ । सुन्ने र सुनाउने दन्तेकथाको पारामा यसको खाका बुनिएको छ र यो एकादेशकै कथा पनि हो । दन्ते कथा जस्तो होइन (रमण घिमिरे २०६४ : ५०) ।

**'टुँडाल'** उपन्यासमा काल्पनिक पात्रका साथै वास्तविक पात्रको पनि प्रयोग गरिएको छ । यो उपन्यासमा धराबासीले पूर्वीय परम्परादेखि नै नारी यौनको रुपमा शोषित र पीडित भएको कुरालाई विभिन्न प्रयोगको माध्यमबाट प्रस्तुत गरिएको छ । आफूले देखेको, भोगेको घटनाक्रमलाई प्रस्तुत गरेका छन् । नारीपात्रको केन्द्रियतामा अघि बढेको उपन्यासमा **'टुँडाल'** विनिर्माणवादको प्रयोग गरिएको छ । पूर्वीय यौन सत्यतालाई मूल केन्द्र विन्दु बनाई यौनलाई छोप्ने, लुकाउने परम्परागत संरचनालाई भत्काइ दिएका छन् । यस उपन्यासमा अन्य उपन्यासहरूमा भन्दा भिन्न कथावस्तु रहेको छ । यस उपन्यासमा उत्तरआधुनिक समसामयिक वर्तमान र पूर्वीय यौन बिम्बलाई अहिलेको युग सन्दर्भसँग जोड्न पुगेका छन् ।

### ४.४.५ कारूणिकताको चित्रण

कृष्ण धरावासी आफ्ना उपन्यासमा कारूणिकताको चित्रण गर्दछन् । उनले समाजका तल्लो वर्गले भोग्नुपरेका अपहेलित, शोषित, पीडित मानिसको दुःख, सन्देश, गुनासो, सुझावहरू पाठकसामु प्रस्तुत गरेका छन् । उनका उपन्यासका पात्रहरू मात्र कारूणिक नभई आफ्ना संवेदना पाठकसम्म पुऱ्याएर ती पाठकहरूलाई समेत करुणामय वा संवेदनमा डुबाउछन् । यसरी हेर्दा उनी नारीको कारुणिक पक्षको चित्रण गर्न रूचाउँछन् । उनका प्राय : सबै उपन्यासमा कारुणिकता पाउन सकिन्छ ।

**'शरणार्थी'** उपन्यासमा वर्मा, नेपाल र भुटानबाट विस्थापित भएर भुटानी बन्न बाध्य भएका जयमाया, जयबहादुर आदिको पीडा, दुःख र वेदनालाई कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ ।

**'राधा'** उपन्यासमा पुरुष प्रधान समाजबाट शोषित महिलाहरुको पीडा, दुःख र कारूणिकतालाई व्यक्त गरिएको छ । यसमा कृष्णका कारण राधाको परिवारले भोग्नु परेको तनाव पीडामय अनुभूतिलाई समेटिएको छ ।

**'तपाईं'** उपन्यासमा कालीको आमा, सम्झानाका माध्यमबाट एउटा नारी माथि आइपर्ने हरेक विपतिको चर्चाका साथै समाजले नारीमाथि गरेको अन्याय अत्याचार माथि चित्रण गरिएको छ ।

**'टुँडाल'** उपन्यासमा परापूर्वकालदेखि नै यौनको नाममा नारी माथि चर्को शोषण भइरहेको छ भन्ने कुरालाई चित्रण गरिएको छ । एकातिर पुरुषले नारीलाई यौनको पिण्ड ठान्छ भने नारीहरू पनि आफूलाई त्यही ठानेर दमित हुदैं आइरहेका छन् भन्ने कुरालाई देखाइएको छ । यसमा हाम्रो पुरुषप्रधान समाजमा नारीहरुले भोग्नु परेको यौन शोषण, अन्याय, अत्याचार र दमन आदिलाई कारूणिकताका साथ प्रस्तुत गरेका छन् । केन्द्रीय पात्र सुस्मिता अनि उमा, भद्रिका र सुस्मिताको बुबा आदिले भोग्नु परेको दुःख, कष्ट आदिको चित्रण गरिएको छ ।

### ४.४.६ प्रेमको व्याख्यान

धरावासीले आफ्ना सबै उपन्यासमा प्रेमलाई मुख्य विषयवस्तु बनाएका छन् । उनले मुखपात्र वा प्रमुख पात्र मार्फत प्रेमको व्याख्यान प्रस्तुत गरेका छन् । शरणार्थी उपन्यासमा जयबहादुर र जयमायाको अशारीरिक प्रेम, आधाबाटोमा उपन्यासकार आफैले भुल्न नसक्ने प्रेम, **'राधा'** उपन्यासमा कृष्ण र राधामा भएको अशारीरिक प्रेमले लेखकमा भएको मानसप्रेमको सवल चरित्रको उद्घाटन हुन्छ । (मिश्र २०६३ : ७४) शरणार्थी उपन्यासमा नारी र पुरूषबीचको प्रेमको एउटा अनौठो प्रस्तुति छ भने टुँडाल उपन्यासमा शारीरिक यौन प्रेमका साथै अशारीरिक प्रेम समेत प्रस्तुति छ ।

**'शरणार्थी'** उपन्यासमा सधै सँगै भएर, एक अर्काप्रति गहिरो प्रेम र आकर्षण भएरपनि यौन तथा विवाहबाट जयबहादुर र जयमाया बन्चित रहेका छन् । आधाबाटोमा अपुरो प्रेम प्रसङ्ग रहेको पाइन्छ भने राधा उपन्यासमा प्रेमका सम्बन्धमा निष्ठा, अडान, सर्म्पक र इमान्दारिता उदाहरणीय छ । राधाको शब्दमा प्रेम सम्पूर्ण हो । आफूलाई बिर्सिएर आफूलाई त्यागेर सबै उनैमा समर्पित हुनु प्रेम हो । साचो प्रेममा भौतिक शरीर दुईवटा भएपनि हृदय र मन एकै हुन्छ । उनका आँखामा आफू बलेको लाग्नु, सम्पूर्ण मन शरीर र चेतनाले उनमा समावेश भएर लाग्नु सायद प्रेम हो (धरावासी २०६३ : २२-२३) ।

**'टुँडाल'** उपन्यासमा पनि प्रेमलाई नै मुख्य विषयवस्तु बनाइएको छ । यसमा केन्द्रीय पात्र सुमिस्ताले एक अर्काप्रति गहिरो प्रेम र आकर्षण भएर पनि अन्तिम अवस्थामा विवाहबाट बञ्चित हुनु परेको छ । **'ऊ'** प्रेममा समर्पण, इमान्दारिता दिन चाहन्छे तर सफल भएकी छैन । यहाँ उपन्यासकारले आफ्नो असफल प्रेमको मनोग्रन्थीलाई उजागर गरेका

छन् । यस उपन्यासमा सुस्मिताले प्रेमलाई सहज रूपमा लिएकी छे तर एकोहोऱ्यो प्रेमले गर्दा उसको जीवन दुर्धटनातिर मोडिएको छ ।

### ४.४.७ यथार्थवादी उपन्यासकार

कृष्ण धरावासीले आफ्नो लेखनकार्य विशुद्ध यथार्थवादबाट शुरू गरेका हुन् । उनका सबै उपन्यासमा प्रयोग भएका विषयवस्तु यथार्थ झल्कने खालका मात्र छन् । उनका उपन्यास लेखनमा आफैले देखेको, भोगेको र अनुभव गरेको घटनाक्रमलाई विषयवस्तु बनाइएको छ । हाम्रै समाजमा घटेका वास्तविक घटनाहरू र वास्तविक पात्रहरूको प्रयोग गरी कथानकको निर्माण गरिएको छ ।

**'आधाबाटो'** उपन्यासमा प्रयोग गरिएका सबै पात्र र घटनाहरू वास्तविक हुन् भनेर उपन्यासमा नै भनिएको छ । **'राधा'** उपन्यासमा पनि यथार्थ र स्वैर कल्पनाको समिश्रण गरिएको छ । 'तपाई' उपन्यासमा तपाई पात्रका माध्यमबाट पुरुषको र अस्मिताका माध्यमद्वारा नारी शोषण अन्याय, अत्याचार, दमनको रूपमा चित्रण गरिएको छ । त्यस्तै **'टुँडाल'** उपन्यासमा पनि आदिम कालदेखि नै पुरुषहरुले महिला माथि गर्दै आएको यौनशोषण, दुर्व्यवहार, अन्याय र अत्याचारको आन्तरिक यथार्थ स्वरूपलाई उतारिएको छ । यसमा नेपाली नारीले भोग्नु परेको पीडा, दर्द, विभत्स घटनाको जीवन्त यथार्थ चित्रण **'टुँडाल'** उपन्यासको पात्रहरू सुस्मिता, उमा, सत्या र भद्रिकाबाट गरिएको छ । धरावासीका उपन्यास यथार्थ घटनालाई शिल्प र शैलीको माध्यमद्वारा कलात्मक र उत्कृष्ठ बनेका छन् । **'टुँडाल'** उपन्यासमा समाजमा यथार्थ देखा परेका नारीको यौन सम्बन्धी समस्यालाई प्रस्तुत गर्ने काम गरिएको छ ।

### ४.४.८ अस्तित्ववादी लेखक

विसङ्गति भित्रबाट नै अस्तित्वको खोजी गरिएको हुन्छ । जीवनमा विसङ्गति बीच पनि निराशा नभएर जुधेर बाँच्न खोज्नु मानिसको अस्तित्व हो । त्यसै गरी धरावासीका उपन्यासका पात्रहरूले पनि जस्तो सुकै परिस्थितिमा पनि बाँच्ने आशा लिएकै हुन्छन् । जस्तो सुकै दुःख र हण्डर खाए पनि जीवनदेखि निराश नभइ बाँच्न विवश छन् ।

**'शरणार्थी'** उपन्यासमा जयमाया पचास वर्षसम्म शरणार्थी भएर जीवन बिताउन बाध्य भएपनि 'ऊ' जीवनदेखि निराशा भएको देखिदैंन । अझै ऊ बाँच्न चाहन्छे ।

**'आधाबाटो'** मा पनि आमाले जस्तैसुकै हण्डर खाए पनि बाँच्न पर्छ भन्ने इच्छा र आकाक्षां बोकेकी छिन् त्यसैले आमा पनि यस उपन्यासको अस्तित्ववादी पात्र हुन् । **'राधा'** उपन्यासमा पनि राधा निराश र वैराग्य भएर हिडे पनि उसमा पनि बाँच्ने अभिलाषा रहेकै छ । **'तपाई'** उपन्यासकी पात्र सम्झनामा पनि आफ्नो बाँच्ने इच्छाका साथै गृहस्थी जीवन प्रतिको मोह हराएको छैन । त्यस्तै **'टुँडाल'** उपन्यासकी सुस्मिताको जीवनमा अनेक दुःख कष्ट, हण्डर आइपरेका छन् त्यसका पनि **'ऊ'** निराश भएकी छैन । **'ऊ'** जीवन प्रति आशातित नै छे । त्यसै गरी अर्को पात्र उमा पनि जीवनमा विविध कठिनाइ आइ परेतापनि 'ऊ' संघर्ष गरेर जीवन विताउन चाहन्छे । धरावासीका उपन्यासका पात्रहरू जस्तो सुकै कठिनाइ आइपरे पनि संघर्ष गरेर बाहिर निस्कन प्रयासरत छन् । त्यसैले अस्तित्ववादी देखकको वा उपन्यासकारको रूपमा धरावासीलाई हामी चिन्न सक्छौ ।

### ४.४.९ मिथकको प्रयोग

पूर्वप्रकाशित वा पौराणिक कृतिहरूबाट लिइएका पात्रहरू वा घटना नै मिथक हो । धरावासी मिथकका एक सशक्त प्रयोगकर्ता हुन् । उनले **'शरणार्थी'** उपन्यासबाट नै मिथकको प्रयोग गरेका छन् । **'आधाबाटो'** र तपाईमा पनि मिथकको झल्को पाउन सकिन्छ । उनको **'राधा'** उपन्यासमा चाहिं सफल मिथकको प्रयोग भएको पाइन्छ । यसमा पौराणिक विषयवस्तुलाई टपक्क टिपेर आधुनिक रूपमा प्रस्तुत गरिएको छ । रामायण, महाभारत स्वस्थानी ब्रतकथा आदि धार्मिक र पौराणिक आख्यानहरुबाट मिथकलाई टिपेर उपन्यासमा प्रस्तुत गरेका छन् धरावासीले । त्यसै गरी मिथकको प्रयोग **'टुँडाल'** उपन्यासमा पनि भएको छ । परम्परित सांस्कृतिक यौन मनोबिम्बलाई टपक्क टिपेर आधुनिक रुपमा प्रस्तुत गरिएको छ । इतिहास, राजनीतिक, धार्मिक, सांस्कृतिक आदि भित्रबाट विषयवस्तु समेटेर प्रस्तुत गर्ने काम **'टुँडाल'** उपन्यासमा भएको पाइन्छ ।

### ४.४.१० विनिर्माणवादी लेखक

पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार ज्याक डेरिडाले आरम्भ गरेको विनिर्माणवाद नवीनतम शिल्पविधान लिएर आएको वाद हो । (त्रिपाठी २०५८ : १५५) सर्व प्रथम नेपाली साहित्यमा यसको प्रयोग इन्द्रवहादुर राईले गरेका हुन् । उपन्यासको क्षेत्रमा भने धरावासीले गरेका छन् । **'आधाबाटो'** उपन्यासले वास्तविक घटनाको इतिहासलाई

उपन्यास बनाएको छ भने तपाईमा टुक्राटुक्रे कथालाई जोडेर उपन्यास बनाएको छ । धरावासीको **'शरणार्थी'** र **'राधा'** उपन्यासमा विनिर्माणको उचित प्रयोग भएको छ । विभिन्न कृतिहरूबाट कथावस्तु र पात्रहरू भिकेर उपन्यास तयार भएको छ । राधा उपन्यासमा पनि आदिमकालदेखि देवता मानिदैं आएका पात्रहरूलाई मानवीकरण गरी प्रस्तुत गरिएको छ । त्यसै गरी **'टुँडाल'** उपन्यासमा पनि वास्तविक पात्र, यथार्थ घटना र सांस्कृतिक यौन बिम्बको इतिहासलाई उपन्यास बनाइएको छ । पात्र र घटनामा समेत विनिर्माण गरेको पाइन्छ ।

### ४.४.११ विधागत विविधता

विधामिश्रण उत्तरआधुनिक साहित्य लेखनमा पनि समाविष्ट छ । अनेक विधाहरूको मिश्रण गरी एउटै कृति तयार गर्ने प्रचलन बढिरहेको परिप्रेक्ष्यमा धरावासीले पनि उक्त प्रविधिको प्रयोग गरेका छन् । शरणार्थी उपन्यासमा निबन्धात्मक लेख, सरकारी सूचना, पत्रपत्रिकाका समाचार, समालोचनात्मक टिप्पणी, नाटकीय संवाद आदिको प्रयोग गरिएको छ । **'आधाबाटो' 'राधा', 'तपाईं'** र **'टुँडाल'** पनि यस्ता किसिमका विधामिश्रण गरिएका उपन्यास हुन् । यी उपन्यासमा पनि कविता, विज्ञान, भूगोल, सांस्कृतिक, मनोविज्ञान र हिन्दीका संवादहरू पनि प्रयोग गरिएकाले विधामिश्रण मात्र होइन, विषय र भाषा मिश्रण समेत पाइन्छ । उपन्यास भित्र अनेक विधाको समावेश गराई विधामिश्रणको समुचित प्रयोग गरेका छन् धरावासीले ।

### ४.४.१२ आञ्चलिकता

कुनै निश्चित क्षेत्रमा सीमित रहेर उपन्यास लेख्नु आञ्चलिकता हो । जसमा स्थानीय रूपरङ्गले स्थान पाएको हुन्छ । स्थानीयपनको उपयोग गरिनुका साथै उपन्यासले वरण गरेको स्थानीयपनाको झलक पाइन्छ । स्थानीयपनाको प्रस्तुति नै मुख्य उद्देश्य भयो भने चाँहि उपन्यास आञ्चलिक उपन्यासको रूपमा चित्रित हुन्छ । भिन्न स्थानको विशिष्ट पक्षलाई दर्शाउने भाषिका रीतिस्थिति, भेषभूषा, जीवनस्तर आदिको विशेष प्रयोग नै स्थानीयपन वा आञ्चलिकता हो । यस्तो उपन्यासको चित्रण उपन्यासमा पात्र कल्पनाको आधारमा नगरी यथार्थमा भएका कुरालाई लिएर गरिन्छ । 'स्थानीयपनको प्रभावकारीता बुझाउने त्यहाँको भौगोलिक वातावरणदेखि धार्मिक, सामाजिक, रहनसहन समाजका

मानिसहरुको पेशा तथा व्यावसाय आदि विशेषको साजसज्जाबाट उपन्यासको रुपरङ्ग तयार पारिएको हुन्छ, जसले उपन्यासलाई यथार्थ तर्फ बढी उन्मुख गराइएको हुन्छ ।'

देशको विविधता भित्र पनि भावनात्मक एकता भएको सबैभन्दा मजबुत संगठनात्मक संरचना हो । यस भित्र आ-आफ्नै परम्परा रीति धर्म, संस्कृति, भेष-भुषा र भाषा आदिको प्रचुर मात्रामा विविधता पाइन्छ । उपन्यासकार कृष्ण धरावासी आञ्चालिक उपन्यासकार हुन् । २०६५ सालमा प्रकाशित **'टुँडाल'** उपन्यास धरावासीको आञ्चलिक उपन्यास हो । यो उपन्यास भक्तपुर जिल्लाको कला र संस्कृतिलाई केन्द्र विन्दु बनाई लेखिएको छ । त्यसका साथै भक्तपुरकै प्राकृतिक रमणीयतालाई समेत देखाउन खोजिएको छ ।

### ४.४.१३ दृष्टिविन्दु प्रयोगमा नवीनता

परम्परित उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिन्थ्यो । उपन्यासमा नवीनतम प्रयोगको आगमनसँगै प्रथम वा आन्तरिक दृष्टिविन्दुको प्रयोग हुन थाल्यो । यसरी दृष्टिविन्दु विस्तारित हुदैं जाँदा आन्तरिक र बाह्य दृष्टिविन्दुको प्रयोग गर्न थालियो । धरावासीले पनि अघिल्ला उपन्यासमा यही दृष्टिविन्दुको अनुसरण गरिएको पाइन्छ भने उनको चौथो उपन्यास तपाईंका अनौठो वा नयाँ दृष्टिविन्दु द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसरी उपन्यासमा परम्परागत मूल्य मान्यतालाई भत्काउदैं जाँदा दृष्टिविन्दुमा समेत नवीन प्रयोग गरेका हुन् ।

### ४.४.१४ बहुनायकत्त्व

कृष्ण धरावासीको पाँचवटै उपन्यासमा बहुपात्रको प्रयोग गरिएको छ । त्यसमा पनि **'तपाईं'** उपन्यासमा नायकको खोजी गरिएको छ । यसमा बहुनायकत्वको अवस्था रहेको छ । यसमा प्रत्येक पात्र आफ्नो जीवनको नायक भएको छ । तपाईं उपन्यासमा शुरुदेखि नै नायकको खोजी गरिएको छ । एउटा नायक होला भनेर त्यसको पछि लग्यो तर पछि फेरि अर्को पात्र नायकको रूपमा देखा पर्दछ । यो चाहिं पक्कै नायक हो भनी सोचेको पात्र त्यतिकै हराउँछ र सोच्दै नसोचेको पात्र चाहि नायकको रूपमा देखा पर्छ । (धरावासी २०६३, तपाई) अहिले लेखनमा बुहनायकत्व बढिरहेको छ । समाजका सबै वर्गलाई प्रतिनिधित्व गर्ने लेखनमा समाजको यथार्थको चित्रण गर्दा त्यहाँ विशेष नायक कोही पनि

बन्न सक्दैन । धरावासीले नायकलाई महान बनाएर अन्य पात्रलाई कमजोर तुल्याउने शैलीबाट अलग्गिदै उनले सबैवर्गलाई प्रतिनिधित्व गर्ने लेखनमा समाजको यथार्थको चित्रण गर्दा त्यहाँ विशेष नायक कोही पनि बन्न सक्दैन । धरावासीले नायकलाई महान बनाएर अन्य पात्रलाई कमजोर तुल्याउने शैलीबाट अलग्गिदै उनले 'तपाई' उपन्यासका पात्रलाई सशक्त र बलियो पारेका छन् । 'प्रत्येक पात्र आफ्नो जीवनका नायकले कथा भित्रको भूमिका भरी **'ऊ'** सशक्त छ' । (स्वयम् धरावासी)

## ४.५ निष्कर्ष

कृष्ण धरावासी साहित्यको क्षेत्रमा कविता विधाबाट प्रवेश गरेका हुन् । हालसम्म उनले धेरै कृतिहरूको रचना गरेका छन् । साहित्यका विविध विधामा कलम चलाउने धरावासीले खास ख्याति प्राप्त भने उपन्यास विधामा गरेका छन् । उपन्यासको दोश्रो चरणमा प्रकाशित **'राधा'** उपन्यासले मदन पुरस्कार समेत पाएको छ । समाजमा आफूले देखेको, भोगेको र अनुभव गरेको यथार्थलाई टपक्क टिपेर उपन्यासमा प्रस्तुत गरेका छन् । कथानकको प्रस्तुतिमा नवीनता, बहुपात्रको प्रयोग, कारूणिक चित्रण, लीलालेखन आदिको प्रयोग गरिनु उनका औपन्यासिक विशेषताहरु हुन् । विनिर्माणवाद अस्तित्ववादको सफल प्रयोग उनका उपन्यासमा पाइन्छ ।

धरावासीले पूर्वीय आध्यात्मिक परम्पराले विकसित गरेको जटिल संरचनालाई सरल रूपका बुझाउन सफल भएका छन् । यसर्थ उनी प्रयोगशील एवं चुनौतिलाई हाक्न सक्ने साहित्यिक स्रष्टा हुन् । अनेंकौ प्रयोग सिद्धान्त, नियम, परम्परा भइ आइरहेको लेखनमा कृष्ण धराबासी स्वयम् एउटा नयाँ प्रयोग भएका छन् । विश्व साहित्यमा आएका नयाँ लेखनधर्मिता शिल्प र विधाहरूको प्रवाहमा उनले आफूलाई प्रवाहित गरिदिएका छन् । २०३३ सालदेखि नै गद्यरचनाहरूको प्रकाशन गर्न थालेका धरावासीका उपन्यासहरू लीलालेखनवादी, यथार्थवादी, विनिर्माणवादी मात्र नभएर नारीवादी समेत बन्न पुगेका छन् । यसरी हेर्दा धरावासी नेपाली साहित्यमा युग सुहाउदो साहित्यकारका रूपमा स्थापित भएका छन् । उपन्यासको क्षेत्रमा सफलता हासिल गरेका छन् । उपन्यासको क्षेत्रमा सफलता हासिल गरिसकेका धरावासीको नित्य, नवीन प्रयोगको अभिरुचि र अभिवृत्तिले औपन्यासिक यात्रा अझ लामो बन्न सक्ने र नयाँ दिशा खोज्न सक्ने देखिन्छ ।

# पाँचौ अध्याय

# औपन्यासिक तत्त्वका आधारमा "टुँडाल" उपन्यासको विश्लेषण

## ५.१ परिचय

कृष्ण धारावासीको हालसम्मको पछिल्लो औपन्यासिक कृति 'टुँडाल' हो । यो उपन्यास (२०६४ असोजमा) जि.टि.जेट. संस्थाले साहित्यिक कामका लागि प्रस्ताव माग गरेको र सोही प्रयोजनका लागि उनले आफूले राम्रोसँग घुम्न नपाएको जिल्ला भक्तपुरलाई छानी त्यहाँका मन्दिरको काष्ठकलामा कुँदिएर रहेको सांस्कृतिक यौन विम्बलाई आफ्नो उपन्यासको विषयवस्तु रोजी **'टुँडाल'** उपन्यास लेखेको देखिन्छ । आदिम युगदेखि चल्दै आएको र नेपाली कला र संस्कृतिमा झल्किदै आएको **'यौनबिम्ब'** लाई वर्तमान समसामयिक युग सन्दर्भ अनुरुप यस उपन्यासको रचना वा सिर्जना गरिएको छ । समाजमा रहेका निम्न माध्यमवर्गीय परिवारको घटना र त्यसमा पनि प्राचिन कालदेखि यौनको नाममा नारीले वा महिलाले भोग्नुपरेका विविध समस्याहरुलाई समेटिएको छ । आजको राजनीतिक समस्याले गर्दा जनताले भोग्नु परेको सास्ती र जनक्रान्तिलाई समेत प्रस्तुत गरिएको छ । 'टुँडाल' उपन्यास धारावासीको अन्य उपन्यास भन्दा भिन्न विषयवस्तु बोकेको उपन्यास मानिएको छ । यस उपन्यासमा लेखकले प्रत्यक्ष रूपमा देखेका, सुनेका र हेरेका अनि भोगेका सत्य तथ्य यथार्थ घटनालाई समेत समावेश गरिएको छ ।

यस उपन्यासमा पुरुषले मात्र होइन नारीले पनि आफ्नो इच्छा र आकांक्षा अनुरुप स्वतन्त्र जीवन व्यतित गर्न पाउनु पर्छ भन्ने मान्यता रहेको छ । उपन्यासले ५ पृष्ठदेखि निश्चित कथावस्तुको रूप लिन्छ । यस उपन्यासमा प्रत्येक पात्रको आगमन उपस्थिति भरिको निम्ति आफैं नायक बन्दछ । सुस्मिता, श्यामल, रविन, प्रवीण, उमा, भद्रिका आदि सवै आआफनै भूमिकाको लागि नायक हुन् ।

**'टुँडाल'** उपन्यासमा धारावासीले नारी अब दमित भएर होइन आफै सक्रिय वा जागरूप भएर यौनेच्छाहरूलाई बाह्य रूपमा प्रकट गर्न सक्नु पर्छ र आफ्ना दुःख, पीडा र व्यथालाई यथार्थ रूपमा प्रस्तुत गर्न अग्रसर हुनु पर्दछ भन्ने दृष्टिकोण राखिएको छ । पुरानो सामाजिक संरचना परिवर्तन हुनु पर्ने धारणासँगै महिलाको आत्मविश्वास बढाउने प्रयत्न टुँडाल उपन्यासमा गरिएको छ ।

## ५.२ कथावस्तु / कथानक

भक्तपुर जिल्लालाई मूल केन्द्रविन्दु बनाई लेखिएको **'टुँडाल'** उपन्यासमा आदिमकालदेखि रहेको भक्तपुर नगरको सांस्कृतिक यौन बिम्बलाई मूल विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । सांस्कृतिक मनोविज्ञानलाई आधार बनाई नेपाली कला र संस्कृतिमा झल्किदैं आएको 'यौनबिम्ब' लाई लीलालेखनका माध्यमबाट समसामयिक वर्तमान सर्न्दभ अनुसार उतारिएको छ । पूर्वीय सभ्यतालाई अनुसरण गरी लेखिएको 'टुँडाल' उपन्यासमा पुरानो सामाजिक संरचना परिवर्तन हुनुपर्ने धारणासँगै महिलाको आत्मविश्वास बढाउने प्रयत्न गरेको पाइन्छ । सांस्कृतिक मूल्य र मान्यतालाई प्रश्रय दिएर अन्य उपन्यासहरु भन्दा पृथक बनाउन खोजिएको छ । प्राचीनकालदेखि नै महिलाको यौन आकृतिहरुलाई किन विभत्स अवस्थामा मन्दिरमा राखेको भन्ने कौतुहलता र हालको राजनीतिक परिवेशसँगै हुर्किएको विसङ्गतिहरुलाई समेत वर्णन गरिएको छ । **'म'** पात्र सुस्मिता आफ्नो स्वतन्त्र इच्छा र आकांक्षा बमोजिम भक्तपुरको एउटा घरमा कोठा लिएर बस्न थाले पछि कथा शुरु र अन्त्य हुन्छ । उपन्यासमा कथावस्तुको विन्यास निम्नउल्लिखित छ :-

**एक परिच्छेद -** 'म' पात्र सुस्मिताले आफ्नो बाल्यकालदेखिको कुरा भन्न थालेपछि कथावस्तु प्रारम्भ भएको छ । 'म' पात्र सुस्मिता सानो छदा आफ्ना बाबाआमासँग मन्दिर गएको प्रसङ्ग छ । अनि पछि समय बित्दैं जाँदा 'म' पात्र सुस्मिता एक्लै र साथीहरूसँग मठमन्दिरका साथै पुरातात्त्विक क्षेत्रहरू घुम्न थालेकी छे । 'म' पात्रका मिल्ने साथीहरूमा महेश्वरी, सत्या र उमा रहेका छन् । उमाका बाबाआमाले विभिन्न आकृतिहरूको र 'टुँडाल' को निर्माण गरी आफ्नो जीविकोपार्जन गरेका छन् । साथीहरूसँगको निकटताले गर्दा 'म' पात्र सुस्मिताले उनीहरुको परिवारसँग राम्रो सम्बन्ध गाँसेकी छे । उमाको दाइ 'रविन' उनीहरू भन्दा ३-४ वर्ष जेठा रहेका र दरबार स्क्वायर घुम्न जाँदा प्रायः उनी श्यामलसँग हिडेको देखाइएको छ । सत्याको चाँहि सुस्मिता र उमाको भन्दा फरक बानी वा स्वभाव भएकाले रविन र श्यामल सँगसँगै 'टुँडाल' लाज नमानी हेर्छे । फुर्सदको समयमा मन्दिर जाने क्रममा प्रेम र धनु पनि उनीहरूका साथी बनिसकेका हुन्छन् । यसरी दिनप्रतिदिन मन्दिर जाने क्रममा 'म' पात्र सुस्मिताको सम्बन्ध रविनसँग नजानिंदो पाराले अगाडि बढ्छ । अब 'म' पात्रको रविन देख्ने बित्तिकै शरीर जिरिङ्ग हुने र लाज लाग्ने भइसकेको छ । यसका

साथै देशमा भइरहेको नाराजुलुसले गर्दा दिनप्रतिदिन प्रायः जसो स्कूल, कलकारखाना पसल, सवारी साधन ठप्प हुन थालेको प्रसङ्ग समेत प्रस्तुत गरिएको छ ।

**दुई परिच्देछ -** 'म' पात्र सुस्मिताको बाबा नापी शाखामा जागिरे रहेका छन् । जागिरको शिलशिलामा ठूला-ठालु हाकिम वा शोषकसामन्तीहरुले घुषपेट गर्न नपाउदा उनलाई सुनसरीको साह्रै गर्मी ठाउँ इनरुवामा सरुवा गर्छन् । चारजनाको सानो सुन्दर परिवारमा दुःखको बीऊ रोप्ने काम हाकिम साहेवबाट भएको छ । बाबाको सरुवा भएपनि सुस्मिताको आमाको प्रा.वि.को सरकारी जागिर अनि आफ्नो स्थायी घर पनि भक्तपुरमा रहेकाले उनीहरु बाबासँग टाढा भएर बसेका छन् ।

**तीन परिच्छेद -** 'म' पात्र सुस्मिताको बाबाको जागिर मधेशमा सरुवा भएपछि उनीहरूलाई आफ्नै घर पनि विरानो लाग्न थाल्छ । बाबाको अनुपस्थितिमा पनि अभिभावकको भूमिका निर्वाह गरी रविन दादाले उनीहरू (सुस्मिता र श्यामल) लाई मटरसाइकल सिकाइ दिएका हुन्छन् । रहेका हुन्छन् । यसका साथै रविन पढ्न जान्ने भएकाले सुस्मिताले आफूलाई नआउने सम्पूर्ण कुरा ऊ सँगै सिकेकी छे । दिनप्रतिदिन रविनसँग हेलमेल बढ्दैं जाँदा उनीहरुबीच अझ मायामोह गाढा हुँदै जान्छ ।

सरुवा भएर गएको दुई महिनापछि 'म' पात्र सुस्मिताको बाबाको चिट्ठी आउँछ । दिनप्रतिदिन फोनमा घरयासी कुरा भइरहेकाले घरयासी कुरा केही पनि नलेखी सुनसरी जिल्लाको यथास्थितिको बारेमा त्यस चिट्ठीमा वर्णन गरिएको छ । इनरुवामा सहर नै नभए पनि सरकारी अड्डाअदालतहरू प्रशस्त रहेको र ज्यादै गर्मी ठाउँ भएकाले पहाडे मुलुकका मानिस अनि ग्रामीण इलाकाका थारु, यादव र मुसलमानहरुको बसोबास रहेको छ । कोशीको व्यारेजले गर्दा नेपालीहरुले भोग्नुपरेका विविध समस्यालाई समेत यथार्थरुपमा देखाइएको छ। भारत सरकारले हाम्रो देशमाथि गरेको अन्याय, अत्याचार, दमन शोषण आदिलाई समेत यथार्थरूपमा देखाइएको छ । राष्ट्रको बारेमा चिन्तित हुनु पर्छ र देशलाई आमूल परिवर्तन गर्नु पर्छ भन्दै सुनसरी जिल्लाको तीतामीठा अनुभवलाई पत्रमार्फत प्रस्तुत गरिएको छ ।

बाबाको चिठी पढिसकेपछि 'म' पात्र सुस्मिताको मनमा राष्ट्रभक्तिको भावना पलाएको छ । तत्कालिन देशमा भइरहेको द्वन्द्वत्मकतालाई समेत देखाइएको छ । उमेर हुर्कदैं

जाँदा सुस्मिताले विगतका आमा बाबाको कुरा स्मरण गर्नुका साथै प्रेम, प्रणयका कुरालाई समेत मनपराउन थालेकी छे । सत्या पनि युवती भइसकेकीले चन्चले र खुल्ला दिमागकी हुनुको साथै श्यामललाई मन पराउछे ।

धरानमा गएपछि त्यही वरिपरिको वातावरणको बारेमा सुस्मिताका बाबाले अर्को चिट्ठी लेख्नु भएको छ । त्यस ठाउँको विभिन्न किम्वदन्ती र पुराना चर्चित तीर्थस्थलका बारेमा वर्णन गरिएको छ । जनसंख्याको वृद्धि, चेतनाको विस्तार र यातायातको अत्याधिक सुविधा भएकाले त्यस्ता किम्वदन्तीको विश्वास कम हुँदै गएको कुरा देखाइएको छ । त्यहाँका पुराना तीर्थस्थलहरूमा पिण्डेश्वरी, दन्तकाली, पञ्चकन्या बुढासुब्बा र विष्णुपादुका रहेका छन् । हाम्रो देशमा रहेका कला, संस्कृति र मठमन्दिरको समुचित तरिकाले संरक्षण हुन नसक्दा धरापमा पर्न सक्ने खतरा देखाउदैं संस्कृति र समाजशास्त्रीय अध्ययन गर्न आफ्ना परिवारलाई सन्देश दिएका छन् । नेपाली कला र संस्कृतिको ऐतिहासिकता तथा सौन्दर्यको पहिचान दिने देशका अत्यन्तै बहुमूल्य सम्पतिलाई सरकार वा सामाजिक संघसंस्थाहरूले खासै चासो नदिएको कारण तिनीहरूको अस्तित्त्व नै दुर्दशमा पर्ने कुरा समेत प्रस्तुत गरिएको छ ।

**चार परिच्छेद -** विनाशकारी भूकम्पको कारणले देशका सारा मानिसहरू आतङ्कित हुन्छन् । भूकम्पका कारणले सबै मानिसहरु घरबाहिर निस्कन्छन् तर 'म' पात्र सुस्मिताको घरको ढोकाको माथिल्लो भाग चर्किएकोले उनीहरु बाहिर निस्कन सकेका छैनन् । रविन दादाको सहयोगमा घरबाहिर निस्केपछि छिमेकी अजीको मृत्युको खबरले मर्माहित बनाउँछ । अजीबाट नै विगतका सम्पूर्ण कुराहरूको जानाकारी 'म' पात्र सुस्मिताले पाएकी छे । जसको फलस्वरूप 'म' पात्र झनै दुःखीत र पीडित भएकी छे । सुस्मिता अजीको उमेरले धेरै अन्तर भए पनि टुँडालको बारेमा र किम्वदन्तीको बारेमा सम्पूर्ण ज्ञान अजीबाट नै पाएकी छे । यही घटनाले गर्दा सुस्मिताको आँखाबाट आँसु अडिन सकेको छैन् ।

**पाँच परिच्छेद -** विनाशकारी भूकम्पले गर्दा घरको गारो भत्किएको अनि अजीको मृत्युको शोक मनाइरहेको बेला एक्कासी इनरुवाबाट आएको फोनले सुस्मिताको परिवारलाई हृदयविधारक बनाएको छ । उनीहरूलाई शोक माथि शोक थपिएको छ । उनीहरूको परिवारमा नीलो आकाशमा बादलको कालो धब्बा थोपरिएको छ । कल्पना नगरेको कुरा सुन्न र भोग्नु पर्दा 'म' पात्र सुस्मिताको परिवार मात्र नभई सम्पूर्ण देशका मानिसहरू स्तब्ध

भएका छन् । देशको विभिन्न ठाउँमा गएको भूकम्पले देशलाई नै शोकाकुल बनाएको छ । घरले पुरिएका लास झिक्ने क्रममा पतिपत्निको विभत्स अवस्था समेत भेटिएको छ । त्यस घटनाले त झन आगो माथि घिउ थप्ने काम गरेको छ अझै पीडादायी र हृदयविधारक बनाएको छ ।

भूकम्पका कारणले गर्दा पीडित भएकाहरूलाई राहत वितरण गर्ने क्रममा धाँधली भएको, राजनीतिक पूर्वाग्रह राखिएको र आफ्ना मान्छेलाई बढी दिएको भन्दै राहत कार्यक्रममा खटिएका कर्णप्रसाद हजयुलाई लात्ता, लठ्ठी छाताको डण्डीको प्रयोग गरी पिटी-पिटी, घोची-घोची हत्या गरिएको छ । यसले गर्दा देशमा झनै आतङ्क मच्चिएको छ । देश भित्र जुनसुकै कुरामा पनि राजनीति भईरहेको छ र राजनीतिक घुसेको छ भन्ने कुरा समेत देखाइएको छ । सरकार आफैंले जाल साची गरेर सोझा-सादा जनतालाई गिरफ्तारी गरेको छ । त्यसमध्ये विपत्तिमा सघाउन जाने रविन समेत पुलिसद्वारा पक्राउमा परेका छन् ।

**छ परिच्छेद -** बाबाको मृत्युपछि अफिसबाट पाउनु पर्ने सुविधा उनीहरूले पाएका छन् । दिनबित्दैं जाँदा उनीहरूको दिनचर्यामा पनि आमूल परिवर्तन हुँदै आएको छ । बाबा इनरुवाबाट आए पछि उपत्यकाको मठमन्दिरका साथै अन्य ठाउँमा घुम्ने योजना हराएको छ । 'म' पात्र सुस्मिताको सेन्टअपको परीक्षा आएकोले जस्तो सुकै कठिनाइको बाबजुधपनि उसले परीक्षा दिई राम्रो अंक त्याइ पास गरेकी छे । त्यसै बेला प्रहरीको नियन्त्रणमा रहेको रविन छुटेको थाहा पाएर सुस्मिता रविनलाई भेट्न उसको घर जान्छे । लामो समय भेट नभएको र विनाकारण प्रहरीले हिरासतमा राखेकोमा सुस्मिताले दुःख मान्छे तर रविनले सुस्मितालाई कुनै पनि कुरामा विचलित हुनुहुँदैन आपत्तिसँग पनि साहसका साथ जुध्न सक्नु पर्छ भनेर सम्झाएका छन् ।

एस.एल.सी. परीक्षाको तयारीका लागि उमा, सत्या र सुस्मिताले रविनसँगै पढेर तीन जनाले प्रथम श्रेणीमा पास गरेका छन् । उमा र सत्या साइन्स पढ्नका लागि काठमाडौं तिर लाग्छन् भने सुस्मिता बाबाको पत्र अनुसार संस्कृति र समाजशास्त्रीय अध्ययनका लागि भक्तपुरकै मानविकी क्याम्पसमा पढ्छे । त्यही क्याम्पसमा रविन दादाले पनि पढेका र क्याम्पसको विद्यार्थी आन्दोलनको नेतृत्व समेत उनले गरेका छन् ।

क्याम्पसमा पढ्दा सुस्मिताको स्वभाव झन अन्तर्मुखि र गम्भीर बन्दै गएकोले उनको क्याम्पसको साथी कमै छन् । सुस्मिताको साथीहरू मध्ये सबभन्दा मिल्ने साथी

भद्रिका हो । सुस्मिता र भद्रिकाको स्वभावमा ठूलो अन्तर भएपनि उनीहरु बीचको सम्बन्ध भने घनिष्ट छ । भद्रिकाले विभिन्न कुरा गरेर केटा लटठ्याउछे भने सुस्मिताले सानै देखि आफ्नो मनभरी रविनलाई सजाएर राखेकी हुनाले अरु कुनै केटाहरूको सामिप्य चाहिएको छैन । भद्रिकाले जिस्क्याउँदा पनि केही नबुझे जस्तो गरेर बस्छे. । समय बित्दै जाँदा भद्रिकाको भित्री प्रेम झलेन्द्रसँग हुन्छ । यी दुई जना मध्य बीचमा एकजना एकदिन क्याम्पसमा उपस्थित नभएको खण्डमा गम्भीर र बेग्लै जस्ता देखिन्छन् । सम्पूर्ण कुरा सुस्मिताले थाहा पाइसकेपछि भद्रिकालाई प्रेम भन्ने कुरा लुकाएर राख्ने चिज होइन यो झन फैलदैं र विस्तार हुँदै जाने कुरो हो भनेकी छिन् । झलेन्द्र र भद्रिकाको बिहे भइसकेपछि सुस्मितालाई नयाँ साथीको आवश्यकता पर्छ । नयाँ साथी खोजीमा सुस्मिताले शशीलाई घनिष्ट साथी बनाउँछे । शशी बाबाको साथीको स्टाफ शर्माजीको छोरी भएकोले परिवारसँग पनि आवतजावत् बढेको छ । श्यामलले पनि एस.एल.सी. पास गरेपछि संस्कृतिको खोजी गर्छु र कलाकृतिको अध्ययन गर्छु भनी त्यही क्याम्पस भर्ना भएको छ । सँगै जाने र आउने क्रममा शशी र श्यामलको मित्रता दिनप्रतिदिन बढ्दै गएको छ । यसै बीचमा क्याम्पसमा नारजुलुस र हडताल हुन्छ र देशव्यापी रूपमा आन्दोलनले उग्ररुप लिएपछि २०४६ साल चैत्र २७ गते राजाले बहुदलको घोषण गरेका छन् र तीस वर्षको निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भएको छ ।

**सात परिच्छेद -** बी.ए.पास गरिसकेपछि शर्माजीले सुस्मितालाई शिक्षा कार्यालयमा अस्थाई जागिर लगाइ दिन्छन् । कार्यालयको काम सिध्याएर घर फर्कदा दिनप्रतिदिन शर्माजी टुँडालको मुन्तिर बसिरहेका देखिन्छन् ।

विद्यार्थी नेता भएकोले सुस्मिताले रविनलाई नभेटेको धेरै समय भएकोले रविन घरमा आएको मौका पारेर भेट्न जाँदा पहिलेको भन्दा फरक भएको देखेपछि वर्षेदेखि आफूभित्र अटेसमटेस हुने गरी पालेको र सजाएर राखेको माया केवल आफूभित्र सीमित रहेको थाहा पाएपछि रविनदादा प्रतिको मनको उत्तेजना सेलाँउदै जान्छ ।

कार्यालयबाट घर फर्कदा शर्माजीसँग सुस्मिताको दरवार स्क्वायमा भेट हुन्छ । शर्माजीले यौनसम्बन्धी मनगढन्ते, अभिलेख र प्रमाणित नभएका घटना सुनाई आफूतिर आकर्षित गराएका छन् । त्यसका साथै सार्वजनिक स्थलहरूमा, मठमन्दिहरूमा समेत यौन आकृतिहरू भएको कुरा प्रस्तुत गरेका छन् । शर्माजी सुस्मिताको समकालीन साथी जस्तै

भएका छन् । शर्माजीको एउटा भएको छोरो अमेरिकातिर र छोरी शशी पढ्नका लागि काठमाडौंमा रहेको हुँदा उनलाई समय बिताउन गाह्रो भएकोले सुस्मितालाई जहाँ घुमाउन लान पनि तयार छन् ।

सुस्मिताले सुरुमा कार्यालयमा कठिनाइ भोग्नु परेता पनि समय बित्दै जाँदा कार्यालयको सम्पूर्ण काम सुस्मिताले गर्न थालेकी र स्टाफहरूसँगको सम्बन्ध राम्रो भएको र हाकिमले समेत राम्रो व्यवहार गरेको छ । लेखा शाखामा काम गर्ने श्याम सरले सुस्मिताको विगतको कुरा कोट्याएका छन् । सुस्मितालाई जिस्क्याउदा मनोजको गालामा थप्पड हानेको स्मरण गर्दै श्यामले तिनीहरू सङ्गत छोडी पढाइलाई निरन्तरता दिएकोले आज अधिकृत स्तरको कर्मचारी भएको बताउँदै जीवनमा ठूलो परिवर्तन ल्याउनमा सुस्मिताले सहयोग गरेको अनुभूति गर्दछ । त्यसैले हाकिम र लेखापालको दुवैको शुमचिन्तक भएकोले सुस्मिता प्रशन्न छे ।

**आठ परिच्छेद -** 'म' पात्र सुस्मिताले एम.ए. क्याम्पस गएर पढ्न नपाएपनि श्यामलले ल्याइदिएको नोट र किताब पढी पढाइलाई निरन्तरता दिन्छे । सुस्मितासँगको भेटमा सत्याले यौन भन्ने कुरा दबाएर राख्ने होइन यदि यसलाई दबाएर राख्ने हो भने किन कयौं वर्ष अघिदेखि मठमन्दिरमा नाङ्गो निवस्त्र अवस्थामा टुँडालहरू राखिएको त ? भन्ने प्रश्न समेत उठान गरेकी छे । त्यसका साथै सुस्मितालाई शर्माजीसँग र आफूलाई धनुसँग तुलना गर्छे । यौनलाई दमित रूपमा होइन बाह्य रूपमा स्पष्टसँग देखाउन सक्नुपर्छ भन्ने कुराको समेत प्रस्तुत गर्छे । पात्रहरुको स्थान, समय र आवश्यकता भएमा यौन तृप्तीकालागि संभोग प्राप्त गर्न सकिन्छ भन्ने कुराको समेत वर्णन गरिएको छ । सत्या निडर भएकै कारणले यौनसम्बन्धी कुरालाई सहजै स्वीकार गर्छे र केटासँग घुम्न, डुल्न, खान बस्न सक्ने कुरा गर्छे । ठूला-ठूला साहित्यकारको सङ्गतले गर्दा राम्रा-राम्रा कविता लेखी प्रकाशन गर्छे ।

सत्यसँग भएको टुँडाल सम्बन्धी कुरा शर्माजीसँग भेटभएपछि सुस्मिताले भन्छे । सुस्मिताले शर्माजीसँग एकरात सँगै बिताउछे र नारी जीवनको यथार्थको चरम सुखको अनुभूति प्राप्त गर्छे । शर्माजीको सहयोगलाई धन्यवाद दिन्छे ।

श्यामलको शोधशीर्षक 'उपत्यकाका छानेमन्दिरमा जडान गरिएका टुँडालहरूको अध्ययन' भन्ने रहेकोले शर्माजीले टुँडाल सम्बन्धी भनेका किम्वदन्ती र अप्रमाणित तथ्यहरू

पनि श्यामलाई भन्छे । शशी र श्यामल पनि कीर्तिपुरमासँगै पढ्ने भएकोल उनीहरू बीचको सम्बन्ध पनि बढ्दै जान्छ । उनीहरू बीचको प्रेमको सम्बन्ध शर्माजीले पनि थाहा पाएका छन् ।

सुस्मिताको एकोहोऱ्यो प्रेम श्यामसँग बढ्दै जाँदा सुस्मिताले प्रेमभन्दा पनि विहेकै बिम्ब, एउटा सुन्दर गृहस्थीको कल्पना, जहाँ साना-साना नानीहरुको कल्पना गर्छे । त्यसै बीचमा श्याम र रमिताको विहेको कुरा राधिकाबाट थाहा पाइसकेपछि मनमा तनाव उत्पन्न भई कार्यालय छोड्छे र पढाइलाई निरन्तरता दिन्छे ।

पढाइलाई अगाडि बढाउने क्रममा इतिहास र संस्कृति प्रतिको झुकाव बढ्दै जान्छ । सानो छदा बाबाले, उमाकी आमाले र पछि शर्माजीले भनेका किम्बदन्ती, तथ्य र प्रमाण नभएका स्मृतिहरुको वर्णन समेत सुस्मिता मार्फत गरिएको छ । त्यसमा पनि अझ अजीले भनेका 'टुँडाल' सम्बन्धी स्मरणलाई यथार्थ रूपमा वर्णन गरिएको छ ।

लामो समयदेखिको रविसँगको प्रेम भताभुङ्ग भएपछि र उमा काठमाडौं गएपछि उनीहरूसँगको भेटघाट पनि क्रमश कम हुँदैं जान्छ । पाँचतले मन्दिरमा घुम्ने र टुँडाल हेर्ने क्रममा उमाको घरमा पुग्दा उमाको आमा विरामी भएको थाहा पाउँछे । त्यस बेला उमा पनि घर आएकी र क्याम्पस पढ्दा पढ्दै एउटा केटोसँग सम्बन्ध बढेको र एकदिन उमाकै आग्रहमा एकरातसँगै बिताउदा आनन्दित जीवनरस प्राप्त गरेकी हुन्छे । त्यही आश्चर्यलाग्दो सुखानुभूतिले गर्दा गर्भावती भएको कुरा बताउछे । एर्वोसन गर भन्दा पनि एर्वोसन गर्न मान्दिन । उमाले परम्परित मूल्य मान्यताको विपरित आफ्नो स्वतन्त्र इच्छा र आकांक्षा बाह्यरुपमा प्रकट गरेकी छे । उमा सामाजिक परम्पराको विद्राही नारीको रूपमा प्रस्तुत हुन सफल भएकी छे । एर्वोसन नगरी आफ्नो साहस र हिम्मतलाई देखाएकी छे । मैले चिनाएको मान्छे यो बच्चाको बाबु हुन्छ । यसको बाबु खोज्ने स्वतन्त्रता म मा सुरक्षित छ अब तिमीलाई बिदा भन्ने कुरा समेत उमाले भित्री आत्माबाट दृढ विश्वासको साथ प्रकट गरेकी छे ।

**नौ परिच्छेद -** उपत्यकाको अनेकौ शिलालेखहरू, मूर्तिहरू, काष्ठकलाहरू, मन्दिरहरूको बारेमा पढाइको शिलशिलामा नै अध्ययन गरेकाले उसले थेसिस पनि **'उपत्यकाका छाने मन्दिरमा जडान गरिएका टुँडालहरूको अध्ययन'** भन्ने विषय चयन गरी बाबाको इच्छा र आकांक्षालाई पुरा गरेको छ । विभिन्न मन्दिर र अन्य ठाउँमा पनि चित्रहरू

कोरिएका छन् तर ती कलाकृति को द्वारा निर्माण गरिएको भन्ने कुरालाई देखाइएको छैन । यस्ता कलाकृति निर्माण गर्ने कलाकारको पनि उचित स्थान हुनुपर्छ र संरक्षण हुनुपर्छ भन्ने धारणा व्यक्त गरिएको छ । यहाँको शासकवर्ग र समाजसेवीहरुले नयाँ कला र संस्कृतिको समृद्धि र विकासमा चासो राख्नु पर्छ भन्ने धारणा यस उपन्यासकी प्रमुख पात्र सुस्मिताको रहेको छ ।

फ्रान्सेली कलाकार दा भिन्चीले मोनालिषाको चित्र बनाउदा उनको नाम विश्वप्रसिद्ध भएको छ भने भक्तपुर दरबारको तलेजु भवानीको मन्दिरको भित्तामा कुँदिएको चित्रहरू बनाउने चित्रकार र कलाकारको नाम भएको भए आज हाम्रो देशको साथै कलाकारहरूको इज्जत, गौरव पनि बढ्ने कुरा सुस्मिताले प्रस्तुत गरेकी छे । जे भए पनि श्यामलको थेसिसले हाम्रो कला र संस्कृति इतिहासलाई समेटेको छ । श्यामलको थेसिस भित्र विभिन्न उप-शीर्षकहरु दिइएको छ । यस भित्र टुँडालमा रतासनयुक्त आकृति कपिनुको बारेमा विभिन्न अनुमान, किम्बदन्ती र कल्पनाहरू सङ्कलित गरी वर्णन गरिएको छ ।

स्वर्गका राजा इन्द्र यस संसारमा रहेका सम्पूर्ण भगवानका पनि राजा हुँ भनी आफूलाई गर्व गर्नुका साथै हजारौं परीहरुसँग नाचगान र यौनको मनोरञ्जन गरी आफ्नो शासनकालमा त्रिलोकभरि नै सुखशान्ति छ अनि पूजा आजा पनि मेरै गरिरहेका छन् भन्ने भ्रममा छन् तर भ्रमण गर्दा आफ्नो मन्दिर कतै पनि नदेखेपछि सम्पूर्ण मन्दिर ध्वस्त पारिदिन्छन् र उपत्यकामा पानी पर्न छोड्छ अनि अनिकाल र महामारी फैलन्छ । इन्द्र यौनका प्रशंसक भन्ने थाहा पाएपछि मन्दिरहरूका टुँडालमा रतासन आकृतिहरू कपि नवनिर्माण गरेको र सहकाल फर्किएको छ । त्यसै बेलादेखि प्रत्येक वर्ष भाद्रशुक्ल द्वादशीका दिन इन्द्रजात्रा मनाइने चलन चलेको किम्बदन्ती छ । (पृष्ठ १२२ - १२३)

काठमाडौं उपत्यकाको खाल्डोमा रहेको पानीलाई मञ्जुश्रीले चोभारको डाँडो काटेर बाहिर पठाए पछि त्यहाँ बस्ती बस्न थालेको र त्यहीँ बस्ने मानिसहरुले प्रशस्त फलफूल, जडिबुटी, वनस्पति उत्पादन गरेपछि सम्पन्नताका कारणले मोजमस्ती गर्ने, जात्रा मनाउने, देवस्थल बनाउने कार्य थालेका र कोही मोक्ष मार्ग र कोही काम बासना तिर लागेका छन् । मोक्ष मार्गमा लाग्नेहरु जप, तप र ध्यानतिर लागे भने काम बासनामा लाग्नेहरु शक्तिको उपासना तन्त्रमन्त्र, कलासाध्य र यौनमार्गतिर लागेका छन् । यसरी दरबारबाट नै समाजतिर फैलिएको यौन कलाले विस्तारै सामाजिक मान्यता प्राप्त गरेको छ ।

सामाजिक मूल्यमान्यता अनुसार बालविवाह हुनु, सतीजाने प्रथा रहनु, अनि ठूला-ठूला महामारीहरू फैलिनु, ब्रह्मचर्या बस्नु आदि कारणले गर्दा जनसंख्या थोरै भएको छ । विभिन्न कारणले जन्मदर घट्न थालेपछि यौनवादी शिक्षाको खाँचो भएको र विभिन्न ठाउँमा भेला भई यौन सम्बन्धी आकृतिहरु राजा महाराजाहरूबाटै प्रदर्शन गर्न शुरू गरिएको किंवदन्ती छ । तन्त्रसाधना र सान्सारिक विषयभोगबाट मोक्षतिरको मार्गमा अभिप्रेरित हुनाले पनि यौनले बढी प्रश्रय पाएको भन्ने उल्लेख छ ।

बौद्धधर्मको प्रचारप्रसारको प्रभावको कारणले मानिसमा सन्यासी भावनाको विकास भएको र महिलाहरू गर्भिणी हुनबाट वञ्चित हुँदै गएको घटना देखाइएको छ । बौद्ध धर्मको व्यापकताले हिन्दु सनातन धर्मको विनाश भएको र त्यसको संरक्षाणको लागि बौद्ध धर्म विरोधी प्रचार प्रसार गरिएको छ । यसरी बौद्धधर्मलाई निस्तेजपार्दै मानिसको चेतनामा यौनलाई सवल बनाउँदै यौनआकृतिहरु देखिनथालेपछि यौनसम्बन्धी धारण परिवर्तन भएको छ ।

आदिमकालदेखि नै हाम्रो समाजमा यौन सम्बन्धी क्रियाकलापमा नारी माथि हुँदै आएको दमनलाई यथार्थ रुपमा देखाइएको छ । त्यस बेलाको टुँडालहरूमा पनि नारीको उपस्थिति अत्यन्त दयानीय र कष्ठकर अवस्थामा देखाइएको छ । प्रत्येक घरघरका नारीहरूले त्यही टुँडालका आसनहरूमा देखाए जस्तै सास्ती खेपिरहेका हुन्छन् भन्ने धारणा समेत प्रस्तुत गरिएको छ ।

**दश परिच्छेद -** शशी र श्यामलको सम्बन्ध दिनप्रतिदन बढ्दै जान्छ । शर्माजीसँग पनि उनीहरूको विहेको बारेमा कुरा हुन्छ । सुस्मिताले पनि जागिर छोडी पढाइलाई निरन्तरता दिन्छे । श्यामलले जागिर कोटेश्वरमा पाएकोले सुस्मिता भाइलाई आमासँग राखी आफू चाँहि काठमाडौं गएर पढ्ने निधो गर्छे ।

दुई महिना पछि उमाको घरमा सुस्मिता पुग्दा उमाको बाबा ढाड दुख्ने रोगले थलिएका, रविन राजनीतिकमा लागेको हुनाले सर्म्पक विहीन भएकोले बूढाबूढी दुखीत भएका छन् । उमाले आफ्नो यथार्थ कुरा घरमा भनिसकेकीले ज्वाइँ आएपछि टिकाटाला गरी दिने विचार उमाको बाबाआमाको रहेको छ ।

दाङमा साइबाबा आउने भएपछि गाउँका साईभक्तहरूसँगै उमाको आमा पनि उतैतिर जान्छिन् । चार पाँच दिन पछि फर्कने भनी गएकी आमा नफर्केपछि आमाको बारेमा

खोजतलास गर्दा श्यामलले यथार्थ कुरा थाहा पाउँछ र दिदी सुस्मितालाई पनि भन्छ । आमाको विगतका क्रियाकलाप सम्झन्छे र चित्त बुझाउँछे । एक महिनापछि आमाको फोन आउँछ र आमा छोरीबीचमा सामान्य कुराकानी हुन्छ । केही समयपछि आमाको चिट्ठी आउछ । आमाले विहे गरेको सम्पूर्ण कारण थाहा हुन्छ । आमाको त्यस्तो स्वतन्त्र निर्णयलाई स्वीकार गर्छन् ।

**एघार परिच्छेद -** भाइ श्यामलसँग शशीको विहे गरेपछि शर्माजी पनि अमेरिका तिर लाग्छन् । सुस्मिता पनि काठमाडौंको एउटा कुनामा कोठा खोजेर आफ्नो स्वतन्त्र र फुक्का जीवनलाई व्यतित गरिरहेको हुन्छे । पत्रपत्रिकामा लेख लेख्दै जाँदा विभिन्न साहित्यिक वातावारणमा छिर्ने मौका अनि समारोहका साथै पत्रकारहरूसँग समेत चिनजान र परिचय हुन्छ । लेखन कार्यमा काम गर्दा गर्दै बिस्तारै सुस्मिता पत्रकारितातर्फ उन्मुख हुँदै गएकी छे । समचार सङ्कलन तर्फ आफ्नो ध्यान केन्द्रित नभएकोले फिचर लेखन तिर अग्रता दिलाएकी छे । काम गर्दै जानेक्रममा कार्यालयको हाकिम प्रवीण र उनको सम्वन्ध बढ्दै जान्छ । अन्त्यमा जतिसुकै पढेलेखेको, बौद्धिक, भलादमी र ओहोदाको पुरुषहरू भएपनि यौनजन्य व्यावहार गर्न पछि हट्दैन् भन्ने कुरालाई प्रवीणको क्रियाकलापबाट स्पष्ट हुन्छ ।

एक्लै जीवन बिताउने क्रममा एउटै घरमा कोठामा बसेका युवक अमरसँग पनि सुस्मिताको चिनाजानी हुन्छ र अमरप्रति बिस्तारै माया ममता बढ्दैं जान्छ । रक्सी खाने अमरलाई रक्सी नखान अनुरोध गर्छे । अमरको बानी व्यावहार भाई श्यामलसँग मिल्ने भएकोले उनीहरु बीच निकटता बढ्दैं जान्छ । सँगै हिड्ने र सँगै खाने गरेका छन् र अमरको बौद्धिकतादेखि सुस्मिता झनै नतमस्तक हुदैं गएकी छे ।

पत्रिकामा लेख छपाउँदै जाने क्रममा उत्तर-आधुनिकता सम्बन्धी बहसका कुरा छापिएका छन् । उत्तरआधुनिकताले भित्र्याएको अमानवीयता, संवेदनहीन र जनविरोधी चिन्ताले मानव सभ्यतालाई प्रतिगमनतिर लान खोजको कुरालाई यथार्थ रुपमा देखाएको छ । यसरी विकसित भएको नयाँ-नयाँ कुराले पुराना भन्दा पुराना पुरातात्विक मूल्य र मान्यतालाई छोपेर इतिहास र परम्परामा नभएको जङगली जस्तो आत्महीन अवस्थाको बोध गराई आज हामीलाई दिग्भ्रमित बनाएको कुरा देखाएको छ । आजको प्रविधि र सूचनाको कारणले मानिसलाई आर्थिक भौतिक प्राविधिक कारणहरुले मात्र सबै काम पूर्ण हुन सक्दैन । त्यसैले प्रत्येक व्यक्तिको मनोवैज्ञानिक आधार भनेको उसको सांस्कृतिक पृष्ठभूमि हो ।

त्यसैले आफ्नो संस्कृतिको संरक्षण र सुरक्षा हुनुपर्छ भन्ने धारणा छ । यसमा सिग्मण्ड फ्रायडले व्याख्या गरेको यौन मनोविश्लेषण सम्बन्धी मान्यता समेत समेटिएको छ । उनले पुरुष र स्त्री दुई लिङ्गहरूको मात्र सम्बोधन गरेका छन् । समलिङ्गीहरूको बारेमा कुनै आवाज उठाएका छैनन् । त्यसैले समलिङ्गीको पनि कुरा समावेश हुनु पर्ने धारणा सुस्मिताले राखेकी छे ।

सुस्मिताले सत्यासँगको भेटमा आमाले विहे गरेको कुरा भन्छे । त्यसमा सत्याले कुनै पनि सङ्कोच नमानी स्वतन्त्र अस्तित्त्वका लागि अर्को केटासँग विहे गर्न पाउने कुरा गर्छे । परापूर्वकालदेखि नै पुरुषले महिलालाई भोग्य र यौनवस्तु भन्दा बढी केही नदेख्ने प्रचलन अहिले पनि निरन्तर रुपमा कायम रहेकोले यस्तो कुप्रवृत्तिलाई जरौदेखि उखेलेर फ्याक्नु पर्ने धारणा सत्या, सुस्मिता र उमाको रहेको छ ।

शशीले एवोर्सन गरेको कुरा श्यालद्वारा थाहा पाएपछि शशीलाई भेटेरे सम्झाउने विचार सुस्मिता गर्छे भने यता प्रवीणले कार्यालयको सम्पूर्ण काम सुस्मितालाई जिम्मा लगाउछ । प्रवीणकै आग्रहमा सुस्मिता प्रवीणसँग विहे गर्न मञ्जुरी हुन्छे ।

**बाह्र परिच्छेद -** प्रवीणले बिहेको प्रस्ताव राखेपछि सुस्मिताले पनि ठूलो संसार आँखा भरी उभ्याएकी छे । श्यामलले पनि सुस्मिता र प्रवीणको बिहेको कुरालाई स्वीकृत दिएपछि उनीहरू बीचमा हर्ष पलाएको छ । अफिस आफ्नै जस्तो लागेपछि कार्यालयको सम्पूर्ण जिम्वेवारी सुस्मिताले सम्हाल्छे ।

सुस्मिताको एक दिन न्युरोडमा उमासँग भेट हुन्छ । उमाको साथमा ४-५ वर्षकी छोरी हुन्छे । झलेन्द्र पनि उमासँगै बसेको हुन्छ । सुस्मिता र उमाको बीचमा विगतका बारेका धेरै कुरा हुन्छ । भद्रिका पनि मरिसकेकी हुन्छे । उमाले पनि जीवनमा आईपरेका विविध समस्या, पीडा अनि दुःख आदिको बारेमा यथार्थ रुपमा बताएकी छे । छोरीले बाबु खोजेपछि बाध्यतावस सम्झौताको नयाँ बाबु खोज्नु परेको कुरा उमाले गर्छे । यसबाट के देख्न सकिन्छ भने महिला पुरुषविना अधुरो रहने परम्परालाई उपन्यासको पात्र उमाले केही हदसम्म महिला पनि पुरुष बिना बाँच्न सक्दछे भन्ने उदाहरण देखाउन खोजे पनि बच्चाले बाबु खोजेकोले बाध्य भएर श्रीमान्को खोजी गर्नु परेको यथार्थलाई उमाको माध्यमबाट देखाउन खोजिएको छ ।

**तेह्र परिच्छेद** : कोशी बाडीपीडितहरूको निरिक्षणको शिलशिलामा राहत सामग्री बाँड्न गएका प्रवीणले एउटा केटीलाई साथ लिएर फर्केका छन् । त्यो केटीको बारेमा सम्पूर्ण कुरा प्रवीणबाट नै थाहा पाएपछि सुस्मिताले आफू त्यहाँ बस्नुको औचित्य नदेखेपछि त्यहाँबाट आफ्नै कोठातिर लागेको प्रसङ्ग छ । सुस्मिताको त्यस भन्दा पहिले प्रवीणसँग भएको र सोचेको योजना भताभुङ्ग हुन्छ । धेरै मनमा तनाव भएको कारणले कोठामा आई त्यतिकै सुत्छे । रातिको नौ बजे अमरले ढोका ढक्ढकाएपछि ब्यूँझन्छे र उनीहरु बीच विभिन्न कुराकानी हुनका साथै हात-हात स्पर्श समेत हुन्छ । त्यसबाट कार्यालयको टेन्सन मुक्त हुँदै जान्छ र बिहान ब्यूँझदा जीउ चङ्गा भइसकेको हुन्छ । त्यसै बीचमा उसले घुम्न जाने योजना बनाउँछे र अमरलाई फर्केर आएपछि भेट्ने बाचा दिदैं घुम्न जान तयार हुन्छे ।

सुस्मिताले आमालाई भेट्नुका साथै बुटवलको वरिपरि रहेको प्रसिद्ध ठाउँहरू घुम्छे । त्यसका साथ साथै बुद्ध जन्मेको ठाउँ लुम्बिनी देखेर त झनै सुस्मिताको आध्यात्मिकता प्रति आस्था बढेर जान्छ । घर फर्कने अघिल्लो दिन आमासँग विगतका विभिन्न कुरागर्दै रात बिताउछन् । श्यामलले पनि यहाँ आई आमालाई भेटेर गएको कुरा समेत सुस्मिताले थाहा पाउँछे ।

बुटवलबाट फर्कदा सुस्मितामा रहेको पहिलेको प्रेम, विवाह, यौन, सन्तान जन्माउने चाहना मनबाट हटिसकेको हुन्छ । जे-जति साथीहरूसँग सङ्गत पाए पनि जीवन अर्थहीनता तिर धकेलिएको महसुस गरी यस्तो पर्खाल सिर्जना गरेर जीवन सार्थक बन्न नसक्ने सोची आँखा चिम्लेर आत्माको शान्तिको कामना गर्न लागेकी देखाइएको छ ।

सुस्मिताले कार्यालयको काम गर्न छोडी सकेकी छे । काठमाडौं आएर पनि जीवनले कुनै रस प्राप्त गर्न वा जीवनमा प्रगति गर्न नसकेपछि फेरि भक्तपुरमै फर्कने सोची कोठा खोज्न तल्लीन हुन्छे । डेराको खोजी गर्ने क्रममा पहिले आमाले पढाउने स्कूलको डिलमा पुरानो घरमा पुग्छे । त्यसै बीचमा सुस्मिता उमाको घरमा पुग्दा बाबाको मृत्युको शोकमा डुबेका परिवारसँग भेटी फेरि आउने बाचा गर्दै त्यहाँबाट निस्कन्छे र नयाँ कोठाको खोजी गरी सामान लिनका लागि गाडी लिएर पहिलेको कोठामा पुग्छे । ढोका खोलेर भित्र पस्ने क्रममा मोटो खाममा चिठ्ठी फेला पर्छ । त्यसलाई ब्यागमा राखी सबै सामान लिएर कोठामा पुग्छे । त्यो चिठ्ठी खोलेर हेर्दा श्यामल र शशी बीच रहेको यथार्थ घटना थाहा पाउछे । श्यामल र शशीको पनि एर्वोसनका कारणले सम्बन्ध बिग्रेको र शशीले पनि अर्को केटासँग

सम्बन्ध गाँसेको कुरा लेखिएको छ । अन्तिम अवस्थामा श्यामलको जीन्दगी पनि असफलतामा गएर टुङ्गिएको छ ।

सुस्मिता दिक्क भएको मनलाई शान्त बनाउनका लागि दरबार स्क्वायर तिर जान्छे तर त्यही मन्दिरको वरिपरि देखिने टुँडालहरुले विगतको स्मरणलाई घच्घच्याएको छ । रात भरी विगतलाई सम्भदा-सम्भदैं विहान भइसक्छ । विगतका समस्यालाई वेखुसीसँग होइन वा अध्यारो रात जस्तो भएर होइन सुन्दर विहानीको उज्यालोको आगमनसँगै जीन्दगीलाई जीउनु पर्छ र आफ्नो स्वतन्त्र र अस्थित्वका लागि जीवनरत संघर्ष गर्नुपर्छ, विगतका निराशा, कुष्ठा, आवेग र उदासिनता त्याग्दै जानु पर्छ भन्दै यो उपन्यासको समापन भएको छ ।

## ५.३ चरित्रचित्रण

कथावस्तुलाई अगाडि बढाउनका लागि महत्वपूर्ण भूमिका चरित्रचित्रणले खेलेको हुन्छ । आधुनिक उपन्यासमा हेर्ने हो भने उपन्यासमा कथावस्तुलाई भन्दा चरित्रलाई बढी महत्व दिइएको हुन्छ । त्यसैले चरित्रहरू विचारलाई संवाहक गर्ने माध्यम हुन् । उपन्यासमा रहेको सबै पात्रका कार्य व्यापारको भूमिकोले मात्र उपन्यास कलात्मक हुन्छ । उपन्यासमा प्रत्येक पात्रले भोग्नु परेका दुःख, कष्ट, पीडा अनि व्यक्तित्त्व विकासका कुराहत्त्बाट यथार्थ सेरोफेरो व्यक्त भएको छ । त्यसैले कथावस्तुको संवाहक तत्त्वको रूपमा चरित्रचित्रण महत्त्वपूर्ण हुने भएकाले यस दृष्टिले चरित्रचित्रणको उपयोगिताको अध्ययन अपेक्षित छ । उपन्यासकार मूलतः सुस्मिताको चरित्रचित्रणमा बढी आकर्षित भएका देखिन्छन् भने अन्य पात्रहरू पनि आ-आफ्नो कार्य व्यापरमा उक्तिकै प्रभावकारी र सशक्त देखिन्छन् ।

कार्यव्यापारको आधारमा उपन्यासमा दुई प्रकारका चरित्र देखिन्छन् । प्रमुख चरित्रमा सुस्मिता श्यामल र रविन रहेका छन् भने गौणचरित्रहरू र अन्यचरित्रहरू पनि रहेका छन् ।

### ५.५.१ प्रमुख पात्रहरू

टुँडाल उपन्यासको कथावस्तु सुस्मिता, श्यामल र रविन प्रमुख पात्रको सेरोफेरोमा घुमेको छ । यी प्रमुख पात्रको चित्रण निम्नानुसार गरिएको छ ।

**सुस्मिता**

सुस्मिता **'टुँडाल'** उपन्यासकी प्रमुख पात्र हुन् । उपन्यासको कथावाचक अथवा समाख्याता पनि सुस्मिता हो । यस उपन्यासमा सुस्मिता उपमाकी छोरी र श्यामलको दिदीको रूपमा देखा परेकी छे । उपन्यासका सम्पूर्ण घटनाक्रमलाई सुस्मिताले जोड्ने काम गरेकी छे । कुनै पनि कुरामा सफलता प्राप्त गर्न नसकेकी पात्रको रूपमा देखापरेकी छे । सुस्मिताले जीवनमा एउटा पारिवारिक बन्धनको सपना देखेपनि त्यो प्राप्त हुन सकेको छैन । प्राचीन कालदेखिनै पुरुषबाट महिला दमित शोषित छन् भन्ने कुरा सुस्मिताबाट थाहा पाउन सकिन्छ ।

सुस्मिता मध्यमवर्गीय परिवारमा जन्मेकी अनि सुख सुविधामा हुर्केकी पात्र हो । पछि भूकम्पको कारणले बाबाको मृत्यु हुनु र आमाले अर्को केटासँग बिहे गर्दा पनि उसको जीवनमा कुनै विचलन आएको छैन । सम्पूर्ण व्यक्तिको दुःखलाई नजिकबाट हेर्ने काम 'म' पात्र सुस्मिताले गरेकी छिन् । सानै देखि खेल्दा, घुम्दाको साथी रविनसँग विस्तारै सुस्मिताको आकर्षण बढ्दै जान्छ । क्याम्पसमा पढ्दा समेत अरू कुनै केटालाई नहेरी रविनसँगको प्रेम सम्बन्धमा निष्ठा, अडान, समर्पण, इमान्दारिता देखाउँछिन् । उनी प्रतिज्ञामा, विश्वासमा त्यागमा समेत अडिक छिन् । उनले रविन नै मेरो जीवन हो भन्ने अनुभूति बनाएकी छिन् । धेरै समयपछि रविनसँग भेट हुँदा आफूलाई वास्ता नगरेको अनि साथी भनेबाट निराश भई आफ्नो मनभित्र सजाइसकेको रविनलाई समेत हटाउन बाध्य हुन्छिन् र हटाउँछिन् ।

देशमा रहेको पुरातात्त्विक इतिहास र संस्कृतिलाई जोगाउनु भन्ने बाबाको सल्लाह अनुसार जीवनभर निरन्तर सङ्घर्ष गरिरहने नारी पात्रको रूपमा सुस्मितालाई उभ्याइएको छ । सम्पूर्ण नारीले यौनको नाममा खेप्नु परेको दुःख, पीडा र भोगाइलाई सुस्मिताकै माध्यमबाट प्रस्तुत गरिएको छ । जागिर खाने शिलशिलामा सुस्मिताको सम्बन्ध शर्माजीसँग बढ्दैं जान्छ । प्रायः जसो दरबार स्क्वायरमा भेट हुने हुनाले उनीहरूबीच टुँडालकै विषयमा कुरा हुन्छ । एक दिन शर्माजी र सुस्मिताले यौन सम्बन्धी मनको खुलदुली मेटाउनका लागि एकरातसँगै बिताउछन् । यौन सन्तुष्टी प्राप्त गरिसकेपछि उनीहरु फेरि पहिलेकै सम्बन्धमा फर्कन्छन् । यसबाट सुस्मिता आनन्दित हुन्छे र कुनै दुःख र पीडाको बोध गर्दिन ।

शिक्षा कार्यालयमा जागिर खाने शिलशिलामा श्यामसँग एकोहोरो प्रेम गरी सन्तान जन्माउने, घर बनाउने सपना देख्ने सुस्मिता त्यो काममा पनि असफल छे । त्यस्तै हाकिमले एकदिन घुम्न जानका लागि सुस्मितासँग प्रस्ताव राख्छ तर यसपछि उनी कार्यालय जान

छाड्छिन् । जस्तो सुकै शिक्षित बौद्धिक पुरुष भएपनि यौन भनेपछि आकर्षित हुन्छन् भन्ने कुरा सुस्मिताको यथार्थ जीवनबाट थाहा पाउन सकिन्छ ।

पत्रपत्रिकामा लेख लेख्ने र छाप्ने शिलशिलामा प्रवीणसँग भेट हुन्छ र प्रवीणले प्रेम प्रस्ताव राख्दा वेसुद्दीमा स्वीकार्छे । तर अन्तिममा प्रवीणबाट उसलाई धोका हुन्छ । आफ्नो स्वार्थका लागि पुरुषले बनावटी माया समेत दिन्छन् भन्ने कुरा सुस्मिताले प्रस्तुत गरकी छिन् । सुस्मिताको माध्यमबाट पुरुष प्रधान समाजका कारण प्रताडित महिलाहरुको पीडा र आक्रोश व्यक्त भएको छ । उनले पुरुष अत्याचारका बारेमा सचेतना फैलाउँदै हिडे पनि उनी स्वयम्ले चाँहि पूर्णत त्यसको विरोध गर्न नसकेको देखिन्छ । उपन्यासको अन्त्यमा उनले विवाह, सन्तान, पारिवारिक सुखसुविधा जीवनप्रतिको मोह त्यागी सकेकी हुन्छिन् ।

यस उपन्यासमा सुस्मिताले गरेको कार्यको आधारमा प्रमुख पात्र हो । प्रवृत्तिका आधारमा अनुकूल पात्र वा चरित्र हो । लिङ्गका आधारमा स्त्री पात्र हो । स्वभावका आधारमा गतिशिल पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो । आबद्धताका आधारमा बद्ध पात्र हो । जीवन चेतनाको आधारमा वर्ग पात्र हो । उपन्यासको आरम्भदेखि अन्त्यसम्म निरन्तर रुपमा देखिने पात्र सुस्मिता हो । उपन्यासमा टुक्रा-टुक्रा घटनालाई सुस्मिताकै माध्यमद्वारा जोडिएको छ । सुस्मिताको प्रत्यक्ष देखाइ, भोगाइ र अवुभवको आधारमा उपन्यासको कथानक घुमेको छ । समग्रमा सुस्मिता **'टुँडाल'** उपन्यासको प्रमुख पात्र हो, केन्द्रीय पात्र हो र उपन्यासमा सुस्मिताको महत्वपूर्ण भूमिका रहेको छ ।

**श्यामल**

श्यामल **'टुँडाल'** उपन्यासको नायक हो । लिङ्गको आधारमा पुरुष र प्रमुख पात्र हो । श्यामल उपन्यासमा सुस्मिताको भाइ र शशीको लोग्ने र उपमाको छोरोको रूपमा देखा परेको छ । श्यामलको सानैदेखिको स्वभाव भलाद्मी, गम्भीर, कर्तव्यनिष्ठ र एकान्तप्रेमी छ । यस उपन्यासमा हरेक समस्यासँग जुध्नसक्ने क्षमता र साहस भएको पात्र हो । सानैदेखि राम्रो पढाइ भएकोले श्यामललाई अन्य विषयमा पढाउन खोज्दा पनि बाबाको चिठ्ठीले उसलाई प्रभाव पारेको हुनाले देशमा लोप हुन लागेको कला र संस्कृतिको अध्ययन गरेको छ ।

श्यामलले आफ्नो पढाइलाई निरन्तरता दिने क्रममा विभिन्न ठाउँमा भएका ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक साथै महत्वपूर्ण ठाउँहरू घुमी धेरै विषयवस्तुको

अध्ययन गरी आफूलाई पोख्त बनाएका छन् । एम.ए. दोस्रो वर्षको शोधको थेसिस लेख्नु पर्नेमा श्यामलले शोध शीर्षक नै 'उपत्यकाको छानेमन्दिरमा जडान गरिएका टुँडालहरूको अध्ययन' भन्ने राखेका छन् ।

श्यामलले जस्तो सुकै परिस्थितिका बाबजुध पनि आफ्नो अध्ययनलाई निरन्तरता दिएका छन् । उपत्यका भित्र रहेका सम्पूर्ण मन्दिरको अध्ययन अनि त्यहाँ रहेका टुँडालको बारेमा समेत यथार्थ रुपमा जानाकारी प्राप्त गरेका छन् । त्यसका साथै अनेकौ शिलालेखहरू मूर्तिहरु, मन्दिर र काष्ठकलाको स्वध्ययन गरेका छन् । सुस्मितालाई पढ्ने नोट र पुस्तक पनि उनले नै उपलब्ध गराइ दिएका छन् । श्यामलले प्राचीनकालदेखि हालसम्मको कला र संस्कृति सम्बन्धी विवरणलाई यथार्थ रूपमा देखाउने काम गरेका छन् । यौन सम्बन्धी विभिन्न किम्बदन्ती र अनुमानलाई प्रस्तुत गर्ने काम गरेका छन् । नेपाली समाजमा कसरी यौनको विकृति फैलिदैं आएको छ भन्ने कुरालाई समेत उनले आफ्नो थेसिसको विषय वस्तु भित्र वर्णन गरेका छन् । यसले प्राचीनकालको सामाजिक यौनमनोविज्ञानको समेत प्रतिनिधित्व गरेको छ ।

क्याम्पस पढ्ने शिलशिलामा शशी र श्यामलको चिनाजानी हुन्छ र विस्तारै उनीहरू बीचमा प्रेमको भावना पलाउँदै जान्छ । (कालान्तरमा) केही समयपछि उनीहरूको बिहे हुन्छ । जीवन व्यतितगर्ने क्रममा शशी गर्भवती हुनु र श्यामललाई नसोधी एर्वोसन गर्नुले समस्या सिर्जना गराएको छ । शशीले मनमा अर्को केटो सजाएकोले त्यो केटोसँग विहे गर्न नपाए आत्महत्या गर्ने प्रसङ्गले श्यामललाई दुखीत बनाएको छ । जस्तो सुकै कठिनाइका बाबजुध पनि श्यामलले शशीको इच्छालाई पुरा गरी आफ्नो कर्तव्य पुरा गरेको छ । अरूको सुखको लागि आफू जस्तो सुकै कठिनाइ भोग्न पनि तयार भएको स्वाभिमानी र कर्तव्यनिष्ठ पात्रको रूपमा श्यामल देखा परेको छ ।

शशी अर्को केटासँग जान लाग्दा नजाऊ भन्न नसक्नु उसको कमजोरी हो । श्यामलमा नजाऊ भन्न सक्ने साहस छैन । ऊ गएको एकोहोरो हेरेको छ । श्यामल यस उपन्यासको प्रमुख पुरुष पात्र हो । प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । श्यामलले आफूलाई परिस्थिति अनुकूल परिवर्तन गर्दै लैजानेबाट उसलाई गतिशील चरित्र भन्न सकिन्छ । कला र संस्कृतिको संरक्षण सदुपयोग गर्नु पर्छ भन्ने कुराको प्रतिनिधित्त्व गर्ने भएकाले श्यामल वर्गगत पात्र हो । जस्तो सुकै कठिन परिस्थितिलाई सहज रूपमा स्वीकार गर्न सक्ने भएकोले श्यामल शुरूदेखि नै जागरुप र संघर्षशील पात्रको रूपमा देखा परेको

छ । आसन्नताका आधारमा मञ्चीय पात्र हो । आवद्धताका आधारमा बद्ध पात्र हो । समग्रमा 'टुँडाल' उपन्यासको प्रमुख पुरुष पात्र श्यामल हो र उपन्यासमा श्यामलको भूमिका उल्लेख्नीय रहेको छ ।

**रविन**

रविन **'टुँडाल'** उपन्यासको अर्को प्रमुख पात्र हो । 'म पात्र सुस्मिताको' बाल्यकाल देखिको साथी र उमेर बढ्दैं गएपछि एकोहोरो प्रेमी समेत बनेको छ सुस्मिताको । सानो छँदा दरवार स्क्वायरमा खेल्न जाने क्रममा साथीसङ्गीको रूपमा देखा परेको रविन क्याम्पसको विद्यार्थी नेता पनि  हो । रविन पढाइमा पनि जान्ने भएकोले सुस्मिता, सत्या र उमाले उनीसँगै पढेर एस.एल.सी. पास गरेका छन् । रविनको स्वभाव गम्भीर, भलाद्मी छ ।

रविन देशमा भइरहेको अशान्ति र यद्धको विरुद्धमा लाग्ने पात्र हो । क्याम्पसमा पढ्दादेखि नै राजनीतिमा लागेको सच्चा, कर्मठ व्यक्ति हो । दुःख, आपत विपत परेको बेलामा सहयोग गर्ने पात्रको रूपमा रविन देखा परेको छ । भूकम्पको कारणले गर्दा देशमा पीडितहरुको लागि राहत सामग्री बाँड्ने क्रममा धाँदली हुँदा विपतिका लागि सहयोग गर्ने रविन समेत पुलिसद्वारा पक्राउमा परेका छन् । देशमा चलिरहेको अन्याय, अत्यचार, दमन शोषण, थिचोमिचोको विरुद्धमा अगाडि बढेको पात्रहरुको प्रतिनिधित्त्व गर्ने चरित्र हो । रविनमा देशभक्ति भावना प्रर्खर रूपमा पाउन सकिन्छ । रविनले आफ्नो जीवनलाई राजनीतिमा व्यतित गरेको हुनाले घरपरिवारको सुख दुःखको बारेमा पनि ख्याल गरेको छैन । सुस्मितासँग सुरुमा प्रेम भाव देखाउने र राजनीतिमा व्यस्त भएपछि कुनै वास्ता नगर्ने पात्रको रूपमा रविनलाई उभ्याइएको छ । विद्रोही समूहको नेतृत्व कर्ताको रूपमा रविन अगाडि बढेको छ । रविनले समाजमा आफूलाई एउटा राजनीतिक नेताको रूपमा उभ्याएको छ । कथाको सुरुदेखि अन्तिमसम्म रविनलाई उपस्थिति गराइएकोले कार्यभूमिकाको आधारमा 'ऊ' प्रमुख पुरुष पात्र हो ।

परिस्थिति अनुसार आफूलाई बदल्न सक्ने भएकोले गतिशील पात्र हो । प्रवृत्तिको आधारमा अनुकूल पात्र हो । राजनीतिक नेताको प्रतिनिधित्त्व गर्ने भएकोले रविन वर्गगत पात्र हो । जस्तो सुकै कठिनाइलाई पनि सहज रूपमा स्वीकार्न सक्ने क्षमता भएको पात्रको

रूपमा रविन देखा परेको छ । समाजको हिँसा र अन्यायको अन्त्य गर्ने पात्रको रूपमा खडा भएको देखिन्छन् ।

### ५.५.२ अन्य पात्रहरू

**उमा**

सुस्मिताकी साथीहरू मध्ये सबैभन्दा मिल्ने साथी उमा हो । उपन्यासमा उमालाई आधुनिक यौन मनोविज्ञान अनुसार रुपान्तरण गर्ने काम गरिएको पाइन्छ । उसलाई सुस्मिताको प्रतिस्पर्धी बनाइएको देखिन्छ । ऊ रूपले त्यति अचम्मै राम्रो नभए पनि बुद्धिमान, हक्की, बलियी, साहसी, धैर्यतावान, सहन्शील र कर्तव्यनिष्ठ पनि छे ।

क्याम्पस पढ्ने क्रममा एउटा केटोसँग यौन सम्पर्क गर्न पुग्छे । आफ्ना इच्छा र आकांक्षा परिपूर्ति गर्ने क्रममा उमा गर्भवती हुन्छे । केटाले एर्वोसन गर्ने सल्लाह दिन्छ तर त्यसको विपरित उमाले बच्चा जन्माउने कुरा गर्छे । पुरानो सामाजिक संरचनामा परिवर्तन गर्ने पात्रको रुपमा उमालाई लिइएको छ । उसले श्रीमानको साथ विना नै बच्चा जन्माएकी छे र आफ्नो साहसलाई प्रस्तुत गर्छे । उक्त कार्य नेपाली समाज, संस्कृति र परम्परामा चलिरहेको महिला प्रति दमित, घटित, पुरुषवादको विरुद्धको ठूलो बज्र हो । जुन कार्यले महिला साहसी र एक्कल जीवन जीउँन सक्छे भन्ने कुरा उमाको चरित्रबाट पाउन सकिन्छ । नेपाली समाज र संस्कृतिको कुनै वास्ता नगरी आफूलाई नयाँ ढंगबाट पहिचान गराउन सक्ने पात्रको रूपमा उभ्याइएको छ । महिलामा दमित अवस्थामा रहेको यौन कामवासना वाध्य रूपमा प्रष्फुटन गर्ने काम उमाको चरित्रबाट उपन्यासकार कृष्ण धरावासीले देखाउन खोजेका छन् ।

**सत्या**

उमा र सुस्मिताको बालसखी सत्या हो । सुस्मिताको अन्य साथीहरू भन्दा सत्या भिन्न स्वभावाकी छे । उसको स्वभाव चटपटे छ । रूपले अति नै राम्री, बलियो, साहसी पनि छे । बाल्यकालदेखिनै केटा साथी बनाउन रूचाउछे । मन्दिरमा खेल्न जाँदा पनि यताउता घुमिरहने श्यामल र रविनसँगै **'टुँडाल'** हेर्छे । यस उपन्यासमा उमालाई निडर चरित्रको रूपमा देखाइएको छ ।

प्रेमलाई भन्दा धनुलाई बढी माया गर्ने र श्यामललाई बढी मन पराउने हुनाले अंगालो हालेर मन्दिरको वरिपरि घुम्न सक्ने क्षमता भएको पात्रको रुपमा सत्यालाई प्रस्तुत गरिएको छ । आकर्षक र सुन्दरी भएको कारणले पनि ऊ सबैसँग घुलमिल हुन सक्छे । आफूभित्र रहेको इच्छा र आकांक्षालाई स्वतन्त्र रूपमा प्रस्तुत गर्न सक्नु पर्ने धारणा राख्छे । नेपाली समाजमा रहेको महिलाको दमित यौनलाई स्वतन्त्र रूपमा देखाउन सक्नु पर्छ भन्ने मान्यता सत्याको चरित्रबाट पाउन सकिन्छ । केटाकेटी सँगसँगै घुम्नडुल्न, हातसमातेर हिंड्न, रेस्टुरामा जान नहुने हाम्रो समाज र परिवेशको प्रतिकार गर्ने काम गर्छे सत्याले । सत्याले मन्दिरमा रहेको नाङ्गो र निर्वस्त्र 'टुँडाल' को दर्शनगर्ने तर समाजमा पुरुष र स्त्री सँगै हिड्न नहुने सामाजिक परम्परा प्रति घोर आपत्ति प्रकट गर्दै जस्तो सुकै कठिन परिस्थितिमा पनि कमजोरीपन नदेखाउन नेपाली नारीहरू प्रति आह्वान गरेकी छे । प्राचीन काल देखि नै नारीमाथि यौनसम्बन्धी विभिन्न आरोप लगाइ अन्याय, अत्याचार, दमन, शोषण भइरहेको कुरालाई सत्याको चरित्रले देखाएको छ । सत्यालाई नारीभित्र साहस भएको पात्रको रूपमा उभ्याइएको छ । नेपाली समाज र संस्कृतिप्रति विद्रोह गर्न सक्ने नारीको रूपमा प्रस्तुत भएकी छे ।

**भद्रिका**

सुस्मिताको क्याम्पसमा पढ्दाको सबैभन्दा मिल्ने साथी भद्रिको हो । भद्रिका यस उपन्यासमा भलेन्द्रको प्रेमिकाको रूपमा देखापरेकी छे । सुस्मिताको स्वभाव र भद्रिकाको स्वभावमा अन्तर भएपनि मिलनसार साथी हुन् । भद्रिकाको केटासाथी धेरै छन् । रूपमा पनि राम्रो र अरूलाई आफूतिर आकर्षित गर्न सक्ने क्षमता उसमा छ । समय बित्दै जाँदा भद्रिकाको सम्बन्ध रूप नराम्रो भएपनि भलेन्द्रसँग बढ्दै जान्छ र उनीहरु बीच विहे हुन्छ । नेपाली नारीलाई पनि आफ्नो इच्छा र आकांक्षा अनुसार केटा रोज्न पाउने अधिकार छ भन्ने कुराको प्रतिनिधित्व भद्रिकाले गरेकी छे । यस उपन्यासको सत् पात्रको रूपमा भद्रिका प्रस्तुत भएकी छे । उपन्यासको ६ अनुच्छेद देखि उपस्थित पात्र हो । भद्रिका स्वभाव पहिले मनमा केही कुरा पनि नराखी भन्ने र पछि पछुताउने खालकी छे । सुस्मिता र भद्रिकाले सुख दुःख साट्छन् । भद्रिकाले क्याम्पस छोडेपछि सुस्मिता एक्ली बन्छे । भद्रिकाले समसामयिक नारी पात्रको प्रतिनिधित्त्व गरेकी छे । परम्परित रीतिरिवाजलाई तोडेर आफैले आत्मनिर्णय गरी बिहे गर्न सक्ने पात्रको रूपमा देखा परेकी छे भद्रिका । अन्त्यमा झलेन्द्रको

कारणले भद्रिकाको मृत्यु हुन्छ । भद्रिका निडर, साहसी र शिक्षित पात्रको रूपमा प्रस्तुत भएकी छे। उपन्यासमा सानो भूमिका भएपनि महत्वपूर्ण पात्रको रूपमा देखा परेकी छे।

**झलेन्द्र**

यस उपन्यासमा भद्रिकाको प्रेमिको रूपमा झलेन्द्र देखा परेको छ। झलेन्द्र असल पात्रको रूपमा देखा परेको छ । उपन्यासको ६ परिच्छेददेखि उपस्थित पात्र हो । झलेन्द्र सुस्मिताको क्याम्पसमा सँगसँगै पढ्ने युवक हो । उसको स्वभाव अरुको भन्दा एकदम नै फरक खालको छ । अनुहार त्यति राम्रो नभएपनि अन्य बानी व्यवहार भने अत्यन्त राम्रो छ । साथीहरूले व्यक्तिगत रूपमा जे भन्दा पनि मन नदुखाउने तर सानातिना पीर देख्ने बित्तिकै भावुक हुने प्रवृत्ति उसमा छ । झलेन्द्र एकदम सोझो छ त्यसैले भद्रिकाको पहिला मनोरञ्जनको साधन समेत बनेको छ।

झलेन्द्र हाँसेर बोल्ने, आवाज संगीतमय र दार्शनिक खालको मान्छे जस्तो छ । झलेन्द्रको बानी व्यहोर, धैर्यतावान्, सहनशील भएकाले रूपमा राम्री भद्रीकासँग प्रेम गरी विहे हुन्छ । डाक्टरले सन्तान नहुने प्रमाणित गर्दा गर्दै एकदिन भद्रिका गर्भवती हुँदा आवेशमा झलेन्द्रले गर्भपतनको औषधी खुवाइदिन्छ। त्यही कारणले रक्तश्राप भइ भद्रिका मर्छे। भद्रिकाको मृत्युपछि झलेन्द्रले पश्चताप गर्छ। पछि उमाको दुःखमा साथ दिने पात्रको रूपमा देखा परेको छ । झलेन्द्रलाई समाजमा परम्परित रीतिरिवाजलाई केही हदसम्म सम्हालेर राख्ने चरित्रको रुपमा देखाएको छ। शुरूमा राम्रो काम गरे पनि अन्तिम अवस्थामा खराब काममा अघि बढेको देखिन्छ।

**श्याम**

श्याम शिक्षा कार्यालयमा काम गर्ने लेखापाल हो । सुस्मिताको कार्यालयको साथी पनि हो । सुस्मिताले राम्रो काम गरेको देखेर स्यावासी दिने पात्र हो । सुस्मिताले भने श्यामलाई नै आफ्नो जीवन हो भन्ने सम्झन्छे। श्यामसँगै आफ्नो जीवन बिताउने सपना बुन्छे तर श्यामले रमितासँग विहे गरेपछि उसको सपना चक्नाचुर हुन्छ । श्यामको जीन्दगीमा ठूलो परिवर्तन ल्याइदिने काम सुस्मिताले गरेकी छे त्यसैले सुस्मिता श्यामको धन्यावादकी पात्रका रूपमा देखा परेकी छे। श्याम यस उपन्यासको अनुकूल पात्र हो।

**शर्माजी**

जागिर खाने शिलशीलामा सुस्मितालाई सहयोग गर्ने पात्र शर्माजी हो । शर्माजीबाट नै टुँडालको बारेमा र पुरातात्विक संस्कृति र किम्बदन्ती बारेमा यथार्थ थाहा पाउँछे सुस्मिताले । शर्माजीसँगै उपत्यकाको विभिन्न धार्मिक स्थलहरू घुम्ने अवसर पाउँछे । टुँडालसम्बन्धी किम्वदन्तीका साथै अप्रमाणित र अनुमानका कुराहरू शर्माजीबाट नै जानकारी हुन्छ । आफ्नो यौन सम्बन्धी इच्छा, आकांक्षा, उत्सकुता, कौतुहलता शर्माजीसँग एकरात सँगै बसेर मेटाउछे ।

यस उपन्यासमा शर्माजीको भूमिका महत्त्वपूर्ण रहेको छ । आफ्नो उमेरलाई बिर्सेर आफूलाई आनन्दको अनुभूति गराउन र आनन्दको अनुभूति दिन पछि हटेका छैनन् । यौन कामवासना भन्ने कुरा कहिल्यै बूढो हुँदो रहेनछ भन्ने कुरा समेत शर्माजीको चरित्रबाट थाहा पाउन सकिन्छ । सुस्मिताको जीवनमा ठूलो सहयोग पुऱ्याउने पात्र नै शर्माजी हुन त्यसैले शर्माजी यस उपन्यासका धन्यावादका पात्र बनेका छन् । दुवैको सम्बन्धका बारेमा भन्दा बासानात्मक प्रेमको कुरा गर्ने हो भने उनीहरूको उमेर मिल्दैन, किनकि सुस्मिता छोरी जस्तै उमेरकी छे । उपन्यासमा शर्माजी र सुस्मिताको सम्बन्ध अन्यौल छ । दुवैको सम्बन्धको बारेमा भन्दा वासनात्मक प्रेमको कुरा गर्ने हो भने उनीहरूको उमेर मिल्दैन । प्रेमको सम्बन्ध हो भनी दुवै जनाले उपन्यासमा स्वीकार गरेको छैनन् । दुवै जना एक अर्का प्रति भावुक बनेका छन् ।

**प्रवीण**

प्रवीण सुस्मिताले काम गर्ने पत्रपत्रिकाका प्रबन्ध सम्पादक हुन् । प्रवीणकै प्रस्तावमा सुस्मिताले प्रवीणको कार्यालयमा काम गरेकी हुन् । प्रवीणले नै एक दिन सुस्मितासँग विहेको प्रस्ताव राखेर पछि सुस्मिताको मनको संसारलाई बदलिएको छ । एउटा सँग विहेको प्रस्ताव राख्ने र अर्को केटी भ्रमणमा गएको बेला लिएर आउने पात्रको रूपमा यस उपन्यासमा उपस्थित गराएको छ । बौद्धिक, शिक्षित र भलादमी रूपमा चिनिएको प्रवीण आफूले राखेको प्रास्तावलाई आफैले लत्याउने पात्रको रूपमा उपस्थिति भएको छ । आफू महान् हुँ भन्ने तर कार्यालयको व्यावस्थापन गर्न नसक्ने पात्रको रूपमा देखा परेका छन् । सुस्मिताको जीवनलाई असफता तिर लैजाने काम वा मोड्ने काम प्रवीणले गरेको छ । प्रवीण असत् पात्रको रूपमा देखा परेको छ ।

**शशी**

शशी शर्माजीको छोरी, श्यामलको प्रेमिकाको रुपमा देखा परेकी पात्र हो । क्याम्पस पढ्ने क्रममा श्यामलसँग प्रेम गर्छे । उनीहरु बीच रहेको प्रेमको भाव बुझि शर्माजी र सुस्मिताको सल्लाहमा विहे हुन्छ । जीवन व्यतित गर्ने क्रममा शशीले श्यामललाई थाहा नै नदिई एर्वोसन गर्छे र फेरि शशीले मलाई किन एर्वोसन नगर भनेनौं भनी प्रश्न श्यामल अगाडि तेस्याउँछे । शशीले अर्को केटासँग प्रेम गरेको थाहा पाउनु र त्यो केटासँग जान नपाए आत्महत्या गर्ने कुरा गरेपछि श्यामलले त्यही केटासँग पठाई दिन्छ । यहाँ शशी र श्यामल बीचको प्रेम शशीले असफल गराइएकी छे ।

**अजी**

परम्परित संस्कार, रीतिरिवाज, किम्वदन्ती, अनुमानित घटना, टुँडालको वर्णन, प्राचीन यौनसम्बन्धी मान्यता अजीका माध्यमबाट यथार्थ रुपमा सुस्मितालाई थाहा हुन्छ । प्राचीन कालदेखि नै यौनका नाममा पुरुषबाट नारीले भोग्नु परेका पीडा, कष्ट, दु:ख आदिको समेत जानाकारी सुस्मिताले अजीबाट थाहा पाउँछे ।

**उपमा**

सुस्मिता र श्यामलको आमाको रूपमा यस उपन्यासमा देखा परेकी पात्र हो । भूकम्पको कारणले लोग्नेको मृत्यु भएको र आफ्नो स्वतन्त्र, इच्छा र आकाक्षा अनुरूप दश वर्ष पछि अर्को केटासँग जीवन जीवन थालेकी र मानसिक पीडाबाट मुक्त भएकी छे ।

**सुस्मिताको बाबु**

सुस्मिताको बाबु टुँडाल उपन्यासको सत् पात्रको रूपमा प्रस्तुत भएको छन् । आफ्नो देशको राष्ट्रियतालाई बचाई राख्नु पर्छ भन्ने मान्यता बोकेको र आफ्नो छोरा छोरीहरूलाई पनि देशमा विस्तारै लोप हुनलागेको कला र संस्कृतिको संरक्षण र सदुपयोग गर्नु पर्छ भन्नेर सुझाव दिने पात्रको रूपमा देखापर्दछ । सरकारमा बस्नेहरुले कुर्सी तानातान गर्दा सिमा क्षेत्रमा भारत सरकार गरेको अतिक्रमणलाई सहेर बाँच्न विवश नेपालीहरू यथार्थ दुर्दशालाई प्रस्तुत गर्ने पात्रको रूपमा उभ्याएको छ ।

**अन्य गौण पात्रहरू**

'टुँडाल' उपन्यासमा थुप्रै गौण चरित्रहरू रहेका छन् । महेश्वरी उमाको बाबाआमा, रमिता, मनोज, राधिका, अमर, धनु, प्रेम, उमाको लोग्ने आदि रहेका छन् । महेश्वरी सुस्मिताको बालसाथी हो । सुस्मितालाई आफ्नै छोराछोरीको जस्तो व्यवहार गर्ने पात्रका रूपमा देखा परेका छन् उमाको बाबाआमा । रमिताले श्यामसँग विहेगर्दा सुस्मिताको सम्पूर्ण सपनाहरू भताभुङ्ग भएको छ । सुस्मितालाई जिस्क्याउने काममा अग्रसर हुँदा गालामा थप्पड खाएको मान्छे मनोज हो । मनोज सङ्गतले बिग्रेको पात्रको रूपमा प्रस्तुत गरिएको छ । राधिकाले श्याम र रमिताको विहे भएको खबर पुऱ्याइ सुस्मितालाई सहयोग गरेकी छे । प्रवीणले अर्को केटीसँग विहे गरेको थाहापाए पछि तनाबले कोठामा आइ सुत्ने क्रममा सुस्मितालाई तनावबाट मुक्त गराउने पात्रको रूपमा अमर देखापरेको छ । धनु र प्रेम पनि सुस्मिताका बाल साथी हुन् । धनु र प्रेम दुवैलाई सुस्मिताले समान व्यवहार गर्छे भने सत्या धनुलाई बढी माया गर्छे । उमेरको हिसाबले हेर्ने हो भने उमा र सुस्मिता पनि सत्याभन्दा कम छन् । क्याम्पस पढ्ने क्रममा उमासँग यौनसर्म्पक गर्ने तर उमा गर्भवती भइसकेपछि गर्भको बच्चा, जिम्मा लिन नसक्ने, साहसहीन, आफ्नो कतर्व्यबाट विमुख हुन खोज्ने, र एर्वोसन गराउन तयार हुने बज्रस्वाँउ पात्रको भूमिका उमाको प्रेमीले खेलेको छ ।

## ५.४ परिवेश/देशकाल वातावरण

**'टुँडाल'** उपन्यासमा प्राचीन कालदेखि विकसित हुँदै आएको कला र संस्कृतिको बारेमा वर्णन गरिएको छ । यो उपन्यासले सुरुमा स्थानको बारेमा पृष्ठभूमि तयार पारेको छ । यसले भक्तपुर जिल्लामा रहेका कला र संस्कृतिलाई मूल आधार बनाएको छ । त्यसका साथै काठमाडौं, ललितपुर, धरान, सुनसरीको इनरुवा, बुटवल, लुम्बिनी, कीर्तिपुर आदि क्षेत्रलाई ओगटेको छ । उपन्यासमा देशका विभिन्न ठाउँमा रहेको रमणीय स्थल, स्वच्छ वातावरण, धार्मिक स्थल, पुरातात्त्विक कला आदि परिवेशका रूपमा आएका छन् । यसमा श्यामल, सुस्मिता, उपमा, सुस्मिताको बाबा, प्रवीण आदिले जहाँ जहाँको यात्रा गरे त्यहीको सुन्दर परिवेश समेटिएको छ । यस उपन्यासले एउटा सिङ्गो युगलाई परिवेशको रूपमा सङ्ग्रह गरेको देखिन्छ ।

**'टुँडाल'** उपन्यासमा तत्कालीन परिवेशलाई यथार्थ रुपमा उतार्ने प्रयास गरिएको छ । मध्यमवर्गीय समाजमा विकसित चेतना र स्वतन्त्रता देख्न पाइन्छ । घर बाहिर निस्केर

राति कुनै पनि काम गर्न नहुने सोचका मान्छेहरुले आज आफ्नै छोरी बुहारीहरूलाई उल्टै पैसा लिएर वैदेशिक रोजगारीका नाममा 'यौनदासी' बनाइरहेका छन् । हाम्रो समाजको यौनचिन्तन नै के छ र ? पैसा कमाएर ल्याउँछे भने लोग्ने, सासू, ससुरा सबैले फूलको माला लगाएर बोइङ चढाइदिन्छन् बुहारीलाई, कमाउन सक्दिन भने आफ्नै गाउँमा एकरात कतै अभेर बाहिर बसी भने घरबाटै निकालिदिन्छन् । हरेक कुरालाई पैसासँग हेर्ने मानसिकताका धनि हामी नारीहरुको सामाजिक मूल्य परिवारसँग खोज्ने होइन, आफ्नै सङ्घर्षले स्थापना गर्नु पर्छ । (पृष्ठ, १७६)

हाम्रो समाजमा प्राचीन कालदेखि नै पुरुषबाट महिला पीडित छन् भन्ने कुरा मन्दिरका भित्तामा रहेका नारीका विभत्स आकृतिहरुबाट पनि थाहा पाउन सकिन्छ । यस उपन्यासले नेपालको वर्तमान परिस्थितिलाई समेत समेटेको छ । देशमा बहुदलीय व्यावस्था आइ सकेपछि पनि नेपाली जनताले सुख र शान्तिको अनुभूति गर्न नसकेको अवस्थाको चित्रण छ । त्यसमा पनि अझै तत्कालिन अवस्थाको माओवादी विद्रोहीहरुको चलखेलको समेत वर्णन गरिएको छ । समाजमा रहेको वर्तमान विकृति र विसङ्गति अनि परिवर्तनहीन अवस्थाको चित्रण गरिएको छ । मुलुकमा राजनैतिक परिवर्तन आएपनि निम्नस्तरका जनतामा कुनै किसिमको परिवर्तन नआएको यथार्थ घटनालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । प्राचीन कालदेखि लुकेर रहेको यौनलाई बाह्य रुपमा नै प्रकट गर्नु पर्ने धारणा सहित नेपाली समाजको प्रतिछाया उत्रिएको पाइन्छ ।

## ५.५ उद्देश्य

कुनै पनि साहित्य सिर्जना गर्नुको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्य विना कुनै पनि साहित्य सिर्जना गर्न सकिदैंन, सिर्जना गरेपनि अर्थहीन हुन्छ । 'टुँडाल' उपन्यासका माध्यमबाट हाम्रो समाजमा पहिलेदेखि चलिआएको नारी यौन शौषणलाई आन्तरिक रूपमा नराखी बाह्य रूपमा प्रकट गर्नु यस उपन्यासको मूल उद्देश्य रहेको देखिन्छ । यस उपन्यासमा धराबासीमा राजनीतिक प्रभाव परेको हुनाले राजनीतिक सचेतना फैलाउने काममा समेत दृष्टि पुगेको देखिन्छ । **'टुँडाल'** उपन्यासमा धरावासीले आफ्नो असफल प्रेम मनोग्रन्धिलाई उपयोग गरेको पाइन्छ । भक्तपुरको दरवार स्क्वायर मन्दिरलाई मूल केन्द्रविन्दु बनाई यो उपन्यास लेखेको देखिन्छ ।

पूर्वीय र पाश्चात्य मान्यतामा आधारित 'टुँडाल' उपन्यासले यौन भनेको सन्तान उत्पादनका साथै आनन्द पनि वरण गर्नु रहेको देखिन्छ । यौन भनेको दमित गर्ने, छोप्ने, लुकाउने कुरो होइन । समय, स्थान, पात्र आवश्यकता मिल्यो भने इच्छुकहरूबीच स्वतन्त्र रूपमा सम्भोग हुनसक्छ भन्ने कुरा समेत देखाइएको छ । यौनको नाममा नारी वा महिला माथि भैरहेको शोषण, दमन, अन्याय, अत्याचारलाई पन्छाइ आजको समाजको सोचमा व्यापक परिवर्तन आउनु पर्छ र नारीहरूले भोग्नु परेको विविध समस्याबाट मुक्त पाउनु पर्छ भन्ने उद्देश्य समेत 'टुँडाल' उपन्यासको रहेको छ । नारीले आफ्नो अस्तित्व संरक्षणका लागि आफैं लड्न सक्नुपर्छ र आफ्नो अस्तित्त्वका लागि आफैंले संघर्ष गर्नु पर्छ भन्ने उद्देश्य यस उपन्यासले बोकेको छ । अन्धविश्वासलाई चिरफार गर्नु, नारीलाई आफ्नो स्वतन्त्रताका लागि लाड्न अग्रसर गराउनु यस उपन्यासको उद्देश्य देखिन्छ । तत्कालिन समाजको यथार्थ चित्रण र यौनलाई वाह्य रुपमा पर्दाफास गर्नु यस उपन्यासको प्रयोजन देखिन्छ ।

## ५.६ दृष्टिविन्दु

'टुँडाल' उपन्यासको दृष्टिविन्दु यस उपन्यासको प्रमुख तथा केन्द्रीय नारी पात्र सुस्मिता हो । उपन्यासको सम्पूर्ण कथावस्तु उसैले वर्णन गरेकी छे । उपन्यासको समख्याता सुस्मिताले संस्मरणका घटनाहरूलाई वर्णन गरेकी छे । उपन्यासमा सुस्मिताले 'म' पात्रका रूपमा आफ्नो जीवनमा घटेका घटनाहरूलाई वर्णन गरेको पाइन्छ । उपन्यासको सूत्रधारको रूपमा रहेकी सुस्मिता सम्पूर्ण घटनाको सर्वज्ञाता हो । त्यसैले उपन्यासमा आन्तरिक वा वाह्य दुवै दृष्टिविन्दुको प्रयोग छ । उपन्यासको प्रमुख पात्र सुस्मिताले उपन्यासको वर्णन गर्दा आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको छ ।

उपन्यासमा 'म' पात्रले आफ्नो कार्यव्यापारका साथै अन्य पात्रको पनि वर्णन गरेको देखिन्छ । यस उपन्यासमा आफ्नो र अन्य सबै पात्रको कथा सुस्मिताले प्रस्तुत गरेकी छे । त्यसैले यस उपन्यासमा प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । निष्कर्षमा, उपन्यासको दृष्टिविन्दु आन्तरिक केन्द्रीय रहेको छ भन्न सकिन्छ ।

## ५.७ संरचना

**'टुँडाल'** उपन्यासको संरचना अघिल्लो उपन्यासहरूको भन्दा भिन्न किसिमको छ । यसमा छोटा छोटा परिच्छेद रहेको छ । केही पात्र वास्तविक यर्थाथ पात्र छन् भने केही पात्र

काल्पनिक रूपमा निर्माण गरिएको छ । यस उपन्यासमा म पात्र सुस्मिता केन्द्र विन्दुमा रही महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । यस उपन्यासमा नारीपात्रलाई बढी प्रमुखता दिइएको छ ।

**'टुँडाल'** उपन्यास तेह्र परिच्छेद विभाजित छ । ती परिच्छेदमा समानता छैन । जम्मा पृष्ठ २०० सम्म फैलिएको यस उपन्यासमा प्रथम परिच्छेद १२ पृष्ठ रहेका छन् । एघार परिच्छेद २४ पृष्ठ ५ वटा खण्ड वा उप परिच्छेद रहेका छन् । यो उपन्यासमा आठ परिच्छेद लामो र ठूलो परिच्छेद रहेको छ । पहिलो परिच्छेदमा 'म' पात्र भक्तपुरको न्हु पुखुको डिलमा अवस्थित पुरानो घरमा कोठा लिएर बस्न शुरू गरेपछि प्रारम्भ हुन्छ । यस उपन्यासमा पहिलो परिच्छेदको पृष्ठ ५ देखि नै कथावस्तुले मोड लिएको छ । दोस्रो परिच्छेद १३ पृष्ठदेखि १६ पृष्ठसम्म छ । तेस्रो परिच्छेद १७ पृष्ठदेखि ४० पृष्ठसम्म फैलिएको छ । जसमा २ उपअनुच्छेद रहेको छ । दसौं परिच्छेदमा उपन्यास उत्कर्षमा पुगेको छ ।

**'टुँडाल'** उपन्यासको कार्यपीठिका भक्तपुर जिल्लाको विभिन्न ठाउँ र स्थानहरूलाई आधार बनाइएको पाइन्छ । मुख्य कथावस्तु न्ह पुखुको पुरानो घर, डाडा पाखा अनि प्राचीनकालदेखि मठमन्दिरमा कुँदिएका यौन आकृतिका साथै सांस्कृतिक मनोविज्ञान रहेको छ । मन्दिरका टुँडालहरूमा झल्किदै आएको यौनबिम्ब र पुरुषबाट महिला यौनकै कारण पीडित र शोषित भइरहेको कुराको वर्णन गरिएको छ । भक्तपुरका साथै काठमाडौं, धनकुटा, बुटवल, लुम्बिनी, सुनसरी आदि ठाउँमा रहेका विभिन्न कला र संस्कृतिको बारेमा उल्लेख गरिएको छ । यस उपन्यासमा घट्ने घटनाको प्रतिनिधि पात्र **'म'** (सुस्मिता) हो । **'म'** पात्र सुस्मिताकै सेरोफेरोमा **'टुँडाल'** उपन्यासको कथावस्तु घुमेको छ ।

**'म'** पात्र सुस्मिताको बाल्यकालसँगै यस उपन्यासको घटनाक्रम अघि बढेको छ । सम्पूर्ण बालसाथीहरु दरबार स्क्वायरमा भेला भएर **'टुँडाल'** हेर्ने र खेल्ने प्रक्रियासँगै कथावस्तुले गति लिएको छ भने भूकम्पको कारणले बाबुको मृत्यु हुनु, बाबुको त्यस भन्दा अगाडिको चिठीहरूबाट कला, धर्म, संस्कृति अनि राष्ट्रप्रतिको मोहलाई त्याग्नु हुँदैन भन्ने कुराबाट अगाडि बढेको छ । बाबुको सल्लाह अनुसार **'म'** पात्र सुस्मिता र श्यामलले आफ्नो पढाइलाई सांस्कृतिक र समाजशास्त्रमा केन्द्रित गर्नुले उपन्यास चरमोत्कर्षमा पुगेको छ । बहुदलीय व्यावस्थाको स्थापना भइसक्दा पनि जनताले भोगिरहनु परेको अन्याय, अत्याचार, दमन, शोषण अनि विद्रोही समूहको गतिविधि निकै राम्रोसँग वर्णन गरिएको छ । त्यसका

साथै नारीले आफ्नो स्वतन्त्र पहिचानका लागि आफै लड्नु पर्छ अनि सङ्घर्ष गर्नका लागि पछि पर्नु हुदैँन भन्ने कुरालाई समेत देखाइएको छ ।

**'टुँडाल'** उपन्यासमा सामाजिक, सांस्कृतिक, राजनीतिक विषयवस्तु लाई समावेश गरिएको छ । चिट्ठीको पनि प्रयोग गरिएको छ । बीच-बीचमा कविताको समेत गरिएकोले यो उपन्यास रोचक र कौतुहल बनेको छ ।

## ५.८ भाषाशैली

उपन्यासलाई प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व भाषाशैली हो । भाषा भनेको माध्यम हो र शैली भनेको प्रत्येक उपन्यासकारको निजि अनुभूति हो । प्रत्येक उपन्यासकारले आ-आफ्नै शैलीको प्रयोग गरेका हुन्छन् । लेखकको व्यक्तिगत जीवनले पनि उसको शैलीमा प्रभाव पारेको हुन्छ । कवितात्मक भाषा, शब्दचयन गर्ने, वाक्यगठन, आलङ्कारिक, शुद्धाशुद्धि आदिलाई भाषाशैली अन्तर्गत राखिन्छ ।

मल्लकालीन सांस्कृतिक मनोविज्ञानलाई आधार बनाइ कला र संस्कृतिमा झल्किदै आएको यौनबिम्बलाई कथावस्तु बनाएर वर्तमानसँग सान्दर्भिक बनाएर तत्त्कालीन समाजलाई भाषा मार्फत प्रस्तुत गर्नु नै उनको विशिष्ट शैली हो । कृष्ण धरावासी सामान्यतः परिष्कृत र परिमार्जित भाषाशैली भएका उपन्यासकारका रूपमा चिनिन्छन् । सरल, सहज र सजिलै बुझिने खालका शब्दहरूको प्रयोग गर्छन् । टुँडाल उपन्यास वर्णनात्मक र संवादात्मक दुवै रूपमा सशक्त छ । उपन्यासको ठाउँठाउँमा चिट्ठीमा प्रयोग गरिने भाषाको प्रयोग, शुरू र बीचमा काव्यात्मकतालाई समावेश गरिएको छ । सरल, सरस र नेपालीपनमा ढालिएको सन्दर्भ एवं भाषाशैली रोचक छ । औपन्यासिक घटना ऐतिहासिक र सांस्कृतिक मनोविज्ञान जस्तो लागे पनि पात्रको चारित्रिक विशिष्टताको उद्घाटन र जीवनजगत्प्रति अभिव्यक्ति प्रकट गर्न उपन्यासको भाषा सफल देखिन्छ ।

## ५.९ संवाद वा कथोपकथन

उपन्यासमा संवाद वा कथोपकथनको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । संवाद वा कथोपकथन नभएमा उपन्यास प्रभावकारी हुन सक्दैन । **'टुँडाल'** उपन्यासमा अधिक चरित्रको चित्रण कथावाचक सुस्मिताबाट भएको छ । उपन्यासमा सुस्मिता र अन्य पात्र बीच भएका

संवादले यसलाई जीवन्त तुल्याएको छ । यहाँ परिवेश अनुकूल स्वगत कथन र मनोगत संवाद पनि समायोजन गरिएको छ ।

उपन्यासमा संवादले नै कथावस्तुलाई अगाडि बढाउँछ । यस उपन्यासको पनि संवादबाट नै कथावस्तुले अग्रगति लिएको देखिन्छ । रविन र सुस्मिताको धेरै दिन पछि भेटको संवाद यस्तो छ। रविन दादा छेउमा थिए - 'के गर्दैछौं सुस्मिता ।'

बोल्न सकिँन उनले केहीबेरपछि फेरि सोधें - 'अचेल त तिमी आउन पनि छोड्यौ भेट हुँदैन नि किन ?' (पृष्ठ, १२)

उपन्यासको चरित्र चित्रणमा समेत संवादले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । उपन्यासमा विभिन्न पात्रलाई जोड्न र उपन्यासलाई कलात्मक बनाउनको लागि संवादको उपयोग गरिन्छ । त्यसका साथै पात्रहरुको संवादकै कारण विभिन्न घटनाहरुको वर्णन गरिएको छ ।

उमा र प्रेमीबीचको यौनसम्बन्धका कारण गर्भवती भइसकेपछि यिनीहरू दुई बीचको संवाद - 'एकदुई दिन तिमी पनि सोच, म पनि सोच्छु, तर जे गरे पनि निर्णय छिटो गर्नु पर्छ ।'

मैले नै सोधें -

'के निर्णय गऱ्यौ त ?'

घाती साफ गर्दै भन्यो -

अहिले विहे गर्न सकिदैंन उमा । तिमी नै कुनै उपाय सोच । 'किन गर्न सकिदैंन विहे ? के कठिनाइ छ तिमीलाई ? हामी कुनै मन्दिरमा जाउँ विहे गरुँ, के समस्या छ र ?'

'मैले चिनाएको मान्छे यो बच्चाको बाबु हुन्छ । यसको बाबु खोज्ने स्वतन्त्रता ममा सुरक्षित छ अब । तिमीलाई विदा ।' मैले कुरा सकें । (पृष्ठ : ११४-११५) निष्कर्षमा, उपन्यासलाई रोचक, प्रभावकारी, कलात्मक र सशक्त बनाउन संवादले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ५.१० शीर्षक सार्थकता

यस उपन्यासको शीर्षक प्राचीनकालदेखि काष्ठकलामा कुँदिएका विभिन्न यौनसम्बन्धी आकृतिबाट राखिएको छ । कथावस्तुलाई बढी महत्व दिई कथावस्तुको आधारमा शीर्षक चयन गरिएको छ । यौनकै नाममा महिला पुरुषबाट पीडित हुनुपरेको

यथार्थ घटनालाई यस उपन्यासमा वर्णन गरिएको छ । आदिम कालदेखिनै नारीलाई 'टुँडालका रूपमा हेर्ने प्रथाको यथार्थ वर्णन गरिएको छ। उपन्यासको अध्ययन गर्दा उपन्यास नारी प्रधान रहेको र आञ्चलिकतामा केन्द्रित रहेको देखिन्छ । मुख्य कथावस्तुलाई आधार बनाएर उपन्यासको शीर्षक राखिएको प्रथम उपन्यास भने टुँडाल होइन । यस भन्दा अघि लेखिएको **'आधाबाटो'** उपन्यासको शीर्षक पनि मुख्य कथा वस्तुलाई आधार बनाएर उपन्यासको नामकरण गरिएको छ । यसरी यस उपन्यास समाजका निम्नमध्यमवर्गीय सदस्यहरुको जीवनपद्धतिका साथै सांस्कृतिक मनोविज्ञानलाई आधार बनाई नेपाली कला संस्कृतिमा झल्किदै आएको 'यौनबिम्ब' का रुपमा उभ्याइएको छ (धराबासी, २०६५ : भूमीका) । उपन्यासमा प्रयोग भएका टुक्रे-टुक्रे घटनाहरु सबैमा यौनलाई केन्द्र विन्दु बनाइएको छ ।

उपन्यासमा **'म'** पात्र सुस्मिताका नामबाट पनि कृतिको नामकरण गर्न सकिने स्थिति पनि छ तर उपन्यासकार पात्रको नामबाट शीर्षक नामाकरण नगरी कथावस्तुबाट शीर्षकको चयन गरेको छन् । यसरी सम्पूर्ण पात्रहरु आ-आफ्नो भूमिका भरका लागि सबै पात्र प्रमुख रहन्छन् र ती सबै पात्रहरु यौन वा **'टुँडाल'** मै गएर केन्द्रिकृत भएका छन् जसको कारणले गर्दा सबै पात्रको अनुभव, जीवनभोगाइ, पीडा, व्यथा आदिलाई कथावस्तुले समेट्न सक्ने भएकोले **'टुँडाल'** यस उपन्यासको शीर्षक उपयुक्त छ । यस उपन्यासको शीर्षकले सबै पात्रको मनोभावनालाई समेट्नका साथै प्रतिनिधिमूलक बनेकोले उपन्यासको नामकरण सार्थक देखिन्छ ।

# अध्याय छौटौं

# प्रवृतिगत दृष्टिले टुँडाल उपन्यासको विश्लेषण

## ६.१ टुँडाल उपन्यासको विश्लेषण

आधुनिक नेपाली उपन्यास परम्परामा शरणार्थी (२०५६) प्रथम लीलालेखनमा आधारित उपन्यास लेख्ने उपन्यासकार कृष्ण धरावासीको टुँडाल (२०६५) पाँचौ औपन्यासिक कृति हो । यस उपन्यासमा आजभन्दा पाँच छ सय वर्ष अघिको नेपाली काष्ठकलामा देखापरेका यौनबिम्बहरूलाई समसामयिक युग सन्दर्भ अनुसार उतारिएको छ । यसमा टुँडाललाई निष्प्राण वा जड पात्रको रूपमा उपस्थित गराइ घटनाक्रमलाई अगाडि बढाइएको छ । टुँडालले तनको उत्तरचढावलाई यथार्थ रूपमा देखाउने काम गरेको छ । टुँडाल भन्ने पात्रलाई पात्रको रूपमा नदेखाए पनि मुख्य पात्रको रूपमा टुँडाल रहेको छ । यस उपन्यासमा वास्तविक र काल्पनिक पात्रहरू पात्रहरूको समावेश गर्नुका साथै लीलालेखनको अवधारणलाई समेत आधार बनाइएको छ । यस उपन्यासमा परिम्परित यौन सम्बन्धी मूल्य र मान्यतालाई भत्काउने, नयाँ मूल्यको स्थापना गर्ने उत्तर आधुनिकतावादलाई पनि समेटिएको छ । यसमा नारीको शरिरलाई समेत प्राचीन वा मल्लकालीन कालदेखिनै मठमन्दिरमा विभत्स अवस्थामा देखाइएको यथार्थ घटनालाई समेत समाहित गरिएको छ । त्यसैले यौन मनोविश्लेषणमा आधारित कथावस्तुलाई लीलालेखनको माध्यमबाट प्रस्तु गरिएको छ । परम्परित मान्यताहरुलाई भत्काइ नयाँ मूल्यको स्थापना गर्ने टुँडाल उपन्यासको उद्देश्य रहेको छ । प्रवृत्तिगत दृष्टिले **'टुँडाल'** उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ ।

### ६.१.१ यौन मनोविज्ञान

कृष्ण धरावासी इन्द्रबहादुर राईले प्रारम्भ गरेको लीलालेखन विनिर्माण र उत्तरआधुनिक प्रवृतिलाई अनुसरण गरी घटनाक्रमलाई अगाडि बढाउने उपन्यासकार हुँदा हुदैं पनि उनले **'टुँडाल'** उपन्यासमा सांस्कृतिक मनोविज्ञानलाई समाहित गर्न सफल भएका छन् । पूर्णतः उनी मनोवैज्ञानिक उपन्यासकार होइनन् तापनि उनले **'टुँडाल'** उपन्यासमा पात्रपात्रको मनोविश्लेषण गहिरो पाराले प्रस्तुत गरेका छन् । उपन्यासकारले पहिलेदेखिको मठमन्दिरमा रहेका यौन सम्बन्धी आकृतिलाई सहज रूपमा देखाउन सफल भएका छन् ।

सुस्मितामा अन्य पात्रहरूको तुलनामा मनोविश्लेषणात्मक प्रवृत्ति अत्याधिक रहेको पाउन सकिन्छ । यस उपन्यासमा सुस्मिताको मनोद्वन्द्व तथा मानसिक घात प्रतिघातको सहज र स्वभाविक ढङ्गले विश्लेषण गरिएको छ । सुस्मितामा पाइने निराशाजनक, मनस्थिति, हीनता, एकान्तता, निस्सारताको अनुभूति जस्ता भावनाको विश्लेषण गरिएको छ । यस उपन्यासमा धरावासीले सुस्मिताको अचेतन मनमा दमित काम वासना भावना र मानसिक असन्तुष्टी आदि कारणले उत्पन्न हुने असमान्य मनस्थितिको समेत चित्रण गरेको पाइन्छ ।

श्यामलाई प्राप्त गर्न खोज्ने सुस्मिता र रमिता बीचको आन्तरिक प्रतिस्पर्धा कारण सिर्जना भएको द्वन्द्व र त्यसबाट उत्पन्न मानसिक अवस्थाको विश्लेषण पनि पाइन्छ । 'मेरो जागिरको म्याद थप भएपछि भने रमिता मसँग झनै परपर हुँदै गई । सायद यसले मेरो म्याद थप हुँदैन भन्ने सोचेकी थिई होली । हाकिम र श्याम सर दुबैसँगको मेरो राम्रो सम्बन्धका कारण ऊ मसँग सशङ्कित भएकी रहेछे ।' (पृ. ४५) महिला भित्र गुम्सिएर रहेको यौनेच्छालाई उपन्यासमा प्रस्तुत गरिएको छ । उमेर ढल्केको अजीबाट सुस्मिताले टुँडालको बारेमा जानाकारी प्राप्त गर्दा उसको मनमा एक प्रकारको संवेग उत्पन्न भएको देखाइएको छ । सुस्मिताले भन्छे - बेलाबेला झट्ट बजैको कुरा सम्झन्थे टुँडालको आकृति सम्झन्थ्ये अनि कस्तो-कस्तो अचम्म र रहस्य जस्तो लाग्थ्यो । (टुँडाल पृ ३७) सुस्मिता, उमा, सत्या, भद्रिका, उपमा, अजी आदिका समान पीडा उपन्यासमा प्रस्तुत भएको छ । हरेक पात्र आफ्ना प्रेमीहरूबाट प्रताडित र असन्तुष्ट छन् । उनीहरुको दुःख, पीडा खुसी र मनोविज्ञानलाई प्रस्तुत गरिएको छ ।

सुस्मिताले श्यामलाई प्राप्त गर्न नसक्दा छट्पटि र क्रोध भाव उत्पन्न भएको छ त्यस्तो स्थितिलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । "दिदी ! तपाईले चाल पाउनु भयो ? श्याम र रमिताले त बिहे पो गरेछन् त ? एकाएक मलाई कसैले खुट्टामा पछारेजस्तो लाग्यो (टाउको रननन भयो । बोल्नै सकिन । तल नाइटोनेरबाट तातो उभो सर्दै आयो । रिङगटा, लाग्ला बेहोसीले छोप्लाझैं लाग्यो ।" (पृ. ९९) त्यसै गरी झलेन्द्रले भद्रिकालाई मारिसकेपछि जुन पीडा, व्यथा र मानसिक द्वन्द्व देखा पर्छ त्यसलाई यथार्थ रूपमा विश्लेषण गरिएको छ । सुस्मिता र प्रवीण बीचको मनोद्वन्द्वलाई समेत विश्लेषण गरिएको यस उपन्यासमा यौन भनेको दमित, छोप्ने, लुकाउने कुरा हैन यदि यौन लुकाउने कुरा हो भने किन पाँचसय वर्ष अघिदेखि टुँडालमा सजाएर राख्ने, समय, स्थान, पात्र आवश्यकता मिल्यो

भने सम्भोग हुन सक्छ , भई रहेको छ । (धरावासी : टुँडाल उपन्यासको भूमिका) यसमा नारी अब आफू दमित भएर होइन आफैं जागरूक भएर यौनेच्छालाई देखाउन सक्नु पर्छ, भन्ने धारणा उपन्यासकारले प्रस्तुत गरेका छन् ।

### ६.१.२ नारीवादी लेखन

**'टुँडाल'** उपन्यास नारीलाई बढी प्राथमिकता दिएर लेखिएको उपन्यास हो । यस उपन्यासमा थुप्रै नारी पात्रहरूलाई उपन्यासमा उपस्थित गराइएको छ । यस उपन्यासमा उपन्यासकारले प्राचीन कालदेखि समाजले नारीलाई हेर्ने दृष्टिकोण अनि तत्कालिन सामाजिक, सांस्कृतिक, आध्यात्मिक, मनोविज्ञान आदिमा समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नु परेका विविध समस्या त्यसमा पनि यौनलाई कारूणिक रूपमा प्रस्तुत गरिएको पाइन्छ । हाम्रो पुरुष प्रधान समाजमा नारीले भोग्नु परेका पीडाहरूलाई उजागर गर्दै नारीलाई माया, ममता र कोमलताकी खानी भने पनि नारी भित्र पनि साहस बहादुरी र विद्रोह गर्ने सक्ने क्षमता हुन्छ भन्ने धारणा उमाबाट पाउन सकिन्छ । यसै सन्दर्भमा उमाको भनाई । मैले चिनाएको मान्छे यो बच्चाको बाबु हुन्छ । यसको बाबु खोज्ने स्वतन्त्रता म मा सुरक्षित छ । तिमीलाई बिदा । (पृष्ठ ११५)

समाजमा देखापरेका विविध समस्यालाई अब नारी आफै सक्रिय भएर समाधान गर्नुपर्छ भन्ने मान्यता **'टुँडाल'** उपन्यासको रहेको छ । (देवकोटा, २०६६:६) उमालाई चरित्रहीन भन्न सक्ने पुरूष समाजले उसलाई केही पनि गर्ने प्रयास गर्दैन । त्यस्तै रविनले पनि सुस्मिताले मन पराएको थाहा पाउछ तर उसलाई स्वीकार गर्न सक्दैन ।

नारी सांस्कृतिक रुपमा स्वतन्त्र हुनुपर्छ भन्ने मान्यता टुँडाल उपन्यासले बोकेको छ । 'म को हुँ, मैले के हुने भन्ने निर्णय मेरो आफ्नै हुन्छ । मलाई मन परेको केटासँग हातसमातेर डुल्न मैले कोसँग किन डराउने ? किन लजाउने ? केटालाई मसँग घुम्न डुल्न लाज लाग्दैन उसलाई गर्भ अनुभव हुन्छ भने मलाई कि हिनताबोध । बुझिस म त गर्वकासाथ केटालाई घुमाइ दिन्छु ।' (पृ. ८३) अब नारी पुरूषको अन्याय, अत्याचास सहेर बसन सक्दिन । नारी आफ्नै स्वतन्त्रतामा बाँच्न सक्चे भन्ने कुरालाई देखाइएको छ । यस उपन्यासमा विशेष गरी सुस्मिता, उमा उपमा, सत्य, भद्रिका आदि पात्रको कारूणिक पक्षको चित्रण भएको देखिन्छ । 'म' पात्र सुस्मिताकी बालसाथी उमा क्याम्पस आएपछि अविवाहित

आमा बन्छे । गर्भपतन गराउन पनि मान्दिन । उमाले भन्छे - जिन्दगीमा दुईवटा कुरा गर्दिन एक गर्भपतन र अर्को गर्भ शिशुको बाबुसँग विवाह । (टुँडाल पृ ११३) तर अन्त्यमा छोरीले बाबु खोज्दा बाबु खोज्न बाध्य हुन्छे । यसरी हेर्दा नारी आफैले पनि पुरूषवादी संस्कृति त्याग्न सकेको छैन । पुरूषबाट महिला पीडित छन् भन्ने कुरा देखाउन खोजिएको छ । यस उपन्यासमा लेखनलाई नारीवादी धारणाबाट प्रस्तुत गरेका छन् । उपन्यासकारले नारीप्रति सचेत दृष्टि राख्दै समाजमा पुरूषले गर्ने व्यावहार प्रस्तुत गरेका छन् । यस उपन्यासका सुस्मितालाई उमाले र सत्याको कुराबाट भावनामा परिवर्तन गरी साहसिक, विद्रोही जागरुक बनाई नारी माथिको पीडालाई समाप्त पार्ने बहादुरी नारीको रूपमा पहिचान गराउन सफल भएका देखिन्छन् ।

### ६.१.३ आञ्चलिकता

कुनै पनि निश्चित क्षेत्रमा सीमित रहेर उपन्यास लेख्नु आञ्चलिकता हो । जसमा स्थानीयपनले प्रश्रय पाएको हुन्छ । हाम्रो देशको विविधता भित्र पनि भावनात्मक एकता भएको सबैभन्दा मजबुत संगठनात्मक संरचना हो । यसभित्र आ-आफ्नै परम्परा रीतिधर्म, संस्कृति, भाषभुषा र भाषा आदिको प्रचुर मात्रामा विविधता पाइन्छ । कृष्ण धरावासीको **'टुँडाल'** उपन्यासमा पनि आञ्चलिकता पाउन सकिन्छ । यो उपन्यासको खास उठान भक्तपुर जिल्ला भित्र रहेका विभिन्न कला, संस्कृतिलाई केन्द्र बनाई प्रस्तुत गरिएको छ । त्यसका साथै भक्तपुरकै प्राकृतिक रमणीयतालाई समेत देखाउन खोजिएको छ । उमाको परिवारले यस उपन्यासमा विभिन्न काष्ठकलाको निर्माण गरी आफ्नो जीविकोपार्जन गरेका छन् । त्यसका साथै दरबार स्क्वायर भित्र रहेका विभिन्न यौन आकृतिलाई देखाइएको छ ।

### ६.१.४ सामाजिक यथार्थवादी

यथार्थवादबाट नै धरावासीले आफ्नो लेखन कार्यको प्रारम्भ गरेका हुन् । धरावासीका प्रायः जसो सबै उपन्यासमा प्रयोग भएका विषयवस्तु, पात्र, घटनाहरूमा यथार्थवादको चित्रण पाइन्छ । आफ्नै समाजमा घटेका, आफैले देखेको भोगेको अनि अनुभव गरेका घटनाक्रमलाई उपन्यासको विषयवस्तु बनाइएको छ । हाम्रै समाज र देशमा घटेका घटना र पात्रहरूको पनि वास्तविक प्रयोग गरी कथावस्तु निर्माण गरिएको छ । **'टुँडाल'** उपन्यासमा परापूर्व कालदेखिनै नारी जुन सुकै कुरामा पनि दमित, शोषित र पीडित हुनु यथार्थ

घटनालाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । मठमन्दिरमा यथार्थ रूपमा देखिने यौनजन्य आकृतिको समेत जस्ताको तस्तै वर्णन गरिएको छ । सुस्मिताले हाम्रो समाजमा यथार्थ रूपमा देखापर्ने यौनजन्य समस्याबाट पीडित नारीको प्रतिनिधित्व गरेकी छे । धर्मप्रति आस्था राख्दा लिङ्गो भाँचिइ अजीको अजा मर्दा अजीले दुःख कष्ट पाएको यथार्थ घटना समेत यहाँ प्रस्तुत गरिएको छ । 'लोग्ने मरेका तरूनी आइमाईलाई जसले पनि हेर्छन् । अलक्षिनी भन्छन्, पोइ टोकुवा भन्छन्-अजी (टुँडाल पृ ३८) ।' हाम्रो समाजमा पैसाको नाममा आज छोरी २ बुहारीहरूलाई वैदेशिक रोजगार पढाइ 'यौन दासी' बनाइरहेका छन् तर आफ्नै गाउँमा कतै एकरात बसी भने वा केही ढिलो आइ भने घरबाटनै निकालिदिन्छन् भन्ने कुरालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

### ६.१.५ लीलादर्शनको प्रयोग

**'टुँडाल'** उपन्यासमा सुस्मितालाई मुखपात्र बनाएर लीलालेखनका धारणाहरू, विचारहरू प्रस्तुत गरिएको छ । परम्परित मूल्य र मान्यतालाई भत्काएर अरुनै सम्भावनाहरूको खोजी गर्दछ । एउटै वस्तुलाई पनि फरक-फरक मान्छेले फरक-फरक दृष्टिकोण राख्छन् र त्यसको अर्थपनि फरक-फरक हुन्छ । यस उपन्यासमा आफ्नो अस्थित्व र पहिचानका लागि सामाजिक, सांस्कृतिक मूल्य मान्यता विपरित उमा सङ्घर्षमा उत्रिएको पाइन्छ । उसले गर्भपतन गर भन्दा पनि नमानी त्यही बालकको जीवनका लागि ऊ परिवार समाज र सांस्कृतिक मूल्य मान्यता त्याग्छे र आफ्नो पहिचान कायम राख्न सफल भएको देखाइएको छ ।

**'टुँडाल'** उपन्यासमा लीलालेखनलाई सरल ढङ्गबाट प्रयोग गरिएको छ । धरावासीले यस उपन्यासमा यथार्थ सत्यलाई नै लिएर आफ्नो मस्तिष्क घोटेका छन् । कल्पना दगुराएका छन् । सम्पूर्ण नेपाली नारीहरूको जीवन नै लीलामय भएको कुरा **'टुँडाल'** उपन्यासमा देखाइएको छ । जीवन र जगत्लाई अर्थहीन ठान्ने भ्रमवादी दर्शनलाई **'टुँडाल'** उपन्यासमा देखाइएको छ । जीवन र जगत्लाई अर्थहीन ठान्ने भ्रमवादी दर्शनलाई **'टुँडाल'** उपन्यासले आफू भित्र समाहित गरेको छ । भ्रमलाई सत्य ठान्ने लीलालेखनको वैचारिकता 'टुँडाल' उपन्यासमा रहेको पाउन सकिन्छ ।

मूल पात्र सुस्मिता मार्फत सुक्ष्मातिसुक्ष्म लीलालखेनका अवधारणाहरू प्रस्तुत गरिएको छ । आफूले उज्यालो, साँचो, सत्य, देखिरहेको, भोगिरहेको भनिएको चीज वास्तवमा अध्यारो र अज्ञानताले भरिएको हुँदोरहेछ भन्ने कुरा सुस्मिताको जीवनचर्याबाट पाउन सकिन्छ । वास्तवमा आफूले सोचेको कुरा भ्रमपूर्ण र अर्थहीन हुँदोरहेछ । सुस्मिता रविनलाई आफ्नो प्रेमीको रूपमा मनभरी सजाउँछे तर अन्त्यमा सफल हुन सक्दैन । यसरी सुस्मिताले भ्रम भित्र वास्तविकताको खोजी गरेको देखिन्छ ।

**'टुँडाल'** उपन्यासमा लीलालेखनको माध्यमबाट परम्परित मूल्य र मान्यतालाई भत्काइ नयाँ सम्भावनाको खोजी गरिएको छ । परम्परादेखि हुँदै आएको आन्तरिक यौन शोषणको प्रतिकार गरी बाह्य यथार्थ रूपमा प्रकट गर्नु सक्नु पर्छ भन्ने कुरालाई देखाइएको छ ।

### ६.१.६ विनिर्माण

विनिर्माण लीलालेखन प्रविधिको पूर्वाधारको रूपमा सकारेको एउटा शिल्पपद्धति हो । **'टुँडाल'** उपन्यासमा विनिर्माणका प्रशस्त सङ्केतहरू रहेका छन् । यो उपन्यास पढ्दा आफैं एउटा अलग्गै इतिहास किम्वदन्ती जस्तो अनुभव हुन्छ । कथाको उठान, पात्रहरू र स्थानले **'टुँडाल'** उपन्यासको कथावस्तु सत्य हो भन्ने भ्रम दिन्छ । बाल्यकालदेखि नै भक्तपुरको दरबार स्क्वायर मन्दिरको वरिपरि घुम्न जान थालेको अवस्थादेखि कथावस्तु शुरू हुन्छ र भक्तपुरकै न्हपुखुको डिलमा अवस्थित एउटा घरमा कोठा खोजेर बस्न थालेपछि कथाको अन्त्य हुन्छ । आदिम कालदेखि चल्दैं आएको नारी यौन शोषण सम्बन्धी धारणालाई आधुनिक नारीवादी दृष्टिकोण अनुरुप विनिर्माण गरिएको छ । विनिर्माण र उत्खनन्का कुरा उपन्यासमा एक अर्कासँग जोडिएका छन् । परम्परित संस्कारमा उल्लेख भएका सामाजिक यौन सम्बन्धी धारणालाई समाजले पत्यार गर्न नसक्ने प्रसङ्गलाई समयसापेक्ष घटनामा रूपान्तरित गरी देखाइएको छ । **'टुँडाल'** उपन्यासको कथावस्तुले पाठक सामु नयाँ तर्कहरू प्रस्तुत गरी पाठकलाई सोच्न बाध्य बनाएको छ ।

यौनसम्बन्धी धारणालाई यस उपन्यासमा प्रमुख पात्र सुस्मिताको माध्यमबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा पुरूष पात्रको भूमिकालाई गौण बनाई वा पुरूष पात्रलाई दमित बनाएर नारीपात्रको कार्यकौशललाई अत्याधिक रूपमा प्रश्रय दिइएको छ । यस

उपन्यासमा नारी पात्रले परम्परित वा पूर्वस्थापित मान्यताहरु तोडेर, भाँचेर उपस्थित भएका छन् । सत्या उमा, र सुस्मिता विद्रोही नारीको रूपमा प्रस्तुत गरिएको छ । नारी र पुरूषबीच भएको यौन मनोवैज्ञानिक क्रियाकलापलाई विनिर्माण गरिएको छ ।

**'टुँडाल'** उपन्यासमा विधामिश्रण चरित्रचित्रणमा विनिर्माण, कतिपय स्थापित सामाजिक मान्यताहरूको विनिर्माण, ऐतिहासिक यथार्थको विनिर्माण गरिएकोले नवीन शिल्प प्रविधिको उपन्यासको रूपमा स्थापित भएको देखिन्छ । यस उपन्यासमा यौन सम्बन्धी परम्परित मूल्य र मान्यतालाई तोडिएको छ । यसै सन्दर्भमा सत्याले भन्छे "हामीले कसैसँग केही समय सम्बन्ध राख्दैमा त्यो सँग जीवन नै बिताउन पर्ने गरी बाँधिनु पर्ने हुन्छ र ? अनुभूतिका क्षणहरू आफ्नो इच्छा र रहर भरी जोसँग पनि बिताउन मिल्छ ।" (पृष्ठ ८४)

## ६.१.७ वर्तमान युगसान्दर्भिकता

वर्तमान अवस्थाको नेपालको विद्रोहलाई प्रतीकात्मक ढङ्गले सङ्केत गरेको छ । देशभित्र भएको माओवादीको युद्धलाई सम्झाएको छ । रविन एउटा जनक्रान्तिमा लागेको वर्तमान युगको सन्दर्भसँग सुहाउँदो पात्रको रुपमा देखाइएको छ । युद्धमा लागेपछि घरमा नआइ बाहिरै आफ्नो जीन्दगीलाई अर्पेको छ । प्राचीन कालको यौन पिपासुहरूको अन्त्य गरी स्वतन्त्र जीवनयापनले वर्तमानलाई सङ्केत गरेको छ । यो उपन्यासमा मनोविश्लेषणलाई कथावस्तु बनाइएको र पात्रगत समीचीनताले गर्दा समसामयिक जीवन जगत् मूल मर्मलाई अभिव्यञ्जित गर्न सक्षम देखिन्छ । सत्या र उमाले युग सर्न्दभ अनुसारको नारीपात्रको प्रतिनिधित्त्व गरेका छन् र परम्पराको विरोध गरेका छन् ।

## ६.१.८ स्वैरकल्पना

यथार्थ घटना र विषय भन्दा पर काल्पनिक वस्तुको प्रस्तुतिबाट यथार्थको बोध गर्न खोज्ने स्वैरकल्पनाको सफल प्रयोग **'टुँडाल'** उपन्यासको प्रवृत्ति हो । त्यसैले अयथार्थवादको माध्यमबाट यथार्थको खोजी नै स्वैरकल्पना हो । उपन्यासमा स्वैरकल्पनाको नवीन माध्यमको प्रयोग गरी विषयवस्तुलाई रोचक रुपमा प्रस्तुत गरेको पाइन्छ । यथार्थ र तथ्यसँग मिसिएको स्वैरकल्पनाको वास्तविकताको अनुभूति उपन्यासले दिन्छ । **'टुँडाल'** उपन्यासमा अयथार्थको घटनाहरू यथार्थसँग मिसिएर आएको छ । **'टुँडाल'** उपन्यासमा प्रयोग भएको स्वैरकल्पनाको

प्रस्तुति गरिएको छ । यसै सन्दर्भमा सिद्धपुरूषको सल्लाह मुताविक मन्दिरका टुँडालहरूमा 'रतासन' आकृतिहरू कपी मन्दिरको जीर्णोद्वारा तथा नवनिर्माण गर्न थालिएको र इन्द्रको आवेशबाट मुक्त रहेको त्यसपछि मन्दिरहरूमा चट्याङ्ग पर्न छोडेको कुरा पुराना बूढाबूढीहरू बताउछन् (पृष्ठ १२३) ।

यथार्थ घटना र विषयवस्तु भन्दा पर काल्पनिक वस्तुको प्रस्तुतिबाट यथार्थको बोध खोज्ने स्वैरकल्पनाको सफल प्रयोग 'टुँडाल' उपन्यासमा भएको छ । मानिसहरू आफै अन्यौल र अनविश्वासमा बाँचेका छन् । त्यो सत्य हो । किचकनीको प्रसङ्ग आउन पनि अयथार्थ हो । ती कुरालई मानिसले पालना गर्नु यथार्थ हो । यसरी अयथार्थबाट यथार्थको प्रचार-प्रसार गर्नु नै स्वैरकल्पना हो ।

### ६.१.१० निष्कर्ष

कृष्ण धरावासीको **'टुँडाल'** उपन्यास हालसम्मको अन्तिम उपन्यास हो । प्रायः जसो उपन्यासहरूमा धरावासीले लीलालेखनलाई प्रश्रय दिएका छन् । 'टुँडाल' उपन्यासमा पनि लीलालेखनको केही झलक पाउन सकिन्छ । आञ्चलिकतालाई बढी महत्त्व दिई सर्वसाधारणलाई बुझाउन सहज र सजिलो हुने गरी यो उपन्यास सिर्जना गरिएको छ । परम्पारगत महिला माथि गरिने यौन शोषण प्रति तिब्र व्याङ्ग्य गर्दै स्वतन्त्र रूपमा महिलाले पनि चल्नु पाउनु पर्ने यथार्थ घटनालाई यहाँ प्रस्तुत गरिएको छ । सांस्कृतिक मनोविज्ञानलाई मूल केन्द्रविन्दु बनाई नेपाली कला र संस्कृतिमा झल्किदै आएको यौनबिम्बलाई प्रस्तुत गरी नारीको यथार्थलाई देखाउने काम गरिएको छ । पुराना मन्दिरका टुँडालमा कुँदिएका आकृतिमा यौनजन्य क्रियाकलाप झल्किने खालका अनगिन्ती नमुनाहरुलाई समेत प्रस्तुत गरिएको छ । यस उपन्यासले पुराना सामाजिक संरचना परिवर्तन हुनुपर्ने धारणसँगै महिलाको आत्मविश्वास बढाउने प्रयत्न गरेको पाइन्छ । सामाजिक मूल्य, मान्यतालाई पश्रय दिएर अन्य उपन्यास भन्दा पृथक बनाउन खोजिएको छ । यस उपन्सामा यौन आकृतिक चित्रहरू किन मन्दिरमा राखेको भन्नेबारे कौतुहलतासँगै हालको राजनीतिक परिवेशसँग हुर्किएको विसङ्गतिहरूलाई पनि छोइएको छ । पुरुषको बाहुल्यता भएको हाम्रो समाजमा महिलाले नै आफ्नो लोग्ने छान्न पाउनु पर्ने मान्यता पनि भेट्न सकिन्छ । लेखक पुरूष भए पनि महिला पात्र बनेर लेखेको नमुनाले गर्दा र यौन, संस्कृति, राजनीति र सामाजिक परिवेश भएको नयाँ विषयवस्तुले गर्दा उपन्यास रोचक बनेको छ ।

# सातौं अध्याय

## शोधनिष्कर्ष तथा उपसंहार

आधुनिक नेपाली उपन्यासको क्षेत्रमा नयाँ प्रयोग (लीलालेखन) लाई भित्र्याउने काम उपन्यासकार कृष्ण धरावासीले गरेका हुन् । नेपाली साहित्यको विभिन्न विधामा कलम चलाउने धरावासीले खास ख्याति प्राप्त भने उपन्यास विधामा नै गरेको पाइन्छ । उनको हालसम्म ५ वटा उपन्यासहरू प्रकाशित छन् । अन्तिम उपन्यास भने उनको 'टुँडाल' रहेको छ ।

प्रस्तुत **'टुँडाल' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोध स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो । यो शोध पत्र सातौं अध्यायसम्म रहेको छ । धरावासीको व्यक्तिगत जीवनलाई उपन्यासको अध्ययन गर्ने क्रममा सामान्य चर्चा गरिएको छ । त्यसै गरी उपन्यासको ऐतिहासिक अध्ययनका साथै उपन्यासको आधुनिक विकासक्रम र उनको औपन्यासिक यात्रालाई समेत समावेश गरिएको छ । धरावासीको उपन्यासमा प्रयोग भएको लीलालेखनको सौद्धान्तिक चर्चा अनि धरावासीको औपन्यासिक प्रवृत्तिको समेत अध्ययन गरिएको छ ।

स्नाकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ लेखिएको शोधमा अध्याय एकमा शोधको परिचयलाई राखिएको छ । दोस्रो अध्यायमा उपन्यासको परिचय, तत्त्व र प्रवृत्तिको चर्चा गरिएको छ । त्यस्तै लीलालेखनको सामान्य परिचय दिइएको छ ।

तेस्रो अध्यायमा धरावासीको व्यक्तिगत जीवन र उनको औपन्यासिक यात्राको बारेमा चर्चा गरिएको छ । धरावासी उपन्यासकारका रूपमा मात्र नचिनिइ कवि, निबन्धकार, पत्रकार, स्तम्भकार, समालोचक, कथाकार र सम्पादक आदिका रूपमा समेत चिनिन्छन् ।

चौथो अध्यायमा औपन्यासिक तत्त्वका आधारमा **'टुँडाल'** उपन्यासको विश्लेषण गरिएको छ । जसमा कथानक चरित्रचित्रण, संरचना, शीर्षक सार्थकता परिवेश, दृष्टिविन्दु, भाषाशैली, संवाद आदि रहेका छन् । **'टुँडाल'** उपन्यासमा देखापरेका प्रवृत्तिहरूमा उपन्यासको विश्लेषण, लीलालेखन, नारीवाद, प्रयोगशीलता, यथार्थवादी, आञ्चलिकता, विनिर्माण आदि दृष्टिकोण उदाहरणसहित समाहित गरिएको छ ।

धरावासीका उपन्यासका अध्यायहरूमा एकरूपता नपाइनुका साथै उपन्यास पिच्छे संरचना पनि फरक-फरक रहेको छ । भारतका विभिन्न क्षेत्र लगाएत पूर्वाञ्चल र मध्यमा अञ्चल उपन्यासको कार्यपीठिका रहेको छ । शीर्षक सार्थकताका दृष्टिले हेर्दा **'टुँडाल'** उपन्यासमा उपन्यासको कथावस्तुबाट शीर्षक चयन गरिएको छ **'राधा'** र **'तपाईं'** मा उपन्यासको पात्रको नामबाट र '**शरणार्थी**' उपन्यासको शीर्षक सम्पूर्ण पात्रको प्रतिनिधित्त्व हुने गरी नामकरण गरिएको छ । **'टुँडाल'** उपन्यासमा सांस्कृतिक मनोविज्ञानलाई केन्द्रविन्दु बनाई नारीले यौनको नाममा भोग्नु परेका विभिन्न कष्ट, व्यथा, पीडा अनि थिचोमिचो अनि राजनीतिक विकृति, जनताले भोग्नु परेको सास्ति आदिलाई प्रयोग गरी अरू उपन्यास भन्दा पृथक वा फरक देखाउन खोजिएको छ । यसले नेपाली समाजमा दमित अवस्था रहेको यौनलाई बाहिर देखाइ नौलो प्रस्तुतिको शुरूवात गरेको छ । धरावासीको भाषाशैलीलाई हेर्दा परिष्कृत र परिमार्जित रहेको देखिन्छ । त्यसमा पनि सरल सहजका साथै सजिलैसँग बुझ्न सकिने खालको भाषाशैलीको प्रयोग गरिएको छ । आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ ।

कृष्ण धरावासीले **'शरणार्थी'** (२०५६) उपन्यास लेखेबाट आधुनिक नेपाली उपन्यासको क्षेत्रमा लीलालेखन भित्रन्छ । लीलालेखनको प्रयोग गरेर लेखिएको प्रथम उपन्यास नै **'शरणार्थी'** हो । उनका सबै उपन्यासहरू लीलालेखनमा आधारित छन् । उनले आफ्ना उपन्यासमा पाठक वर्गमा भ्रम पर्ने घटना सिर्जना गरी पाठकलाई कौतुहलता तर्फ मोडि दिएका छन् । उनले उपन्यासमा भएका पुराना मान्यतालाई भत्काएर नयाँ शैली प्रयोग गरी फेरि पुनः निर्माण गर्दछन् । उनले मिथकीय प्रयोगलाई सार्थक बनाउनका लागि उपन्यास भित्र पनि कथा, कविता, नाटक निबन्ध जस्ता विषयलाई समाहित गरेका छन् । **'टुँडाल'** उपन्यासमा संस्कृति, इतिहास, मनोविज्ञान धर्म जस्ता विषयलाई समावेश गराएका छन् । पुराना विधालाई भत्काएर नयाँ विधा तयार पार्न खोजिएको छ । लीलालेखनका द्वैध मानसिकता परिवर्तनको अपेक्षा धरावासीका उपन्यासमा गरिएको पाइन्छ । यसरी हेर्दा धरावासीको **'टुँडाल'** उपन्यास अन्य उपन्यासहरू भन्दा भिन्न वा फरक खालको देखिन्छ ।

विद्यालयमा गुरुहरूको प्रेरणा पाएर विद्यार्थी कालदेखिनै साहित्यमा प्रवेश गरेका धरावासीको औपचारिक लेखन यात्राको थालनी भने २०३३ सालमा कविता प्रकाशनबाट हुन्छ । नेपाली साहित्यको विभिन्न विधा, कथाकार, निबन्धकार, समालोचक, उपन्यासकारण

रूपमा सुपरिचित धरावासीका प्रकाशित कृतिहरूमा **'बालक हराएको सूचना'** (२०४८), **'निबन्ध सङ्ग्रह'**, **'उन्मुक्तिका आवाजहरू'** (२०५०), **'कान्छी राधा'** (२०६२), २ वटा कविता सङ्ग्रहरू **'नारी भित्र त्यस्तो के छ हजुर'** (२०५३) **'उत्तरमजंग सिजापतिको आलु'** (२०५५) गरी ३ वटा निबन्ध सङ्ग्रहहरू **'झोला'** (२०६०) कथा सङ्ग्रह, **'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू'** (२०४८) **'लीलालेखन'** (२०५३) **'पाठकको अदालमा विविध'** (२०६२) गरी ४ वटा समालोचनात्मक कृतिहरू, **'मेरो साहित्यिक यात्रा र मदन पुरस्कार'** (२०६४), **'शरणार्थी'** (२०५६), **'आधा बाटो'** (२०५९), **'राधा'** (२०६२), **'तपाई'** (२०६३), र **'टुँडाल'** (२०६५) गरी ५ वटा उपन्यासहरू समेत गरी जम्मा १६ वटा कृतिहरू प्रकाशित भइसकेका छन् भने केही प्रकाशित हुन बाँकी छन् । त्यस्तै उनले विभिन्न पत्रपत्रिका र साहित्यिक कृतिको सम्पादन पनि गरेका छन् । साहित्य साधनामा लागेका धरावासी सामाजिक तथा साहित्यिक संघसंस्था र गुठीहरूबाट सम्मानित र पुरस्कृत भइसकेका छन् । त्यसै गरी २०६२ सालमा **'राधा'** उपन्यासबाट मदन पुरस्कार पाएका छन् ।

आधुनिक नेपाली उपन्यासको प्रारम्भ वि.स. (१९९१) सालमा रूपमती उपन्यासबाट हुन्छ । वि.स. १९९१ सालबाट शुरूभएको आधुनिक नेपाली उपन्यासले विभिन्न घुम्ती र मोडहरू पारगर्दै आएको छ । नयाँ शिल्प र शैलीलाई भित्र्याउदैं अघि बढेको आधुनिक काल हालसम्म पनि निरन्तर रूपमा चलिरहेको छ । आदर्शोन्मुख यथार्थवाद, स्वच्छन्दतावादी, सामाजिक ऐतिहासिक, अतियथार्थ, आलोचनात्मक यथार्थवाद, मनोविश्लेषणवाद विसङ्गतिवाद अस्तित्ववाद, प्रगतिवाद हुदैं प्रयोगवादसम्म आइपुग्दा यसले नयाँ प्रयोग र प्रवृतिहरूलाई पार गरिसकेको छ । नेपाली उपन्यासमा प्रयोगको प्रारम्भ बीसौं शताब्दीदेखि भएको देखिन्छ । वि.स. २०२१ मा इन्द्रबहादुर राईको **'आज रमिता छ'** बाट नयाँ प्रयोगको शुरूवात भएको मानिन्छ । त्यसपछि क्रमश: पारिजातको **'शिरीषको फूल'** (२०२२), ध्रुवचन्द्र गौतमको **'अन्त्यपछि'** (२०२४), मञ्जुलको **'छेकुडोल्मा'** (२०२६) जगदिश घिमिरेको **'साविति'** (२०३२), ओकिउयामा ग्वाइनको **'सुनरवरी'** (२०३५), कविता रामको **'वकपत्र'** (२०४६) आदि उपन्यासहरू प्रयोगवादी उपन्यासहरू मानिन्छन् । कृष्ण धरावासी **'शरणार्थी'** (२०५६) 'उपन्यास' प्रकाशन भएबाट नेपाली उपन्यासको क्षेत्रमा प्रयोगधर्मी उपन्यासको रूपमा घोषित त्यसमा पनि लीलालेखनको प्रयोग भएको पहिलो उपन्यास बन्न सकेको (पुगेको) छ ।

लीलालेखन उत्तरआधुनिकतावादकै पर्यायवाचीका रूपमा प्रयोग हुँदै आएको छ । इन्द्रबहादुर राईले **'भ्रान्तिहरू र लीलालेखन मात्र'** (रूपरेखा २०३४) नामक लेख लेखेबाट औपचारिक रूपमा लीलालेखनको प्रारम्भ भएको हो । लीलालेखन भ्रमलाई नै यथार्थ ठान्ने चिन्तनबाट प्रेरित रहेको देखिन्छ । लीलालेखनले विनिर्माण, प्राच्य, दर्शन पाठकपरक समालोचना मार्क्सवाद, उत्तरआधुनिकता, शून्यवाद आदिबाट प्रभाव ग्रहण गरेको छ । लीलालेखनको प्रयोग उत्तरआधुनिकाले प्रयोग गरेको प्रविधिमा पूर्वीय चिन्तन र सोचलाई समिश्रण गरी नेपाली साहित्यमा हुन थालेको पाइन्छ । उत्तरआधुनिककाल जुन विधाहीनता, बहुलता चरित्र अराजकता, मिथकीयता, पुनलेखन, स्वैरकल्पना आदिलाई अवलम्वन गरेको छ । त्यस्तै नेपाली उपन्यासमा पनि लीलालेखनले आफू भित्र समाहित गरेको छ । लीलालेखन विभिन्न प्रविधिहरूको मिश्रण भएकोले यसमा आधारित उपन्यासहरू कमै मात्र रहेका छन् । त्यस्ता उपन्यासहरूमा इन्द्रबहादुर राईको **'आज रमिता छ'** ध्रुबचन्द्र गौतमको **'फूलको आतङ्क',** सञ्जीव उप्रेतिको **'आलु नौनी र कफी'** सरूभक्तको **'पागलबस्ती'** विश्वेश्वरप्रसाद कोइरालाको **'मोदिआइन'**, **'हिटलर र यहुदी'** कृष्ण धरावासीको **'शरणार्थी'** आधाबाटो, **'राधा'**, **'तपाईं'** र **'टुँडाल'** प्रदीप नेपालको एकाइसौं शताब्दीको **'सुम्निमा'** आदि उपन्यासहरूमा केही आंशिक र केहीमा पूर्णरूपले लीलालेखन सम्बन्धी मान्यता रहेको पाइन्छ ।

आधुनिक नेपाली उपन्यास परम्परामा लीलालेखनको प्रवृत्तिलाई भित्र्याउने काम धरावासीको **'शरणार्थी'** (२०५६) मार्फत भएको देखिन्छ । उनका अन्य उपन्यासहरूमा पनि नयाँ नयाँ प्रवृत्तिहरूको प्रयोगमा गरिएको  छ । उनका औपन्यासिक प्रवृत्ति विशेषताहरूमा लीलालेखन, विनिर्माणवादी, स्वैरकल्पना प्रयोगशीलता, कारुणिकता प्रेमको व्याख्या, आध्यात्मिकता, सांस्कृतिकता बहुनायकत्त्व उल्लेखनीय रहेका छन् । नेपाली उपन्यासको क्षेत्रमा नयाँ मूल्य र मान्यता भित्र्याउदैं त्यस मार्फत वर्तमान प्रति विद्रोह र भविष्य प्रति फल प्राप्त गर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । वर्तमान युगसन्दर्भ अनुसारको साहित्यकारका रूपमा स्थापित हुन आफ्नो क्षमता देखाउदै अघि बढेका र आफूलाई एउटा प्रयोगधर्मी साहित्यकार बनाउन सफल भएका देखिन्छन् ।

**'टुँडाल'** उपन्यासको कथावस्तु सांस्कृतिक मनोविज्ञानमा झल्किदै आएका कला र संस्कृतिमा रहेको बिम्ब हो । प्राचीनकालदेखि अहिलेको समसामहिक रूपमा समाज देखिने

नारी यौनशोषणलाई देखाउन खोजिएको छ । समाज जे-जति परिवर्तन आएपनि अझै पनि पुरुषहरूले नारीलाई यौनको पिपासु बनाउन छोडेका छैनन् र त्यस्तो चेतनलाई विस्तार गरी माथि पनि उठ्न सकेका छैनन् । यसमा नारीहरूको कथा, व्यथा र कारूणिताको चित्रण राम्रोसँग गर्नुका साथै देशमा भैरहेको आँतङ्कको बारेमा समेत चर्चा गरेका छन् । सुस्मिताको जीवनको यात्राको आत्मवृत्तान्त नै यस उपन्यासको कथा वस्तु हो । उपन्यासले प्रेम, यौन र भूकम्प अनि राजनीतिक विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएको छ । यस उपन्यासमा सुस्मिताको जीवन भोगाई र त्यसको चित्रणबाट वा सेरोफेरोबाट सिङ्गो कथावस्तु सिर्जना गरिएको छ । उपन्यासमा विविध घटना स्थानहरूको संयोजन गरी अघि रहेको देखिन्छ ।

**'टुँडाल'** उपन्यासको कथावस्तु अगाडि बढाउनको लागि चरित्रचित्रण महत्त्वपूर्ण भूमिका रहेको छ । यसका कतिपय पात्रहरू यथार्थ हुन् भने कति काल्पनिक पनि छन् र सन्दर्भ अनुसार पात्रहरूलाई समावेश गरिएको छ । यस उपन्यासका प्रत्येक पात्रको व्यक्तित्त्व विकास र उनीहरूले जीवनमा भोग्नु परेका विविध समस्या र कष्ठहरूलाई प्रस्तुत गरिएको छ ।

देश, काल र परिवेशको सन्दर्भमा हेर्दा यस उपन्यासले अमेरिका नेपाल भित्रका विभिन्न ठाउँलाई वा क्षेत्रलाई समेटेको छ । खास रूपमा भक्तपुर जिल्लामा रहेका मठ मन्दिरमा कुँदिएका टुँडालहरूको व्याख्या गरिएको छ । सुस्मिता, सुस्मिताको आमा (उपमा) सुस्मिताको बाबु प्रवीणले जुन-जुन ठाउँको यात्रा गरेका छन् त्यहाँको सुन्दर परिवेश पनि समेटिएको छ । यस उपन्यासले समसामयिक (तत्कालिन) परिवेशलाई यथार्थ रूपमा उत्तार्ने प्रयास गरेको छ । नारीले यौनको नाममा भोग्नु परेका कथा, व्यथा, अन्याय, अत्याचारका विरद्ध अगाडि बढ्नु पर्ने सन्दर्भलाई वर्तमान समसामयिक नारी जीवनसँग जोडिएको छ । यस उपन्यासले बहुदलीय व्यवस्था पछि पनि जनताले आफ्नो अधिकार नपाएको कुरालाई समेत यथार्थ रूपमा प्रस्तुत गरिएको छ । देश भित्र रहेका विभिन्न ठाउँको धार्मिक स्थलहरु र त्यहाँको सौन्दर्य भौगोलिक स्थितिलाई समेत यस उपन्यासले समेटेको छ । संवादले चरित्राचित्रणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छ । यस उपन्यासका लामा-छोटा दुवै संवाद पाइन्छन् । सुस्मिता र रविन बीच, श्यामल र सुस्मिता बीच शर्माजी र सुस्मिता बीच उमा र सुस्मिता बीच (सुस्मिता र अन्यपात्र बीच भएको संवाद छ) **'टुँडाल'** उपन्यासको संवाद पनि पात्र-पात्र बीचको सन्दर्भ अनुरूपनै राखिएको छ । उपन्यासमा छलफल गर्ने क्रममा

संवादको प्रयोग गरिएको छ । संवादकै कारणले गर्दा उपन्यास प्रभावकारी र मनोरञ्जनात्मक बनेको छ । त्यसका साथै विश्वासनीय र यथार्थको नजिक उपन्यासलाई पुऱ्याउनका लागि संवाद सफल भएको छ ।

उपन्यासमा प्रयोग गरिएको भाषा परिष्कृत परिमार्जित छ । संवादमा आएका भाषा प्रत्यक्ष कथनमा छ । वर्णनात्मक शैली रहेको छ ।

हाम्रो नेपाली समाजमा नारीले भोग्नुपरका समस्याहरूलाई प्रतीकात्मक ढंगले प्रस्तुत गरिएको छ । त्यसका साथै एकोहोरो प्रेमले व्यक्तिको मानसिकतामा पर्ने असर र प्रेमोख्यान प्रस्तुत छ । उपन्यासकारले सुस्मिताको माध्यमबाट आफ्नो प्रेमसम्बन्धी धारणालाई देखाएका छ । हाम्रो कला र संस्कृतिमा झल्किदै आएको यौनबिम्बलाई प्रस्तुत गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेका देखिन्छ ।

**'टुँडाल'** उपन्यासको दृष्टिविन्दु आन्तरिक तथा बाह्य दुवै देखिन्छ । उपन्यासमा सुस्मिता स्वयम् (म पात्र) कथाको समाख्याता रहेको हुँदा अधिकांश भाग केन्द्रीय प्रथम पात्रको वर्णन गरेकाले यस उपन्यासको दृष्टिविन्दु आन्तरिक केन्द्रीय रहेको पाइन्छ ।

**'टुँडाल'** उपन्यासले परम्परागत मूल्य मान्यताको पुनरावृत्ति नभई एउटा नयाँ प्रयोगवादी उपन्यासको रूपमा आफूलाई चिनाएको छ । उपन्यासको संरचना चरित्र विधान, परिवेश प्रस्तुतिकरणको शैली आदिमा समेत अत्याधिक रुपमा नयाँ नौलोपना पाउन सकिन्छ । चरित्रमा पाइने प्रयोगधर्मिता, ऐतिहासिक वा साँस्कृति मनोविज्ञानमा आधारित कथावस्तु आदिले **'टुँडाल'** उपन्यासलाई अन्य उपन्यास भन्दा फरक तुल्याएको छ । लीलालेखन विनिर्माण निस्सारता र जीवनलाई हेर्ने नयाँ दृष्टिकोणले हेर्दा पनि टुँडाल उपन्यासलाई प्रयोगवादी उपन्यास हो  भन्न सकिन्छ ।

## निष्कर्ष

आधुनिक नेपाली उपन्यास विधामा नयाँ प्रयोग र प्रवृत्तिलाई भित्र्याउने उपन्यासकारहरू मध्ये कृष्ण धरावासी एक हुन् । उपन्यासकार कृष्ण धरावासी विभिन्न संघसंस्थाबाट सम्मानित र पुरस्कृत भएका छन् । (२०६२) सालमा **'राधा'** उपन्यासबाट मदन पुरस्कार हात पारिसकेका छन् । जुन उपन्यास आधुनिक नेपाली उपन्यासमा नयाँ मोड धाराको रूपमा देखा पर्दछ । यसले उपन्यासको परम्परागत मूल्य मान्यतालाई तोड्दैं नयाँ मूल्य र मान्यता अनि नयाँ लेखनशैलीलाई आफूभित्र समाहित गरेको छ । आधुनिक नेपाली उपन्यासको फाँटमा कृष्ण धरावासीको आफ्नै परिचय छ । धरावासीको औपन्यासिक प्रवृत्ति वा विशेषतालाई यस शोधपत्रमा उल्लेख गरिएको छ । लीलालेखन विनिर्माण मनोविश्लेषण, नारीवाद, यथार्थवादी युग सान्दर्भिकता, उत्तर आधुनिकता आदि उपन्यास समाहित भएका प्रवृत्ति वा विशेषता हुन् ।

## योगदान र मूल्याङ्कन

वि.स. २०१७ साल साउन २ गते पाँचथरको अमरपुर ७, फलाँटेमा जन्मिएका कृष्ण धरावासीको स्थायी बसोबास झापाको शनिश्चरेमा रहेको छ । स्नातकसम्मको औपचारिक अध्ययन गरेका कृष्ण धरावासीको वास्तविक नाम भने कृष्णप्रसाद भट्टराई हो । साहित्यिक नामले सुपरिचित धराबासीको ५ वटा उपन्यास मध्ये पछिल्लो उपन्यास **'टुँडाल'** हो । २०६२ सालमा **'राधा'** उपन्यासबाट मदन पुरस्कार पाएका धरावासी सानै उमेर देखि साहित्य सिर्जनामा समर्पित देखिन्छन् । समालोचना, कविता सङ्ग्रह, कथासङ्ग्रह, निबन्धसङ्ग्रह र उपन्यास गरी उनका हालसम्म १६ वटा कृति प्रकाशित भईसकेका छन् । **'टुँडाल'** उपन्यासमा नेपाली मठमन्दिरको काष्ठकलामा देखिएको यौनबिम्बलाई प्रमुख विषयवस्तु बनाएको छ । नेपाली नारीले भोग्नु परेका यौन सम्बन्धी समस्याहरूलाई यथार्थ रूपमा सविस्तार वर्णन गरेका छन् । एउटा नारी एकदिन बाहिर बसी भने त्यसले कस्तो आरोप प्रत्यारोप खप्नु पर्छ भन्ने कुरालाई समेत उपन्यासकारले खुलेर व्याख्या गरेका छन् । धनसम्पतिको लोभमा आज कयौं नारी विदेशमा यौन शोषणमा होमिन परिरहेको छ भन्ने यथार्थ चित्रण गरिएको छ ।

धरावासीले **'टुँडाल'** उपन्यासमा लीलालेखनको प्रयोग गरी जीवनलाई नयाँ ढंगले कुनै अनुसन्धान पद्धतिलाई आत्मसात गरेका छन् । पाश्चात्य साहित्यका साहित्यकार ज्याक डेरिडाको विनिर्माणबाट भित्रिएको लीलालेखन इन्द्रवहादुर राईले कथामा र धरावासीले उपन्यासको क्षेत्रमा प्रयोग गरेका छन् । धरावासीले अहिलेसम्म जे-जस्ता कृतिहरूको सिर्जना गरेका छन् । त्यसले कुनै न कुनै रूपबाट लीलालेखनको प्रभाव ग्रहण गरेको छ । धरावासीका आख्यानात्मक कृतिहरूमा भने लीलालेखनको प्रभाव बेजोड रूपमा पाइन्छ । पूर्वीय आध्यत्मिक परम्परा प्रति बढि केन्द्रित हुने धरावासीले जटिल संरचनालाई पनि लीलालेखन र आफ्नो कलात्मकताद्वारा सरल रूपमा पाठकलाई बुझाउन र लेख्न सफल भएका छन् । नयाँ प्रयोगलाई कृतिमा भित्र्याउन सक्नु उनको आफ्नो मौलिक विशेषता हो । यौनमनोविज्ञानलाई समेत सहज ढंगले प्रस्तुत गर्ने सक्ने क्षमता भएका प्रतिभावान् वा मेधावी साहित्यकारका रूपमा धरावासी सुपरिचित छन् ।

आफूले जीवनमा देखेका, भोगेका र अनुवभ गरेका घटनाहरूलाई मध्यनजर राखी प्रायः जसो सबै कृतिहरूको सिर्जना गर्नु उनको ध्येय हो । उनले आफ्नो कृति मार्फत समाजको पुरुषले यौनको नाममा महिला माथि गरेको शोषण, अन्याय, अत्याचार अनि राजनीतिक विसङ्गति साथै समाज शोषण, वर्तमान समाजप्रति विद्रोह र भविष्यप्रति सुधारको आशा राखेको देखिन्छ । पाश्चात्य साहित्यमा यौनको धारणा भन्दा पहिला पूर्वीय साहित्यमा यौनसम्बन्धी धारण रहेको हुनाले पाश्चात्य दृष्टिकोणबाट मात्र यौनलाई नहेरी पूर्वीय आध्यात्मिक दर्शनबाट पनि यौन प्रभावित छ भन्ने कुरा पुष्टि गर्न खोजेका छन् । धरावासीले पाश्चात्य र पूर्वीय यौन सम्बन्धी धारणासँग सँगै लिएर जानु पर्ने धारणा प्रस्तुत गरेका छन् । अमूर्त लेखन, आयामेली आन्दोलन प्रति झुकाव राख्ने र नेपाली उपन्यासको क्षेत्रमा नवीन शैलीलाई भित्र्याउन सफल साहित्यकारका रूपमा धरावासी चिनिन्छन् ।

नेपाली साहित्यमा लीलालेखनलाई मूलकेन्द्र विन्दु बनाइ युग सुहाउँदो साहित्यकारका रूपमा स्थापित भएका धरावासीले आफ्नो युवा जगतको प्रतिनिधित्व गर्दै साहित्यमा साधनारत छन् । नवीन शैलीको प्रयोग, विश्रृङ्खलित कथावस्तु त्यति हुदाँ हुँदै पनि सरल र सहज भाषाशैली उनको औपन्यासिक प्रवृत्ति हो ।

कृष्ण धरावासी आधुनिक नेपाली साहित्यका पछिल्लो पुस्ताका उपन्यासकार हुन् । उनका मिथकीय उपन्यासका आधारमा विश्वेश्वरप्रसाद कोइराला र राजेश्वर देवकोटा

नजिक देखिए पनि विविध हिसाबले उनीहरूभन्दा उनका कृतिहरू फरक र भिन्न छन् । आधुनिक नेपाली उपन्यास परम्परामा प्रयोग परक लेखक ध्रुवचन्द्र गौतमका नजिक राख्न सकिने धरावासीका उपन्यासहरू पूर्ववर्ती कसैले पनि नअपनाएको नौलो नयाँ बाटो अबलम्बन गरी आफूलाई अग्रता दिलाएका छन् ।

साहित्यिक कृतिका आधारमा आधुनिक उपन्यास परम्परामा नयाँ शिल्पशैलीका साथै नवीन विचार धारालाई भित्र्याउन सफल उपन्यासकारका रूपमा देखा परेका छन् । निरन्तर रूपमा साहित्य साधनलाई अघि बढाउने क्रममा रहेका धरावासीबाट पनि नयाँ प्रवृत्तिको आरम्भ हुने सम्भावना प्रवल छ भन्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची

## पुस्तकसूची


गौतम, कृष्ण, (२०५०) **'आधुनिक आलोचना अनेक रूप, अनेक पठन',** ललितपुर : साझा प्रकाशन ।

थापा., हिमांशु (२०५०) **'साहित्य परिचय'** (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

धरावासी, कृष्ण (२०४८) **'बालक हराएको सूचना'**, झापा : विचार प्रकाशन ।

______ (२०५०) **'उन्मुक्तिका आवाजहरू',** झापा : सासंक (शशाङ्क) प्रतिष्ठान ।

______ (२०५३) **'नारी भित्र त्यस्तो के छ हजुर'**, काठमाडौं, ने.रा.प्र.प्र. ।

______(२०५३) **'लीलालेखन'**, काठमाडौं, बसुन्धरा प्रकाशन ।

______ (२०५५) **'उत्तमजङ्ग सिजापतिको आलु',** लेखक स्वयम् ।

______ (२०५७) **'शरणार्थी'** (दो.सं.) झापा, नियात्रा प्रकाशन ।

______(२०५८) **'विश्वेश्वरप्रसाद कोइालाका उपन्यासहरू'** (दो.सं.) काठमाडौं, पैरवी वुक्स एण्ड स्टेशनरी सेन्टर ।

______ (२०५९) **'आधाबाटो',** झापाः नियात्रा प्रकाशन ।

______ (२०६०) **'झोला'** कथा सङ्ग्रह, अशोक राई ।

______ (२०६२) **'कान्छी राधा',** झापा, निर्माण व्यावसायी संघ ।

______ (२०६३) **'पाठकको अदालतमा'**, झापाः नियात्रा प्रकाशन ।

______ (२०६३) **'राधा'** (दे.सं.) ललितपुरः साझा प्रकाशन ।

______ (२०६३) **'तेस्रो आयाम र वैरणी काइँला',** काठमाडौं : पैरवी हाउस ।

______ (२०६३) **'तपाईं',** काठमाडौंः पैरवी बुक हाउस ।

न्यौपाने, टंकप्रसाद (२०४९) **'साहित्यको रूपरेखा'** (दो.सं.) काठमाडौं साझा प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६२) **'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद',** काठमााडौं नेपाली आख्यान समाज

पौड्याल, कृष्णविलास (२०५९) **'नेपाली आख्यान र नाटक'** काठमाडौं : नवीन प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५६) **'नेपाली उपन्यास र उपनयासकार'**, पुलचोक : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६) **'उपन्यासको सौन्दर्यशास्त्र'**, पुलचोक : साझा प्रकाशन ।

बराल, कृष्णहरि, नेत्र एटम (२०५८) **‘उपन्यास सिद्धान्त र नेपाली उपन्यास सिद्धान्त र नेपाली उपन्यास’** दो.सं. ललितपुर : साझा प्रकाशन ।

बस्नेत, कृष्णबहादुर (२०५९) **‘आधुनिक नेपाली उपन्यास’**, काठमाडौं दीक्षान्त पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६२), **‘उत्तर आधुनिक ऐना’** (दो.सं.) काठमाडौं, रत्न पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर (सन् १९८९) **‘कठपुतलीको मन’**, कलकत्ता, श्रीमती इन्द्र प्रधान (२०५०), **नेपाली उपन्यासका आधारहरू** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

**रेग्मी, मुरारीप्रसाद (२०५०) ‘मनोविश्लेषणात्मक समालोचना’** (उपन्यास खण्ड) दो.सं. काठमाडौं साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६२) **‘शोधविधि’** (ते.सं.) पुलचोक : साझाप्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४०) **‘नेपाली साहित्यको संक्षिप्त इतिहास’** (दो.सं.) काठमाडौं साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०४३) **‘स्रष्टा सृष्टि द्रष्टा दृष्टि’** काठमाडौ : साझा प्रकाशन ।

______ (२०५३) **‘नेपाली उपन्यास’** : परम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन ।

______ (सम्पा) (२०५६) **‘स्नातकोत्तर नेपाली कथा’** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

## ख पत्रिकाहरू

अधिकारी, दीपक (२०६३) **‘उत्तर आधुनिक राधा’** कान्तिपुर कोसेली, वर्ष १४ अङ्क १६१ पृष्ठ ख ।

अनमोलमणि (२०६४) **‘धराबासी लीला र तपाईं’** नेपाली समाचारपत्र सौगात, वर्ष १२, अङ्क १०१ पृ.घ ।

एटम, नेत्र (२०६०) **‘कठपुतलीको मनमा विनिर्माण/लीलालेखन’** Humanizes and Social Science Journal, Volume No. 2 पृ. ४५-५५ ।

चालीसे नारायण २०६६ ‘धरावासीको टुँडाल’ इन्द्रेणी वर्ष ८, अङ्क ३३८, पृ. २ ।

ढकाल, नारायण (२०५६), **‘शरणार्थी : त्रासद मिथकहरूको नवीकरण’** मूल्याङ्कन, वर्ष १८, पूर्णाङ्क ७७, पृ. ५५ ।

ढुङ्गाना, मिलनकुमार (२०६२) **'शरणार्थी उपन्यासमा लीला खोज्दा'** वनिता/लीला विर्मश विशेषाङ्क, वर्ष ६, पूर्णाङ्क २३, पृ. १५५-१७८ ।

देवकोटा, नारायण  (२०६६) **'नारी आँखाबाट टुँडाल नियाल्दा'** अन्नपूर्ण पोष्ट वर्ष ८, अंक १७, पृ. ६ ।

धरावासी, कृष्ण (२०६२) **'समसामयिक नेपाली उपन्यास प्रयोग र प्रवृत्ति'** गरिमा वर्ष २३, अङ्क ९, पूर्णाङ्क २७३, पृ. ५१-६०) ।

______ (२०६६) **'ईश्वरको नाममा शपथ खानेहरु'** समय, राष्ट्रि साप्ताहिक वर्ष ५, पूर्णाङ्क २११, पृ. ५० ।

______(२०६६) **'फ्रायडवादसँग नेपाली यौन मनोविज्ञान मेल खादैंन'** अन्नपूर्ण पोष्ट शनिबारे परिशिष्टांक वर्ष ८, अंक १०, पृ. २ ।

**'बीस दिनमै लेखें उपन्यास'** नागरिक वर्ष १, अंक १६, पृ. ३ ।

नेपाल, रत्न (२०६३) **'अर्थको एक चिप्लाइ'** समय वर्ष ३, अङ्क १२५, पृ. ५१ ।

नेपाल रत्नमणि (२०६४), **'राज्यले नचिनेका अनुहारहरू'** समय राष्ट्रिय साप्ताहिक ।

बराल, ऋषिराज (२०५१) **'लीलालेखन अर्थात फर्मुलावाद लेखन'** गरिमा वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, पृ. ३९५-५० ।

भट्टराई, बेनुपराज (२०६६) **'धरावासीको टुँडाल'** कान्तिपुर वर्ष १८, अकं २२, पृ. ५ ।

भट्टराई, विष्णुकुमार (२०६०), **नेपाली उपन्यासको सय वर्ष 'आधाबाटो'** म आइपग्दा गरिमा वर्ष २२, अङ्क २५, पूर्णाङ्क २५४, पृ. ५३-६० ।

मल्ल, मुकेश (२०६२), **'उत्तरआधुनिकता र यसको ग्रहणकर्ता,'** गरिमा वर्ष २३, अङ्क ९, पूर्णाङ्क २६३, पृ. ७५-८५ ।

राई, इन्द्रबहादुर (२०३४) **'भ्रान्तिहरू र लीलालेखन मात्र'** रुपरेखा वर्ष १८, अङ्क ८, पूर्णाङ्क २००, पृ. ९५-१०१ ।

मिश्र, बजयन्ती (२०६३) **'राधालाई चिठी'** पूर्व सन्देश, वर्ष १, अङ्क २४१, पृ. २ ।

लामिछाने, जीवा (२०६३), **'मोफसलको सिर्जना र धरावासी'** हिमाल वर्ष १६, अङ्क १२, पूर्णाङ्क १८, पृ. १०२-१०४ ।

सिलवाल, छविरमण (२०६६) **'टुँडाल नजिकबाट हेर्दा'** विक्ली पोष्ट वर्ष १, अङ्क ३१, पृ. १० ।

सुवेदी, राजेन्द्र (२०६३) **'विनिर्माण गरिएको आधुनिक पुराण'** नेपाल वर्ष ७, अकं ४, पृ. ५० ।

श्रेष्ठ, दयाराम (२०४९) **'कथाकार इन्द्रबहादुर राईको लीलालेखन'** रश्मि वाङमय विशेषाङ्क पृ. ५३-५९ ।

## ग शोध प्रबन्धहरूको सूची

घिमिरे, भवनाथ (२०६४), **'राधा उपन्यासको कृतिपरक अध्ययन'** स्नातकोत्तर शोधपत्र (अप्रकाशित), त्रिभुवन विश्वविद्यालय, रत्नराज्य क्याम्पस काठमाडौं ।

पोखेल, विष्णुलाल (२०५४), **'साहित्यकार कृष्ण धरावासीको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन'** स्नातकोत्तर शोधप्रबन्ध (अप्रकाशित) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढुङ्गाना, मिलनकुमार (२०६०), '**शरणार्थी उपन्यासको कृतिपरक अध्यायन**' स्नातकोत्तर शोध प्रबन्ध (अप्रकाशित), त्रिभुवन विश्वविद्यालय, मेची क्याम्पस झापा ।

लामिछाने, ऋषिराज (२०६२) : **'कृष्ण धरावासीको उपन्यासकारिता र विश्लेषण'** स्नातकोत्तर शोध प्रबन्ध (अप्रकाशित), त्रिभुवन विश्वविद्यालय, विराटनगर ।